“पञ्ञा नरानं रतन”

# परियत्तिशिक्षा

## परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष

### (कक्षा १०, चतुर्थ पत्र)

(प.स.पा. को कोविद अन्तिम वर्षको पाठ्य-पुस्तक)

पूर्णाङ्क १००, उत्तीर्णाङ्क ४०


१) बोधिपक्खिय दीपनी - ३५ अंक, १५ घण्टा पेज २

२) बौद्ध दर्शनको परिचय

(विज्ञानवाद र माध्यमिक) - ३० अंक, १४ घण्टा पेज ४१

३) बौद्ध संस्कृति - ३५ अंक, १८ घण्टा पेज ५२


Dhamma.Digital

संकलन

भिक्षु निग्रोध स्थविर



Downloaded from http://dhamma.digital/

चतुर्थ परिच्छेद

# चार इद्धिपाद

म अब **इद्धिपाव**का छोटकारी विवरण प्रस्तुत गर्दछु ।
“**इज्झनं इद्धि ।** ”
**इज्झनं** = परिपूर्णता ; **इद्धि** = पूर्णिता
अर्थात् परिपूर्णता अथवा परिफ्क्वता ।
बुद्ध-शासनमा पाचँ प्रकारका **इद्धि** छन् । ती हुन् -

१) **अभिञ्ञेय्येसु धम्मेसु अभिञ्ञासिद्धि,**
२) **परिञ्ञेय्येसु धम्मेसु परिञ्ञासिद्धि,**
३) **पहातब्बेसु धम्मेसु पहानसिद्धि *,**
४) **सच्छिकातेब्बेसु धम्मेसु सच्छिकिरियासिद्धि, ****
५) **भावेतब्बेसु धम्मेसु भावनासिद्धि ।**

१) विशेष रुपले थाहा पाउन योग्य नाम (मा,चित्त) स रुप (भौतिक तत्व) धर्ममा विशेष ज्ञानको अवबोधताको परिपूर्णता ।
२) छुट्टा-छुट्ट गरी थाहा पाउन योग्य दुःख -सत्य धर्ममा छुट्टा-छुट्टै गरी अवबोधताको पूर्णता ।

---

* **पहानासिद्धि (अंग्रेजी),**
* **सच्चिक्रियासिद्धि (बर्मी) ।**

३) परित्याग गर्नु पर्न समुदय-सत्य धर्ममा पा्यिागको परिपूर्णता ।
४) साक्षात्कार गर्न योग्य निरोध सत्य धर्ममा साक्षात्कारको परिपूर्णता ।
५) वृद्धि गर्न योग्य निरोध गामिनी प्रतिप्रदा मार्ग सत्य धर्ममा अविवृद्धिको परिपूर्णता ।
१) **अभिञ्ञासिद्धि**को अर्थ हो - बुद्ध-शासनमा रहेर पनि थाहा नपाइएका **परमत्थ-धम्म** (परमार्थ-धर्म) का स्वरुपको स्वभावलाई भिन्न भिन्न रुपले अवबोधताको परिपूर्णता । **अभिधम्मत्थसंगह** (अभिधर्मका महत्वपूर्ण सिद्धान्तका संग्रह) मा राम्रो ज्ञान हुनु **अभिञ्ञासिद्धि** हुन् ।
२) **परिञ्ञासिपद्धको** अर्थ हो-दुः ख-सत्य धर्म मध्ये कुनै एक धर्मलाई **लक्खण** (लक्षण), **रस** (रस), **पुच्चुपट्ठान** (पुत्युप्रस्थान) **र पदट्ठान** (पदस्थान) को ज्ञानद्वारा पनि, **अनिच्चदुक्ख र अनत्ता**को भावद्वारा पनि भित्र भित्र प्रकारको अवबोधताको परिपूर्णता ।
३) **पहानसिद्धि**को अर्थ हो-**समुदय-सच्च**मा (दुः ख- समुदय आर्य-सत्यको) **किलेस** (कलेश) लाई हटाउनको परिपूणता । यस पुस्तकमा बुद्ध-शासनमा मुत्त भएका आर्य पुद्गलहरु मध्ये हीन र प्राय : गरी **वट्टाभिरत** रत्रोतापत्रलाई प्रधानता दिइएको कारणले **सक्काय-दिट्ठि** हटाउनको परिपूर्णतालाई **पहानसिद्धि** भनिन्छ । **विचिकिच्छ** (विचिकित्सा, शङ्का) लाई हटाउने कार्य पनि **सक्काय-दिट्ठि** नष्ट गर्दा यसैमा समावेश भएको हुन्छ ।
४) **सच्छिकिरियासिद्धि**को अर्थ हो-**अज्झतिक सन्तान**मा क्रमिक रुपले निहित भएको ‘क्लेश निरोध हुने’ सत्यलाई शरीरले पनि साक्षात्कार गर्नुको परिपूर्णता ।



Downloaded from http://dhamma.digital/

५) **भावनासिद्धि**को अर्थ हो- **लोकुत्तर मग्ग-सच्च** (दुः ख अन्त गर्न लोकुत्तर मार्ग) प्राप्त नभएसम्म **सील, समाधि र पञ्ञा** तीन शिक्षको अभिवृद्धि गर्द लैजानु ।

**विसुद्धि**को क्रमानुसार **इद्धि**लाई वर्गीकरण गरिएमा **सीलविसुद्धि**मा **चतुपारिसुद्धि सील**ले पूर्ण भएको **इद्धि** चार हुन आउँछन् । **चत्त-विसुद्धि, परिकम्म सभाधि** र **उपाचार समाधि** सहित आठ **समापत्ति**ले पूर्ण भएको **इद्धि** आठ हुन आउछँ । **इद्धिविध अभिञ्ञा,** आदि पाचँ **लोकिय अभिञ्ञा**को पूर्णता नै पाचँ **इद्धि** हुन् । **पञ्ञाविसुद्धि**मा **दिट्ठि-विसुद्धि**ले पूर्ण भएको एक **इद्धि** समावेश हुन आउछँ । यसरी नै अरु इद्धिहरुको विषयमा बुझ्नु पर्दछ ।

बुद्ध-शासनमा पाचँ **इद्धिको** वर्गीकरण समाप्त ।

**इद्धिपाद - -**

**"इद्धिया पादो इद्धिपादो ।"**

**इद्धिया** = पूर्णता अर्थात् भित्र भित्र रुपले पूर्ण हुनु ;

**पादो** = मूल वा आधार । मूल वा आधार प्राप्तिको पूर्णावरुथा अथवा परिपक्वावस्था । यसर्थ यसलाई **'इद्धिपादो'** भनिन्छ ।

**इद्धिपाव** चार प्रकारका छन् । ती हुन् -

१) **छन्दिद्धिपादो -** छन्द भन्ने **इद्धि** (सिद्धि = त्रृद्धि) एक,

२) **वीरियिद्धिपादो** - चित्त भन्ने इद्धि एक,

३) **चित्तिद्धिपादो** - चित्त भन्ने इद्धि एक,

४) **यीमंसिद्धिपादो - वीमंस** वा **पञ्ञा** भन्ने **इद्धि** एक ।

१) छन्दको अर्थ हो- प्राप्त गर्न इच्छा, सिद्ध गर्न इच्छा, पुग्ने इच्छा, पूर्ण गर्न इच्छा, पारंगत हुने इच्छा । यहाँ इच्छाको तात्पर्य हुन आउँछ-प्रवल इच्छा हुनेले यस्तो विचार गर्दछ- "यस जीवनमा सम्पूर्णता प्राप्त गर्न नसकेसम्म मैले आत्म सन्तोष लिने छैन । मनैपरे पनि मैले यसलाई प्राप्त नगरी छोड्दिन ।"

**कस्सप** (काश्यप) बुद्धको [१] समयमा बनारसका राजा **धम्मसोण्ड**ले [२] यस प्रकारको इच्छा गरेको थियो । राजाले आफैलाई प्रश्न गर्थ्या -"मैले **कस्सप** बुद्धको उपदेश सुन्ने अवसर प्राप्त गर्न नसके म वनारसको राजा भइरहेर के प्रयोजन !" त्यसपछि राजाले आफ्नो राजगद्दी छोडेर **कस्सप** बुद्धको उपदेशको केही पक्ति (गाथा) मात्र भए पनि सुनाउन सक्ने मानिसको खोजीमा हिड्यो ।

---

**१. गौतम बुद्ध भन्दा पहिलेका बुद्ध ।**

**२. रसवाहिनी (जम्बुदीपुप्पत्ति-कथा)**

राजा विम्विसार, विशाखा र अनाथपिण्डिकहरु [A] लाई झैं यस्ता इच्छा सहजै प्राप्त भएमा छन्द त्यसै शान्त भएर जान्छ । अभिलाषा प्राप्त गर्न सकिने अस्पष्ट सूचना प्राप्त भई पूर्ण गर्न नसकेको खण्डमा चित्तमा चोट पर्दछ र विचार उत्पन्न हुन्छ कि अभिलाषा प्राप्त नगरीकन जीउनु भन्दा मर्नु जाती ।



Downloaded from http://dhamma.digital/

राजा तेमिय [B], राजा हत्थिपाल [C] र बुद्धकालीन राजाहरु, राजकर्मचारीहरु, महाजनहरु उदाहरण स्वरुप लिन सकिन्छ जसले आफ्ना दरवार, परिजन र अरु विलासका सामाग्रीहरु त्यागी बुद्ध-शाासनका भिक्षु जीवन घिताउन पुगे ।

---

A. **खुद्दक-पाठ, ७ तिरो कुट्ट-सुत्त (P 8, 6th. syn. Edn.)**
**खुद्दक-पाठ अट्ठकथा, तिरोकुट्ट सुत्त वण्णना । (P. 160, 6th. syn. Edn.).**
**विशाखा र अनाथपिण्डिक, धम्मपद अठ्ठकथा गाथा १ ।**

B. **खुद्दक निकाय, जातकपालि बुक II, मूगपक्ख जातक (P. 149, 6th. syn. Edn.)**

C. **खुद्दक निकाय, जातक पालि बुक I, हत्थिपाल जातक (p. 351, 6th. syn. Edn.)**

२) **वीरिय**को अर्थ- माथि उल्लेख गरिएका चार अङ्गले युक्त भएको वीर्यलाई **सम्मप्पथान-**वीर्य भनिन्छ । यस वीर्यले प्रेरित व्यक्तिको विचार हुन्छ कि उद्योगाभ्यासद्वारा लक्ष्य प्राप्त गर्न सकिन्छ । कसैले उसलाई 'यो प्राप्त गर्न कठिन पर्छ' भने तापनि ऊ निरुत्साहित हुदैंन । जतिसुकै कष्ट भोग्नु परे पनि उसले कष्ट सम्भन्दैन । कसैले उसलाई 'निकै दिन महिना र वर्ष सम्म पनि उद्योग गर्नु पर्नछ' भन्ना साथ तिनीहरु डराउँछन् । "निकै समयसम्म एकाग्रतालाई जोगाउनु पर्दछ' भने पनि तिनीहरु पछि हट्छन् । तिनीहरु 'भाङ्ग भित्र पस्न डराउने सेता कुकुर' (साना जातका कुकुर) समान हुन् । सेता कुकुरहरु एक हात उचाई भएको भाङ्गमा पस्न डराउँछन् । किनभने'त्यहाँ चितुवा, बाघ र हात्तिहरु लुकिरहेका होलान्' भनी ठान्दछन् ।

३) चित्तको अर्थ-व्यक्ति शासनमा आई धर्मको कुरा सुन्दा इद्धिमा जुन अनुराग उत्पत्र हुन्छ त्यो त्यही चित्त हो । यो अनुराग अति उत्साहवर्द्धक र तीब्र हुन्छ ।

संसारको सौन्दर्य र विलासका सामाग्रीको बीचमा रहेता पनि, शक्ति र सौभाग्य प्राप्त हुने भए पनि, पवित्र ग्रन्थहरु अध्ययन गर्न मौका प्राप्त भए पनि (ती कुनै पनि वस्तुले) त्यस व्यक्तिलाई मोहित पार्न सक्तैनः बरु त्यसको मन सदा **इद्धि** प्राप्त गर्नतिर भकिरहन्छ । **इद्धि**संग सम्वन्धित वस्तुहरुसंग आत्मसात् गर्न पाएका मात्र उसले सन्तोष लिंदछ र आनन्द अनुभव गर्दछ । जस्तो सुनार (रासायनिक अभ्यास गर्न मानिस) ले मूल धातुलाई सुन वा चादीँको परिवर्तन गर्न लागिरहन्छ त्यस्तै अवस्था यसको हुन्छ । यस्तो रासायनिक कर्ताको रासायनिक शास्त्रमा बाहेक अन्त कतै ध्यान जाँदैन । उसले सुत्न वा खान पनि बिर्सन्छ : अथवा चित्तका अनुराग यस्तो स्वभावको हुन्छ ।

४) **वीमसं**को अर्थ- **'अपाय** दु: ख र **वट्ट**-दु: ख साह्रै भयंकर छ [I] भनी देख्ने सक्ने ज्ञान । यस प्रज्ञा (ज्ञान) ले **इद्धि**को आनिशंसालाई देख्न सक्ने, गम्भीर र कठिन धर्ममा भिज्न सक्ने र त्यस स्वाभावसंग मिल्न सक्ने ज्ञान । यस्तो प्रज्ञाले युक्त व्यक्ति **इद्धि**को विषय बाहेक अरु कुनै पनि सांसारिक विषयमा आनन्द अनुभव गर्दन । उसले केवल गम्भीर र महान **इद्धि** प्राप्तिमा मात्र सुखानुभूति पाउँदछ । जति जति गम्भीरता र महानता उपलब्ध हुन्छ उति उति त्यसलाई प्राप्त गर्न उसको इच्छा बढ्दै जान्छ ।

---

I. **नरकको दुःख र संसारमा बार बार जन्म लिनु पर्ने दुःख ।**



Downloaded from http://dhamma.digital/

व्यक्तिको यस जीवनमा यी चार **इद्धिपाद** मध्ये कुनै एकले युक्त भएमा त्यसले **कायगता सति** भावनाको स्थापनादेखि लिएर **चित्त-विसुद्धि,दिट्ठि-विसुद्धि,** आदि शासनको उच्च अवस्थालाई पनि प्राप्त नगरिकन बस्न सक्तैन । यी **इद्धिपाद**हरु मध्ये कुनै एक **इद्धिपाद**ले कहिल्यै पनि युक्तं नभएको व्यक्तिहरुको जीवनको अबोधता र गम्भीरतालाई पनि विभेद गर्न नसकिने हुन्छन् : तिनीहरु दोधारमा परी कुनै उद्योगाभ्यासमा लाग्न नसकिने हुन्छन् ।

यी चार **इद्धिपाद** मध्ये कुनै एकले युक्त भएको व्यक्ति उसको पारमी अनुसार यस जीवनमा अथवा अर्का भावमा (जम्ममा) देवता भई **लोकुत्तर इद्धि** प्राप्त गर्न पुग्दछ । दुइ, तीन वा चार **इद्धि**हरुले संयुक्त भएकाहरुका लागि त कुरै भएन ।

कुनै एक **इद्धिपाद**ले पनि संयुक्त नभएका (कुनै पनि **इद्धि**बाट टाढा रहेका) व्यक्तिहरुले यी **पाद**हरु मध्ये एक न एक **पाद** प्राप्त गर्न कोशिश गर्नु पर्दछ । **सतिपट्ठान** आदि शासनका महान उपलब्धीहरु प्राप्त गर्न अनिच्छुक भएकाहरु 'अपाय लोकका भागी बन्नु पर्न हुन्छ' भनी जानी, बुझी **सुतन्त** पिटक अध्ययन गर्नु पर्दछ जसबाट **छन्द** उत्पत्र हुन सकोस् । तिनीहरु त्यस्तो गुरुको समक्ष पुग्नु पर्दछ जसले **छन्द** उत्पत्र गराउन सक्तन्छ र उस माथि निर्भर रहन सक्तछ ।

अत : भगवान बुद्ध भन्नु हुन्छ - -

**"छन्दिद्धिपादं भावेति,**
**वीरियिद्धिपादं भावेति,**
**चित्तिद्धिपादं भावेति,**
**वीमंसिद्धिपादं भावेंति ।"**A

अर्थ - - **छन्द** उत्पादको निमित्त भावना गर्नु पर्दछ ; **वीरिय** उत्पादको निमित्त भावना गर्नु पर्दछ ;**चित्त** उत्पादको निमित्त भावना गर्नु पर्दछ र **वीमंस** उत्पादको निमित्त भावना गर्नु पर्दछ ।

कोही व्यक्तिहरु **इद्धि** प्राप्त गर्न कुरो त टाढै रहोस् ; **इद्धिपाद** पाउनेसम्म पनि कोशिश गर्दनन् । **'छन्द** नभएकाहरुले **छन्द** प्राप्त गर्नु पर्दछ' भन्ने कुरा सुन्दा हतोत्साह हुन्छन् । **वीरिय, चित्त र वीमंस**मा पनि यस्तै **पाद**हरु छन् भनी जान्नु ।

नियमित रुपले मन **कायगता-सति** (भावना) मा लगाउनु नै चित्त आफ्नो अधीनमा वसाल्नु हो । **संवेग**[I] उत्पत्र हुने जीवन कहानी अध्ययन गर्नाले, **धुतङ्ग**[II] (सील) पालन गर्नाले र अरु यस्तै धर्मका अभ्यास गर्नाले **वीरिय** उत्पाद हुन्छ । चार **महाभूत**[A]**,** आदि गम्भीर धर्मको अभ्यारद्वारा **वीमंरस**को उत्पाद हुन्छ ।

---

**A. संयुक्त निकाय, चापाल-वग्ग, समत्त-सुत्त P.224, 6th syn. Edn.)**
**I. यस संसारको दु:ख देखेर भय उत्पन्न हुने ।**
**II. श्रमण अभ्यास ।**

**A. संयुक्त निकाय, महावग्ग संयुक्त, ७ इद्धिपाद संयुक्त, (१) चापालगग्ग, (६) समत्त सुत्त (P. 224, 6th . sy. Edn)**



Downloaded from http://dhamma.digital/

कुनै एक **पाद** स्थापित (प्राप्त) गरेमा उसको पारमीं अनुसार क्रमश : **ईद्धि**हरु प्राप्त गर्नमा निश्रित हुन आउँछ । यसकारण अर्थकथाहरुमा वर्णन गरिए अनुसार जो व्यक्ति कुनै एक **इद्धिपाद**ले संयुक्त छैनन् ती चण्डाल[1] का छोराहरु समान हुन्, जहाँ कुनै एक **पाद**ले संयुक्त व्यक्ति बादशाहका पुत्रहरु समान हुन् । चण्डालका छोराहरुले कहिल्यै पनि बादशाह हुन चिन्तै गर्दैनन् । किनभने त्यस्तो लक्ष्य प्राप्त गर्न तिनीहरुसगं कुनै आधार हुँदैनन्, कुने **पाद** हुँदैनन् । बादशाहका पुत्रहरु (राजकुमार) ले सधैं बादशाह नै हुने लक्ष्य लिन्छन् । किनभने यस्तो लक्ष्य प्राप्त गर्न आधारहरुको तिनीहरु संयुक्त भएका हुन्छन् ।

यसकारण आजका बुद्धिमान मानिसहरुले आफ्ना पारमिता अनुसार आर्य मार्ग फल प्राप्तिको निमित्त सत्काय-दुष्टिका मूल जरालाई ध्वष्ट गर्नुको लागि चार **इद्धिपाद**को जग बसाल्नु पर्दछ ।

---

**1. अछुट जाति, नीच जाति ।**

## पाचँ इन्द्रिय

**इन्द्रिय**का अर्थ हुन् - -

**"इन्दस्स कम्मं इन्द्रियं । "**

अर्थ - - **'इन्दस्स'** = अधिपतिहरुको, शासकहरुको अथवा नियन्त्रकहरुको ;
**'कम्मं'** = कार्य अर्थात् अधिपति चलाउने कार्य, शासन गर्न कार्य अथवा नियन्त्रण गर्न कार्य ;
**'इन्द्रियं'** = यसैले इन्द्रिय भनिन्छ । अर्थात् शासकहरुद्वारा शासन गर्न कार्य भएकाले **'इन्द्रिय'** भनिएको हो ।
'शासकद्वारा शासन गर्न कार्यको अर्थ हो ; जहाँ शासनकले शासन गरिन्छ त्थहाँ कसैले पनि विरोध गर्न सक्तैन ।
यस अर्थमा, शासन अथवा नियन्त्रकले जसमाथि नियन्त्रण गर्दछ, त्यही इन्द्रिय हो । यसको तात्पर्य हो - चित्तलाई नियन्त्रण गर्नु ।

**'इन्दिय'** पाचँ छन् । ती हुन् - -

१) **सद्धिन्द्रिय ,**
२) **वीरियिन्द्रिय ,**
३) **सतिन्द्रिय ,**
४) **समाधिन्द्रिय र**
५) **पञ्ञिन्द्रिय ।**

१) **सद्धिन्द्रिय**को अर्थ हो, श्रद्धाको अर्थ हो, नियन्त्रण गर्नु। श्रद्धा दुई प्रकारका छन् । जस्तै - -
क) **पकति सद्धा** (प्रकृति श्रद्धा) र
ख) **भावना सद्धा** (भावना श्रद्धा) ।



Downloaded from http://dhamma.digital/

क) **पकति सद्धा** - साधारण व्यक्तिको दान, शोल, भावनामा भएको श्रद्धा नै प्रकृति श्रद्धा हो । प्रकृति श्रद्धाले चित्तलाई नियन्त्रण गर्दछ भनेतापनि माथि उल्लेख गरिए अनुसार साधारण व्यक्तिको पागल-चित्तलाई विनष्ट गर्नमा भने यसले नियन्त्रण गर्न सक्तैन । बौलाहा-चित्त अनुसार यसले दान गरेको चित्त अनुरुप मात्र चित्तलाई नियन्त्रण गर्दछ ।

श्रद्धा नभइका मा कुशल-कर्मतिर कहिल्यै लाग्दैन किनभने साधारणलया चित्त जहिले पनि अकुशल-कर्ममा नै प्रभावित भइरहन्छ । शील-विशुद्धिलाई पूर्ण गर्नु, ग्रन्थ अध्ययन आदिमा पनि दान कार्यमा जस्तै यही कुरा लागू हुा आउँछ । प्रकृति श्रद्धाले दान, शीलको क्षेत्रमा चित्तलाई नियन्त्रण गर्दछ तर भावनाको क्षेत्रमा चित्तलाई नियन्त्रण गर्न सक्तैन ।

कर्मस्थानको अभ्यास (शमथ र विपश्यनाको अभ्यास) मा प्रकृति श्रद्धाले मनलाई नियन्त्रण गरेको हुँदैन । किनभने मन त्यस श्रद्धाबाट खुस्किएर यताउति डूल्न थाल्छ । कर्मस्थानको अभ्यासमा प्रकृति श्रद्धाले मात्र पर्याप्त हुँदैन ।

(ख) भावना सद्धा-श्वास-प्रश्वास, आदि र कर्मस्थानको अभ्यासद्वारा भावनाको अनुभूतिबाट महान वल शक्ति प्राप्त हुने श्रद्धालाई भावना-श्रद्धा भनिन्छ ।

बोधिपक्षीय-धर्ममा भावना-श्रद्धालाई सद्धिन्द्रिय भनिन्छ । कर्मस्थानको आलम्बनमा यसले मनको अस्थिरता र कम्पनलाई गायव गरी स्पष्ट र दृढ-संकल्प भएको मन प्रादुर्भाव गराई दिन्छ । सफा र स्पष्ट आलम्बनमा मात्र मनको एकाग्रता अचल रुपले स्थिर हुन सक्छ ।

श्वास-प्रश्वास, आदि कायगता-तिको अभ्यास भावना श्रद्धाको लागि जग बसाल्नु हो । श्वास-प्रश्वास, आदि कायगता सतिमा मन स्थिर गरेमा यसले भावना-श्रद्धा प्राप्त गर्न सहायता गर्दछ । यदि शमथ र विपश्यना भावनाको अभ्यास गर्दै लगेमा सत्काय-दृष्टिका तीन भूमिलाई विनष्ट गर्ने समर्थता यसै जीवनमा प्राप्त गर्न सकिन्छ । शमथ र विपश्यना भावना ठीकसंग सम्पादन गर्नको लागि धर्मका प्रकाण्ड विद्वान गुरुको आश्रय आवश्यक पर्दछ ।

(२) वीरयन्द्रिय भनेको वीर्य हो । वीर्य दुइ प्रकारका छन् ।

(क) पकति वीरिय (प्रकृति वीर्य) र
(ख) भावना वीरिय (भावना वीर्य) ।

अर्को प्रकारले विभेद गरेमा:
(अ) कायिक वीरिय (कायिक वीर्य) र
(आ) चेतसिक वीरिय (चेतसिक वीर्य)

(अ) कायिक वीरिय - प्रकृति-वीर्य श्रद्धा-वीर्य भै जान्नु । सांसारिक-विषयमा प्रचूर मात्रामा प्रकृति-वीर्य संयुक्त भएको व्यक्तिले भावना-वीर्य सजिलैसंग प्राप्त गर्न सक्तछ । **पिण्डपातिकाङ्ग** [I], **नेसाज्जिकाङ्ग** [II], **रुक्खमूलिकाङ्ग** [III] , **अब्मोकासिकाङ्ग** [IV], **सोसानिकाङ्ग** [V] – यी घुतङ्गहरु कायिक-वीय भावना हुन् ।



Downloaded from http://dhamma.digital/

**I. पिण्डपातिकाङ्ग - प्राप्त भएको भिक्षामा निर्भर रहने ।**
**II. नैषधकाङ्ग -सय्या त्याग गर्ने धुतङ्ग ।**
**III. वृक्षमूलिकाङ्ग - रुख मुनि बस्ने धुतङ्ग ।**
**IV. अम्यवकाशिकाङ्ग - खुला आकाश मुनि बस्नजे धुतङ्ग ।**
**V. श्मशानिकाङ्ग - श्मशानमा बस्ने धुतङ्ग ।**

(आ) चेतसिक वीरिय-निदाउने अवधि कम गरी सतर्क र कर्मष्ठ रही कायिक-वीर्य भावनाको अभ्यास गर् पनि भावना मनसिकारलाई उत्साहित गर्ने चैतसिक-वीर्य भएन भने आश्वास-श्वास, आदि कर्मस्थान आलम्बनमा एकाग्रता वृद्धि गर्न सकिन्दैन र इन्द्रिय र मनको स्पष्ट अनुभूति विना नै अभ्यासको अवधि व्यर्थमा लम्बिन जान्छ ।

मानिसलाई कार्यले जित्नु - जुनसुकै कार्यमा पनि मानिस लागेपछि त्यसमा चाडै ज्ञान प्राप्त गर्नु नै राम्रो र उचित हुन आउँछ । कार्यले मानिसमाथि विय प्राप्त गराउनु उचित हुँदैन । “कार्यले मानिस माथि विजय प्राप्त गराउनु’ को अर्थ हो - वास्तविक शक्ति र दिलचस्पि विना काम गर्नु, जसको परिणाम स्वरुप कुनै ठोस नतिजा ननिस्कनु र जति जति दिन, महिना वित्दै गयो उति उति अल्छि लागेर शारीरिक कृत्यमा विरक्त र उराठ लागेर आउनु । यस उराठपनले अभ्यासको वृद्धिमा सुस्ति ल्याउँछ र यस सुस्तिपनले अर्को सुस्ति थप्दछ । अनि यस कार्य नै बदले राम्रो होला कि भन्ने विचार आउँछ । यसरी उसले एक पछि अर्को कार्य बदल्दै जान्छ र वीर्यको कमिले गर्दा ‘कार्यले मानिस माथि विजय प्राप्त गर्दछ’ ।

(ख) भावना-वीरिय- कर्मस्थानको अभ्यासमा कायिक वीर्य र चेतसिक-वीर्य दुबै लगाउन सकेमा मात्र चाँडै सफलता हासिल गर्न सक्तछ । कायगता-स्मृति शुरु गरेको अभ्यासको क्षणदेखि दिन दिनै वृद्धि भएर गएको वीर्य भावना-वीर्य हो र यही वीर्यलाई बोधिपक्षीय-धर्ममा वीरियिन्द्रिय भनिन्छ । यसले कर्मस्थान भावना सुस्तिपन र अल्छिपनलाई विनष्ट गरी परम उत्साह र शक्ति दिलाउँछ । चित्तको स्वभाव यस्तो हुन्छ कि जुन आलम्बनमा लगाउनाले चित्त प्रवल हुन्छ, त्यसैमा यो रमाउँछ । त्यस पछिको भावना-वीर्यको क्रमिक वृद्धि सद्धिन्द्रियको वृद्धि जस्तै हो भनी जान्नु ।

(३) वोधिपक्षीय-धर्ममा सतिन्द्रियको अर्थ हो-श्वास-प्रश्वास, आदि शरीरको कुनै पनि भागमा कायगता-स्मृतिको अभ्यास गरेर त्यसबाट लोकुत्तर-सम्मा-सति-मग्ग (लोकोत्तर सम्यक् स्मृति मार्ग) नभएसम्म अभ्यास गरी भावना-सतिपट्ठान वृद्धि गर्नु ।

समाधिन्द्रिय र पञ्ञिन्द्रियलाई पनि यस्तै प्रकारले जान्नु ।

स्वास-प्रश्वास, आदि सतिष्ट्ठानको आलम्बन मध्ये कुनै एक आलम्बनमा भावना गर्दा समाधिन्द्रियले मनको चञ्चलता (उद्धच्च= औद्धत्यपन) दूर गर्दछ; पञ्ञिन्द्रियले कुक्कुच्च (कौकृत्य, कृत अकृतको विषयमा पश्चाताप र शङ्का) लोप गर्दछ ।

यी इन्द्रियहरु (सद्धिन्द्रिय, वीरियिन्द्रय र सतिन्द्रिय) ले राजालाई बधाई चढाई गरी प्रशंशा गर्ने व्यक्तिहरुले झैं समाविन्द्रिय र पञ्ञिन्द्रियलाई उच्च तहमा पुऱ्याई दिन्छन् ।



Downloaded from http://dhamma.digital/

कायगता-स्मृतिको अभ्यास गरी मनलाई समाधिमा लगाउन सकेपछि शमथ-भावना-मार्ग अपनाएमा समाधिन्द्रियले आठ समापत्ति प्राप्त गर्दछ भने पञ्ञिन्द्रियले इद्धिविद्ध, आदि पाँच अभिञ्ञा [I] प्राप्त गर्दछ ।

---

**I. पाँच लौकिक अभिञ्ञा हुन्-**

**i) इद्धिविद्ध (ऋद्धिविध = अलौकि शक्ति),**

**ii) दिब्ब-सोत (दिव्य-श्रोत =टाढा वा नजिकको कुरो सुन्ने अलौकिक शक्ति),**

**iii) परचित्त-विजानन (परचित्त-विज्ञान = अरुको मनको कुरो जान्ने ज्ञान),**

**iv) पुब्बेनिवास (पूर्वोनिवास = पूर्व जन्मको ज्ञान),**

**v) दिब्ब-चक्खु (दिब्य-चक्षु = टाढा वा नजिकको बस्तु देख्ने अलौकिक शक्ति) ।**

विश्यना-भावना-मार्ग अपनाएमा समाधिन्द्रयले सञ्ञत-समाधि [I], अनिमित-समाधि [II], अप्पणिहित समाधि [III] प्राप्त गर्दछ र पञ्ञिन्द्रयले चाहिं दिटि्ठ-विसुद्धि [IV] आदि पाँच पञ्ञा-विसुद्धि, तीन अनुपस्सना-ञाण, [V] दश विपस्सवाञाण, [VI] चार मग्ग-ञाण, [VII] चार फल-ञाण, [VIII] र उन्नाइस पच्चवेक्खण-ञाण [IX] प्राप्त गर्दछ ।

---

**I. सून्यतामा एकाग्रता,**

**II. मनिमित्त-समाधि = विना निमित्तको एकाग्रता ।**

**III. इच्छाहीन एकाग्रता ।**

**IV. (१) दृष्टि-विशुद्धि, (२) कांक्षावितरण-विशुद्धि, (३) मार्गामार्ग-ज्ञानदर्शन-विशुद्धि, (४) मार्ग-दर्शन-**
**विशुद्धि र (५) ज्ञानदर्शन-विशुद्धि ।**

**V. (क) अनिच्चात्तुपस्सष (अनित्यानुपश्यना),**

**(ख) बुक्खानुपस्सना (दु:खानुपश्यना),**

**(ग) अनत्तानुपस्सना (अनात्मानुपश्यना) ।**

**VI. दस विस्सना-ञाण (दश विपश्यना-ज्ञान) हुन्-**

**(क) समस्सन-ञाण (समर्शण-मज्ञान= अनित्य, दु:ख, अनात्म ज्ञान),**

**(ख) उदयब्बयनुपस्सना-ञाण (उदय-व्ययानुपश्यना-ज्ञान=उत्पत्ति र विनाश देख्ने ज्ञान),**

**(ग) भङ्गानुपस्सना-ञाण (भङ्गानुपश्यना-ञान=विनाश भएकोले देख्ने ज्ञान),**

**(घ) भयानुपस्सना-ञाण (भयानुपश्यना-ज्ञान = भय देख्ने ज्ञान),**

**(ङ) आदिनवानुपस्सना-ञाण (आदिनवानुपश्यना-ज्ञान = घृणित वा तुच्छ देख्ने ज्ञान),**

**(च) निब्बेदानुपस्सना-ञाण (निर्वेदानुपश्यना ज्ञान= उदासिनताका ज्ञान),**

**(छ) मुञ्चितुकम्यता-ञाण (मुञ्चितुकम्यता-ज्ञान = नाम-रुप धर्मबाट बाहिर निस्केन इच्छित ज्ञान),**

**(ज) पटिसङ्खानुपस्सना-ञाण (प्रतिसंख्यानुपश्यना-ज्ञान= अनित्य, दु:ख अनात्य मध्ये कुनै एक स्वभावमा स्पष्ट रुपले देख्ने ज्ञान),**

**(झ) संखास्पेक्खा-ञाण (संस्कारपेक्षा-ज्ञान= विशुद्धि, मृदु एवं कर्मण्य विश्यना-ज्ञान) ।**

**(ञ) अनुलोम-ञाण (अनलोम-मज्ञान=अनुकूल चित्त सन्तति बनाइदिने ज्ञान)**

**VII. चारसच्च-ञाण (चार आर्य-सत्य ज्ञान) ।**

**VIII. चार फल-ञाण (चार आर्य-फल ज्ञान) ।**



Downloaded from http://dhamma.digital/

**IX. उन्नाइस पच्चेक्खण-ञाण (उन्नाइसप्रत्येवेक्षण-ज्ञान) हुन् -**
**उसले मार्गलाई यसरी प्रत्येवेक्षण गर्दछ -**

**(१) 'म आएको (आरुद्ध भएको) मार्ग यही हो' ।**
**अनि उसले फललाई यसरी प्रत्येवेक्षण गर्दछ -**
**(२) 'मैले प्राप्त गरेको फल यही हो' ।**
**त्यसपछि उसले तीन आर्य-मार्गहरुद्वारा क्लेशहरु हटाउनु पर्नेमा प्रत्येवेक्षण गर्दछ -**
**(३) 'मैले हटाएका क्लेशहरु यी हुनु' ।**
**त्यसपछि उसले तीन आर्य-मार्गहरुद्वारा क्लेशहरु हटाउनु पर्नेमा प्रत्येवेक्षण गर्दछ-**
**(४) 'यी क्लेशहरु अझै ममा बाँकी छन्' ।**
**अन्तमा उसले अमर निर्वाणको यसरी प्रत्येवेक्षण गर्दछ -**
**(५) 'यो त्यही अवस्था (धर्म) हो जुन लक्ष्य मैले साक्षात्कार गर्नु परेको छ' ।**

'यहाँ पाँच इन्द्रियहरु कसरी एकै साथ उत्पन्न हन्छ' भनी दर्शाइएको कुरा समाप्त । अब यी इन्द्रियहरु मध्ये प्रत्येकले कहाँ कहाँ प्रमुख कार्य गरिन्छ भन्ने कुरा दर्शाइन्छ ।

**"कत्व सद्धिन्द्रियं दट्ठब्बं ?**
**चतुसु सोतापत्तियंगेसु एत्थ सद्धिन्द्रि दट्ठब्ब"** [A]

अर्थ- सद्धिन्द्रियलाई कहाँ अनुस्मरण गर्नु पर्छ ? स्रोतापत्तिको चार अङ्ग वा गुणमा यसलाई अनुस्मरण गर्नु पर्दछ ।

यसको अर्थ हो-सद्धिन्द्रियले स्रोतापत्तिको चार गुणाङ्गमा प्राधान्यता राख्दछ । ती चार गुणाङ्ग हुन् -

(क) अरहँ, सम्मासम्बुद्धो, आदि भगवान् बुद्धको आर्य-गुणमा अचल श्रद्धा ।
(ख) स्वाखात, आदि आर्य धर्म गुणमा अचल श्रद्धा ।

---

स्रोतापन्न आर्य पुदगलले यसरी पाँच प्रकारले प्रत्येवेक्षण गर्दछ । स्रोता पन्न पुद्गलले झैं सकृदागामी र अनागामी पुद्गलले पनि प्रत्येवेक्षण गर्दछन् । अर्हतुले बाँकी रहेका क्लेशको प्रत्येवेक्षण गर्दैन (अर्हतुको निमित्त क्लेशको प्रत्येवेक्षण गर्ने आवश्यकता पर्दैन) यसरी प्रत्येवेक्षण उन्नाइस प्रकारका छन् ।
[-विशुद्धिमग्ग (Vol. II), P. 316, 6th, Syn. Edn.) कृपया 'ञाणमोलि' को विसुद्धि-मग्ग हेर्नुहोस् । (P. 790)]

A. संयुक्त-निकाय, ४ इन्द्रिय संयुक्त, ८ दट्ठब्ब सुत्त, (P. 172, 6th Syn Edn)

(ग) सुष्पटिपन्नो, आदि आर्य संघ-गुणमा अचल श्रद्धा ।
(घ) लोकुत्तर-समाधिको पदस्थान भएको सील-विसुद्धि गुणले पूर्ण हुनु ।

यसै जीवन-कालमा नै स्रोतापत्ति मार्ग-ज्ञान निश्चय रुपले प्राप्त गराउने यी नै चार गुणाङ्गहरु हुन् ।



Downloaded from http://dhamma.digital/

"बुद्धवेच्च पसादेन समन्नागतो" A

आदि पालिमा 'अवेच्चपसाद' को अर्थ हो । 'अचल श्रद्धा' । यो यस्तो श्रद्धा हो जसमा भगवान बुद्धका आर्य-गुणाङ्ग स्मरण गर्नाले उपचार समाधि प्राप्त हुन्छ । 'उपचार-समाधि' को अर्थ हो, भगवान बुद्धका 'इतिपि सो भगवा अरहँ' आदि बुद्ध गुणमा प्रसन्न भएको बेलामा ध्यान-समापत्तिमा प्रवेश गरे झैं बुद्ध-गुणमा स्थिर भएको चित्त । दृढ र स्थिर ध्यान प्राप्त भइसकेपछि श्रद्धाको अधीनता प्रवल भएको थाहा पाउनु पर्दछ । यस्तो पुद्गलले भगवान् बुद्धका आर्य-गुणमा श्रद्धा राख्नमा आफ्नो मन वशमा लिइसकेको हुन्छ । यस्तै प्रकारले धर्म-गुण र संघगुणमा पनि मन वशमा लिइसकेको हुन्छ ।

लोकुत्तर-समाधिको पदस्थापन भएको सील-विसुद्धिको अर्थ हो- आजीवट्ठमक-निच्च-सील क्ष जसले यसै जस्वनमा लोकुत्तर समाधि प्राप्त गराउनमा समर्थ तुल्याउँछ ।

---

**A. संयुक्त निकाय, महावग्ग, ॥ सोतापत्ति संयुत्त, धम्मदिन्ना सुत्त** (P. 365, 6th syn. Edn.)
**I. आजीव अष्ठमक नित्य-शील=सम्यक् आजीविका सहितको आयशील ।**

नित्य-शील अटुट र परिशुद्ध भयो भने तण्हा (तृष्णा), मान (घमण्ड) र दिट्ठि (मिथ्या-दृष्टि), आदि यी क्लेशहरुबाट मुक्त हुन्छ र यसो भएमा 'शीलमा श्रद्धाले विशेषाधिकार प्राप्त गऱ्यो' भनी जान्नु पर्दछ । नित्य-शील गुणाङ्ग पालन गर्न नसक्नुलाई 'अपूर्ण-शील' भनिन्छ । साधारणतया शील नविग्रे पनि संसारको सारधाण परिस्थिति (सामाजिक परिस्थिति) मा हेलमेल गरी बस्यो भने शुद्धशील पनि धमिलिएर जान्छ । भनिएको छ- "असल वा खराब साँढे नदीको धारबाट किनारमा उत्रँदा थाहा हुन्छ" । भगवान बुद्धका अनुयायी भनी स्वीकार्ने उपासक वा भिक्षुहरुले आफ्ना मन नियन्त्रणमा छ कि छैन भन्ने कुरा यी चार गुणाङ्गमा पुग्दाखेरि मात्रै थाहा हुन्छ ।

सद्धिन्द्रिय समाप्त ।
"कत्थ वीरियिन्द्रियं वट्ठब्वं ?
चतुसु सम्मप्धानेसु एत्थ वीरियिन्द्रियं दट्ठब्वं," ब

अर्थ- वीरियिन्द्रिय लाई कहाँ भाविता गर्नु पर्दछ ? चार सम्यक्-प्रधानका गुणाङ्गमा भाविता गर्नु पर्दछ ।

बुद्धका उपाक भनी स्वीकार्ने उपासक र श्रमणहरुले वीर्यमा आफ्ना मनको अस्थिरता र क्षुब्धता लोप भयो भएन भन्ने कुरा चार सम्कय्-प्रधाननको अभ्यास गर्दा मात्र थाहा पाउँछन् ।

---

**A. संयुक्त निकाय, महावग्ग, ४. इन्द्रिय संयुत्त, ८. वट्व्य सुत्त** (P.172, 6th, syn. Edn).

"यय जीवनमा ममा सत्काय-दृष्टि बाँकी रहे सम्म, दुश्चरित्र बाँकी रहेसम्म र मेरो निमित्त अपाय-संसार नष्ट नभए सम्म, छाला मात्र बाँकी रहे पनि, स्नायु मात्र बाँकी भए पनि, हाड मात्र बाँकी रहे पनि, रगतै सकेर गए पनि मैले आराम लिने छैन" यही एक मात्र सम्यक्-प्रधान अभ्यासको दृढ संकल्प हो । चक्खुपाल भिक्षु A को दृढ-संकल्प यस्तै प्रकारको संकल्प थियो । यस्तो दृढ-संकल्प र अभ्यासले मागम हुँदा मन माथि वीर्यको आधिपत्य भएको थाहा हुन्छ । त्यस पुद्गलको वीर्यको



Downloaded from http://dhamma.digital/

विषयमा मनको चञ्चलता र क्षुब्धता विलीन भइसकेको हुन्छ  र त्यो त्यही व्यक्ति हो जो बुद्ध-शासनमा आफ्नो मन वशमा लिइसकेको सत्पुरुष भनी कहलिन्छ ।

वीरियिन्द्रिय समाप्त  ।

**"कत्थसतिन्द्रिय वट्ठब्वं**) ?
**चतुसु सतिपट्ठानेसु एत्थ सतिन्द्रियं वट्ठब्वं ।"**[B]

अर्थ-सतिन्द्रियलाई कहाँ भाविता गर्नु पर्दछ ? चार स्मृति-प्रस्थानमा भाविता गर्नु पर्दछ ।

बुद्धका अनुयायी गृहस्थ उपासक र श्रमणहरुले स्मृतिमा आ-आफ्ना मनको चञ्चलता र क्षुब्धता विलीन भयो कि भएन भनी चार स्मृति-प्रस्थानको भावना गर्दा थाहा पाउँछन् ।

---

**A. See the Light of the Dhamma, Vol. 1, No. 2, p. 13,**
**B. संयुक्त निकाय, वट्ठब्व सुत्त, (p, 176, 6th Syn. Edn.)**

श्वास-प्रश्वास, आदि स्मृति-प्रस्थानको आलम्बनमा कायगता स्मृति कृत्य पूर्ण रुपले सफल भएपछि साधकले आफ्नो चित्त आफ्नो स्कन्धमा आफ्नो इच्छानुसार नछुट्ने गरी राख्न सकेमा स्मृति आफ्नो अधिनमा भयो भनी जान्नु पर्दछ । त्यस पुद्‌गलमा स्मृतिको विषयमा मनको चञ्चलता र क्षुब्धता विलीन भइसकेको हुन्छ र त्यो त्यही व्यक्ति हो, जो बुद्ध-शासनमा आफ्नो मन वशमा लिइसकेको सत्पुरुष भनी कहलिन्छ ।

सतिन्द्रिय समाप्त  ।

**"कत्थ सतिन्द्रिय वट्ठब्वं**) ?
**चतुसु झानेसु एत्थ समाधिन्द्रियं वट्ठब्वं ।"**[A]

अर्थ-समाधिन्द्रियलाई कहाँ भाविता गर्नु पर्दछ ? चार प्रकारका ध्यानमा यसलाई भाविता गर्नु पर्दछ ।

श्वास-प्रश्वास, आदि शमथ आलम्बनमा कम्तिमा उपचार समाधि भावना सफलता पूर्वक पारंगत भएमा आफ्नो चित्तमा निरन्तर रुपले उत्पन्न हुने प्रचन्द कामछन्द (न्द्रियतृष्णा) व्यापाद ( द्वेषभाव), आदि नीवरण हटी तयस आलम्बनमा चित्त विशेष रुपले स्थिर र शान्त रहेमा समाधि आफ्नो अधीनमा भयो  भनी जान्नु पर्दछ ।

---

**A. संयुक्त निकाय, महावग्ग संयुक्त, ८ दट्ठब्ब सुत्त (p. 172, 6th syn. Edn.)**

त्यस पुद्‌गलमा समाधिको विषयमा मनको चञ्चलता र क्षुब्धता विलीन भइसकेको हुन्छ र त्यो त्यही पुड्गल हो जो बुद्ध-शासनमा आफ्नो मन माथि विजय प्राप्त गरि सकेको सत्पुरुष भनी कहलिन्छ ।



Downloaded from http://dhamma.digital/

समाधिन्द्रिय समाप्त ।

**"कत्थ पञ्ञिन्द्रियं वट्ठब्बं) ?**
**चतुसु अरियसच्चेसु एत्थ पञ्ञिन्द्रियं वट्ठब्बं ।"[A]**

अर्थ-पञ्ञिन्द्रियलाई कहाँ भाविता गर्नु पर्दछ ? चार आर्य-सत्यमा यसलाई भाविता गर्नु पर्दछ ।

बुद्ध-शासनमा समागम भएका व्यक्तिहरु मध्ये पुदुगलमा चार आर्य-सतयकाो ज्ञान हुनु ठूलो लाभ हो । यो ज्ञान प्राप्त भइसकेका व्यक्ति मात्र सत्काय-दृष्टि, दुश्चरित्र र अपाय-संसारबाट मुक्त हुन्छ ।

त्यसकारण चार आर्य-सत्यको ज्ञान अववोध गर्नको निमित्त आफ्नो सन्तानमा कम्तिमा छ धातु[I] र त्यस धातुको आयु 'आँखा झिम्काउने प्रमाण, बिजुली चम्किने प्रमाण' सम्म पनि स्थिर नभई निरोध भई जान्छन् भनी अनित्य स्वभावलाई पनि यसै जन्ममा साक्षात्कार गर्नको निमित्त अध्ययन गर्नु, आवृति गर्नु, चिन्तन गर्नु, सुन्नु, छलफल गर्नु, प्रश्न गर्नु, भाविता गर्नु, मनन गर्नुमा विशेष कोशिश गर्नु पर्दछ ।

---

**A. संयुक्त निकाय, महावग्ग संयुत्त, ८ दट्ठब्ब सुत्त (p. 172, 6th syn. Edn.)**

**I. छ धातुः पथवि, आपो, तेजो, बायो, आकास र विञ्ञाण ।**
- **(क) कडा र नरम दुइ तत्व - पृथ्वी धातु,**
- **(ख) ताजा र चिसो दुई तत्व -तेजो धातु,**
- **(ग) जमेको र तरल दुइ तत्व - आपो धातु,**

यी छ धातुमा परिशुद्ध विपश्यना ज्ञान प्राप्त भएका बाँकी रहेका धर्म [I] मा विशेष अभ्यास गर्नु पर्ने जरुरत पर्दैन । अन्तिय स्वभावलाई राम्रोसंग साक्षात्कार गर्न सकेमा अनात्म क्रमशः साक्षात्कार हुँदै जान्छ ।[A]

अर्हत्त मार्ग (फल) मा आरुद्ध भइसकेपछि सम्पूर्ण दुःखको स्वभाव-धर्मलाई यथार्थतः अबोध गर्दछ ।

यसरी, धेरै समयसम्म साधनाभ्यास गरिसकेपछि छ धातुका आध्यात्मिक र वाह्य दुबै स्वभावमा पिश्यना-ज्ञान प्राप्त भइसकेपछि र त्यस्तै ती धातुहरुका अन्त्य-स्वभाव जानिसकेपछि मात्र ती धातुहरुमा ध्यान स्थिर भई प्रज्ञा आफ्नो अधीनमा भयो भनी जान्नु । अनमत्तग्ग संसारदेखि बग्दै आएको 'चित्त-विपल्लास' क्रमशः कम हुँदै लोप हुन्छ ।

---

(घ) आधार दिनु र घचेट्नु दुइ तत्व-वायो धातु,
(ङ) खालि ठाउँ - आकाश धातु र
(च) चित्त वा मन - विज्ञान धातु ।



Downloaded from http://dhamma.digital/

I. खण्ड, आयतम, आदि ।
A. खुद्दक-निकाय, उदायन पालि, मेघिय-वग्ग, मेथिय-सुत्त, (p. 120, 6th syn. Edn.)

यहाँ 'चित्त-विपल्लास' को अर्थ हो-अन्त्यि-धर्ममा नित्य भनी विपर्लास (विपल्लास), उन्माद हुनु; त्यस्तै दुःखलाई सुख, अशुभलाई शुभ, अनात्यमलाई आत्म, पुद्‌गल नभएकोलाई पुदुगल, सत्व नभएकोलाई सत्व, मानिस नभएकोलाई मानिस; देव, शक्र, ब्रम्हा नभएकोलाई देव, शक्र ब्रम्हा; स्त्री, पुरुष, गोरु, भैसी, हात्ती, घोडा, नभएकोलाई स्त्री, पुरुष, गोरु, भैसी, हात्ती, घोडा भनी विपल्लास, उन्माद हुनु । यसरी चित्तको उन्माद र क्षुब्धताबाट मुक्त भई बुद्ध-शासनमा यथार्थतालाई अववोध गर्नुमा चित्तमा आधिपत्य भइसकेको व्यक्तिलाई सत्पुरुष भनी जान्नु ।

दुःख आर्य-सत्यलाई यथार्थतः साक्षात्कार गर्न सकेमा अरु बाँकी रहेका तीन सत्यहरु पनि क्रमशः यथार्थतः अववोध हुन्छ । यी चार-सतयको अवबोधमा पृथक्‌जनले अवबोध गर्नुलाई अनुवोध भनिन्छ, आर्य-पुद्‌गले अववोध गर्नेलाई पटिवेष भनिन्छ । अनुबोध-ज्ञान राति प्रकाशन देख्ने तर आगोको मुस्लो नदेख्ने समान हुन् । सोभ्कै आगोको मुस्लो देख्न नसकिएता पनि ज्वाला (प्रकाश) को प्रतिविम्ब देख्दाने निःसन्देश त्यहाँ आगो छ भन्ने अनुमान गर्न सकिन्छ । पटिवेध-ज्ञान सोभ्कै आगोको मुस्लो देख्नु समान हो ।

"सद्धिन्द्रियं मावेति,
वीरियिन्द्रियं भावेति,
सतिन्द्रियं भावेति,
समाधिन्द्रियं भावेति,
पञ्जिन्द्रियं भावेति ।" A

भगवान बुद्धले भन्नु भएका यी पालि पंक्तिका अर्थ हुन्-शमथ-कार्य गर्नको निमित्त प्रारम्भमा नै यी पाचँ इन्द्रियलाई स्थापना गरी वृद्धि गर्नु पर्दछ ।
त्यस व्यक्ति जसले यी पाचँ इन्द्रियहरु आफ्नो शरीरको स्कन्धमा वृद्धि गरेको हुदैँन ऊ शासक वा राजा नभएको देश समानको हुन्छ । त्यो पहाड र जङ्गलले ढाकिएका, जङ्गली जातीको बसोबास गरेका जहाँ कुनै प्रशासन कायर्म नभएको देश समान हुन् । शासक वा राजा नभएको देशमा कुनै कानू हुदैनँ । त्यहाँका दुनियाँ अनियन्त्रित रहन्छन् । पशुहरुमा भ्कै बलियाले निर्धालाई मार्दछन् । यस्तै किसिमले पाचँ ईन्द्रयहरुमा भाविता नगरेको मानिसको मा विक्षिप्त हुन्छ र ल्केशले विद्रोह मचाई भताभुङ्ग पारिदिन्छ । भूत, प्रेत, पिसाच प्रवेश भएको व्यक्तिमा **'इतिपि सो ....'** अथवा **'हेतु पच्चयो ...'** आदि गाथा पाठ गर्दा सुन्नसम्म पनि न रुचाए भ्कैं पाचँ इन्द्रिय भावनाको अभ्यारमा नलागेका व्यक्तिहरुमा **पच्च्य सभ्तोष** र **भावनारभ्भ**सगं सम्बन्धित कुराहरु सुनाउँदा पटक मा पराउँदैनन् बरु उल्टो तिनीहरु त्यहाँबाट उम्कन खोज्छन् । तिनीहरुले शमथ-कृत्य र विपश्यना-कृत्यमा उद्योगाभ्यास गर्न पनि पटकै मा पराउँदैनन् ।

अर्का तिर, स्कन्धगा पाचँ इन्द्रियको भाविता गर्न व्यक्ति न्याय र कानून अनुसार राज्य गर्न राजा भएको देश समान हो । ऊ प्रशासनको युक्त भएको **मज्भिम देस** (मध्य देश) को शहर र गाउँ समान हो । यस्तो व्यत्तिलाई विभित्त प्रकारका मानिसहरुको र विविध प्रकारका सिद्धान्तको प्रभावित पार्न सक्तनै । ऊ भगवान बुद्धको उपदेशानुसार सोभ्को मार्गको मात्र लाग्दछ । **पच्च्य-सन्तोष, भावनारम्भ**का कुरा सुन्दा यस्तो व्यक्तिको मा सदा प्रमुदित रहन्छ । शमथ-कुत्य र विपश्यना-कृत्यमा उद्योगाभ्यास गर्न ऊ सदा उद्यत रहन्छ ।



Downloaded from http://dhamma.digital/

यसरी, यस संसारमा दुइ प्रकारका इच्छा (छन्द) उत्पत्र हुनु पुदरगल वा व्यक्तिको काम होइन, इन्द्रिय-भावना हुने नहुनेको काम हो । इन्द्रिय-भावना नभएका चित्त अर्का छन्द अर्क हुन्छ । इन्द्रिय-भावना नभएका त्यस चित्त र छन्द लोप भई एउटा नयाँ किसिमको चित्त-छन्द उत्पत्र हुन्छ । जति जति इन्द्रिय-भावना बढ्दै जान्छ ; उति उति नयाँ चित्त- छन्द पनि बढ्दै जान्छ र बल (शक्ति संग्रह हुन्छ) पाँचै-इन्द्रिय-भावना गर्दा मार्ग र फलको इच्छा तुरुन्त देखा पर्दछ । यसरी प्रकृति श्रदा, वीर्य, स्मृति, समाधि र प्रज्ञा सह्वितको चित्त भएको तर त्यस हीन छन्द-चित्तलाई अविवृद्धिको निमित्त पाचँ इन्द्रियभावना गर्नु पर्दछ ।

"**सद्धिन्द्रियं भावेति,"** आदि पालिको अभिप्राय भएको पाचँ इन्द्रिय समाप्त ।

## षष्टम परिच्छेद
## पाचँ क

बललाई यसरी वर्णन गरिन्छ -

**"पटिपक्ख धम्मे बलिन्तीति बलानि"** A

अर्थ-विपक्षताको समागम हुँदा निः डर भई स्थिर रहने भएकाले बल भनिन्छ ।
पाचँ इन्द्रिय भए झैं बल पनि पाचँ किसिमका छन् । ती हुन् -

१) **सद्धा-बल** (श्रद्धा-बल)
२) **वीरिय-बल** (वीर्य-बल)
३) **सीत-बल** (स्मृति- बल)
४) **समाधि-बल** (समाधि-बल) र
५) **पञ्ञा-बल** (प्रज्ञा-बल) ।

सत्काय-दुष्टि रुपी देशलाई नष्ट गर्नको लागि यो पाचँ सेनापति अथवा पाचँ कमाण्डहरु छन् । बुद्ध-शासका भिक्षु र उपासकहरुका लागि मद्दत गर्न यी पाचँ बल छन् ।
सद्धिन्द्रियमा झैं श्रद्धा दुइ प्रकारका छन् । जस्तै -

क) **पकति-सद्धा** (प्रकृति-श्रद्धा) र
ख) **भावना सद्धा** (भावना-श्रद्धा)

क) प्रकृति-श्रद्धा-- भावना नभएको प्रकृति श्रद्धाले तृष्णासगं मिली दान गर्न, उपोशथ-ब्रत गर्न, आदि प्रकृति-कुशल कर्म मात्रै वृद्धि गराउछँ । यसमा तृष्णालाई हटाउने शक्ति हुदैंन । बरु तृष्णाले श्रद्धालाई हटाउछँ ।

तृष्णसंग मिली दान गर्न, उपोशथ-ब्रत गर्न, आदि प्रकृति-कुशल कर्म मात्रै बुद्धि गराउछँ । यसमा तृष्णलाई हटाउने शक्ति हुदैंन । बरु तृष्णले श्रद्धालाई हटाउछँ ।
तृष्णले प्रकृति-श्रद्धालाई कसरी हटाउछँ भन्ने उदाहरण हुन् --
चन्द्र-सूर्य भएको बेलामा आकाश स्पष्ट देखिए झैं पालि पिटकमा चार **अरियवंस-धम्म** A का उल्लेख भएका छन् ।

१) भोजन-प्रत्ययमा सन्तोष हुनु ,
२) चीवर-प्रत्ययमा सन्तोष हुनु ,
३) बिहार-प्रत्ययमा सन्तोष हुनु , र
४) भावना-प्रत्ययमा सुख, आनन्द अनुभव गर्नु

यी हुन्, श्रदाको क्षेत्र । आज विश्वमा यस महान श्रद्धाको क्षेत्र डुबेको अवस्थामा छ । वर्तमान लोकमा चार प्रत्यय नामक **पच्चयामिस**मा आनन्दित हुनु, यश-कीर्ति नामक **लोकामिस**मा आनन्दित हुनु। भविष्यको भव-सम्पत्ति, भोग-सम्पत्ति, ऐश्वर्य (इस्सरिय) सम्पत्ति नामक **वट्टामिस**मा आनन्दित हुनु-



Downloaded from http://dhamma.digital/

'तृष्णको क्षेत्र टापु (द्वीप) लाई महासागरको पानीले डुबाए झैँ प्रकट भइरहेको छ' । यो भयो प्रकृति श्रद्धाको हीनता दृष्टान्त रुपमा लोकमा देखिएका कुरा ।

ख) भावना-श्रद्धा-- तीन प्रकारका **आमिस** मा सुख आनन्द लिने तृष्णालाई डबाई, मनको चञ्चलता र क्षुब्धता विलीन नभएसम्म आनापान, आदि कायगता स्मृतिको सफल अभ्यास उत्पन्न हुने जुन स्थिति हो, त्यो भावना-श्रद्धा हो । यही भावना-श्रद्धाले तीन प्रकारका तृष्णा रुपी सागरमा डुबेका भिक्षु, श्रमण र उपासकहरुलाई उतार्न चार **अरियवंस** नामक द्वीप समान भएको श्रद्धाको क्षेत्रको पुर्‍याउन सक्तछ । बोधिपक्षीय-धर्ममा यही श्रद्धाको जरुरत छ ।

दुई प्रकारका वीर्य मध्ये वृद्धि नहुने प्रकृति-वीर्य **कोसज्ज** सगं योग्यतानुसार मिली यसले दान-कार्य, शील-कार्य, ग्रन्धहरुको अध्ययन-कार्य, अध्यापन-कार्य बहन गर्नु, आदि प्रकृति-कुशल-कार्यलाई मात्र वृद्धि गर्दछ । यस प्रकृति-वीर्यले **कोसज्ज**लाई हटाउन सक्तैन । बरु **कोसज्ज**ले प्रकृति-वीर्यलाई आफ्ना बशमा राखी आफ्नो ईशारामा नचाउँछ । यो भयो **कोसज्जले** कसरी प्रकृति-वीर्यलाई पराजय गर्दछ भन्ने कुरा ।

बुद्ध-शासनमा समागम भएका सत्वले अनन्त संसारमा सत्काय दृष्टि दुश्चरित्र र अपायलोकको भागी भइसकेको कुरा थाहाँ पाउँदछ । त्यस भाववाट मुक्त नभएसम्म **कोसज्ज** अकुशललाई हटाउनको निमित्त भावनाराम-धर्मसगं दिनहूँ, महिनौ बिताउनु पर्दछ भनी आर्यवंशको विधि भएको त्रिपिटक ग्रन्थमा चन्द्र-सूर्य झैं प्रकट भइरहेको छ ।

**कौसज्ज** अकुशल हटाउने कार्यलाई यसरी वर्णन गर्न सकिन्छ । उपसम्पत्र हुने बेलामा सीमा भित्र ग्रहण गरी आएको शिक्षा -

**"रुक्खमूल सेनासद्वं निस्साय पब्बज्जा**
**तत्थ ते धावजीवं उस्साहो करणीयो । "**

- आदि बुद्धको अशंलाई ग्रहण गरी जङ्गलपर्वतमा रुख र झारपातहरुले बनाइएको आश्रममा बस्नु, त्यहीँ वरिपरि प्राप्त भएका भिक्षामा उसले आफ्नो जीवन निर्वाह गर्नु, गृहस्थ, श्रमणहरुसंगको सम्पर्कमा नबसी धुतङ्ग प्रतिपतिमा लागेर दृढ रुपले कायगता स्मृतिको भावना-कार्यमा जोड दिनु, यस्तो वीर्य-भावना **कोसज्ज** अकुशल कार्यलाई हटाउने भनिन्छ । यी कार्यहरु **वीरिय**को क्षेत्र पनि हुन् ।

वर्तमान संसारमा यस **वीरिय**को क्षेत्र डुबेको अवस्थामा छ । वर्तमान लोकमा भिक्षुहरुले आफूलाई सत्काय-दुष्टि र दुश्चरित्रले सम्पत्र प्राणीका श्रेणीमा छन् भन्ने चाल पाएर पनि र तिनीहरु अपाय लोकमा उत्पत्र हुन सक्ने छन् भन्ने थाहा पाउँदा पाउँदै पनि दायकहरुले शहर र गाउँहरुमा बनाइदिएका विहारहरुमा स्थायी रुपले बसी ठूलो परिमाणका दान-दातव्य वस्तुमा सुख-आनन्द अनुभव गर्दछन् ; तिनीहरु मानव-समाज, आदिबाट अलग्ग बस्नमा असमर्थ छन् - यी सबै कार्यहरु **कोसज्ज**को क्षेत्र स्पष्ट देखिन्छ । यसले प्रकृति वीर्यको कमजोरी देखाउँछ ।

माथि उल्लेख गरेको वीर्यलाई भावनाको रुपमा सिद्ध गर्न कम निन्द्रामा सन्तोष हुने, चित्त एकाग्र गर्नमा दृढता हुने -मनसिकारमा सधैं लाग्ने भावना-वीर्यले मात्र **कोसज्ज** अनुशललाई हटाउन सक्तछ । बोधिपक्षीय-धर्ममा यही भावनावीर्यको जरुरत छ ।

स्मृति, समाधि र प्रज्ञा बलका विस्तृत अर्थ उपर्युत वर्णन गरिएका व्याख्या अनुसार बुझ्न सकिन्छ ।
यहाँ म केबल संक्षेपमा वर्णन गर्दछु ।

स्मतिको ठीक उल्टो अर्थ हो, **विक्खेप** अनुशल कर्म । माथि उल्लेखित भावना मनसिकारको कार्यमा चित्त स्थिर नहुनु, चित्त बशमा नहुनु, चित्त चञ्चल हुनु, एउटा एउटा आलम्बनमा चित्त जानु, भावना आलम्बनमा आफ्नो चित्त आफूले राख्न नसक्नु हो । प्रकृति समाधिले **विक्खेप** अकुशल कर्मलाई हटाउन सक्तैन । केवल भावना समाधिले मात्र यसलाई हटाउने सक्तछ ।



Downloaded from http://dhamma.digital/

प्रज्ञाले ठीक उल्टो अर्थ हो, **सम्मोह** अकुशल कर्म । **सम्मोह** अकुशल कर्म भनेको अति मोहित हुनु, आलम्वनमा चित्त मोहित हुनु, चित्त विस्मृत हुनु, चित्तमा प्रकाश नहुनु, प्रकाश नभएको कारणले चित्त अन्धकारमा लाग्नु हो । यस **सम्मोह**लाई हटाउन सक्तछ ।

यो हो - **'पटिपक्ख धम्मे बलियम्तीति बलानि"** भन्ने प्रथम विग्रह **पटिपक्ख** अकुशल कर्म पाचँ र बल पाचँ मिलाएर दर्शाइएका कुरा ।

पाचँ **पटिपक्ख** अकुशल धर्म हुन् -(१) **तण्हा,** (२) **कोसज्ज** (३) **मुटुठसच्च** (४) **विक्खेप** र (५) **संम्मोह** । पाचँ धर्म जसले यी अकुशल धर्मलाई निष्फल गरी हटाउन सक्तछ त्यसैलाई बल भनिन्छ । नेय्य पुद्गलंको सम्बन्धमा यी पाचँ बल मध्ये एक बल मात्र कमजोर भई त्यसै अनुरुपको **पटिपक्ख-धम्म** हटाउन असमर्थ भएमा शमथ र विपश्यना भावनामा सफल हुन सक्तैन ।

यसकारण , आजकल व्यक्ति श्रद्धाबलको शक्तिबाट नै तृष्णाको क्षेत्रबाट उम्कन सक्तछ । तिनीहरु **पच्चयामिस** तृष्णामा भुल्दैनन् । तर तिनीहरु अरु चार बलको कमजोरीले गर्दा सन्तुष्टिको अवस्थामा पुग्न असमर्थ रहन्छन् ।

श्रद्धाबल र वीर्य-बल बलियो भएको कारणले कोही व्यक्तिहरु तृष्ण र **कोसज्ज**को क्षेत्रबाट उम्कन सक्छन् । सन्तोष धर्मले सहित भई जन्मभरी पहाड-पर्वत र जङ्गलमा बसी धुतङ्ग प्रतिपतिकको अभ्यास गरिरहन्छन् । तर अरु तीन बल कमजोर भएको कारणले कायगता-स्मृतिको भावना अथवा शमथ र विपश्यना भावना गरे पनि तिनीहरुले उन्नति गर्न सक्तैनन् ।

कोही पुद्गलहरु पहिलो तीन बल (श्रद्धा, वीरिय, सति) प्रबल भएका हुन्छन् र कायगता-स्मृति भावना वृद्धि गर्न एकाग्रत प्राप्त गर्दछन् । तर अरु दुई बल (समाधि र पञ्ञा) हीन भएको कारणले तिनीहरुले ध्यान र विपश्यना-भावना प्राप्त गर्न सक्तैनन् ।

कोही पुद्गलले पहिलो चार बल (श्रद्धा, वीर्य, स्मृति समाधि) प्रबल भएको कारणले ध्यान-समापत्ति ञाभ गर्न सक्छन् तर प्रज्ञा-बलको कमिले गर्दा विपश्यना-भावना प्राप्त गर्न सक्तैनन् ।

कोही पुद्गल प्रज्ञा-धल प्रबल भएका हुन्छन् । तिनीहरु त्रिपिटक र धर्मका पण्डित हुन्छन् । तर अरु चार बलका ढाड भाँचिएका हुनाले अर्थात् अरु चार बलका कमिले गर्दा **क्षण्हा, कोसज्ज, सुट्ठसच्च, विक्लेप र सम्मोह**बाट उम्कन नसकिने हुन्छन् । यी अकुशल कै सीमा भित्रै तिनीहरु बाँच्छन् र मर्छन् । यसै नियमानुसार त्यस त्यस बलको ढाड भाचिएमा **पटिपक्ख** सीमानाबाट उम्कन नसके झैँ अरु विषयमा पनि जान्नु ।

**इद्धिपाद बल - -** पाँच बल मध्ये वीर्य-बल । पूज्ञा-बल **इद्धिपाद** पनि हुन् । यसकारण, यदि यी दुइ बल प्रबल र परस्पर सहयोगी भएमा अरु तीन बल कमजोर भएपनि विपश्यना-भावना प्राप्त गर्न सक्तैन भत्र सकित्र । बुद्ध-कालीन समयमा श्रावस्तीका पाचँ करोड, पाचँ लाख घरका परिवारले सांसारिक दुः खबाट नुक्ति पाएका कुरा उदाहरण स्थरुप लिन सकिन्छ ।

**अरिध वंस पटिपति लोप - - इद्धिपाद, इन्द्रिय र बल**का कार्यकुशलता थाहा नभएकाहरुलाई किन आफ्ना इच्छा कमजोर भएका र कुन **पटिपक्ख**ले आक्रमण गर्छन् भन्ने कुरा चाल पाँउदैनन् । कुन धर्मलाई स्थान दिनुपर्छ र कुन धर्मलाई कहिल्यै स्थान दिनु हुँदैन भन्ने कुरा तिनीहरुलाई ज्ञात हुदैँन । यस प्रकार आजकल **आरियवंस** धर्म विलीन हुने अवस्थामा छ ।

**उपमा - -** म एउटा उदाहरण दिउँला । गोारुमा **'उसभ'** भन्ने एक प्रकारको जाति छ । यो गोरु अरु हजार वा दश हजार गोरुहरु भन्दा बढी मूल्यवान छ । यदि यसको लक्षण र विशेष चिह्न थाहा पाउन सकेमा र यसलाई राम्रोसंग पालनपोषण गरिएमा, यसको अङ्ग र चिह्नहरु बढ्नेछ र यसको बल र शक्तिको विकाश हुनेछ । अनि यसले सयौं गाई बाच्छालाई शेर र चितुवाहरुका आक्रमणबाट सुरक्षित्त राख्दछ । यस्तो गोरुको संरक्षणमा रहेका गाई-वस्तुलाई ठूल्-ठूला रोग र सरुवा-रोगले सताउँदैन ।



Downloaded from http://dhamma.digital/

चारैतिर बार, पर्खाल लगाइएका घर चार दिशामा सात घरसम्म रहेका मानिसहरुलाई ठूल्-ठूला रोग महामारी लाग्दैन। **मन्दी-विसाल** गोरुले झैँ यसले पाचँ सय गाडा एकैचोटी तात्र सक्छ।

यस्तो गोरुको मालिक यी सबै चीजमा अनभिज्ञ रही, यसलाई राम्रोसगं पालन-पोषण गर्नु पर्न नगरीकन साधारण गोरुलाई झैँ यसलाई पालेर अरु गोरु सरह राखेर गोरु जोताउँछ र गाडा तात्र लगाउँछ भने यसको बल र शक्ति सुषुप्तावस्थामा रहन्छन्। यसरी यो अरु साधारण गोरु झैँ बाचेँर मर्छन्।

मालिक हुनेले यसलाई चिनेर अरु गोरुबाट अलग गरी विशेष रुपले बनाइएको गोठमा राखेछ। उसले गोठमा राखेछ। उसले गोठको भूमिमा सफा बालुवा ओछ्याई दलिनमा चँडुवा लगाइदिएछ। गोठ गोबर र फिसाबबाट सफा राखेछ र त्यस गोरुलाई मानिसले खाने धान र दाल ख्वाउछ। यसलाई नुवाई-धुवाई गरी सौन्दर्य-बर्द्धक मालिश लगाइदिएछ। यसो गरेमा यसको विशेष चिह्न र अङ्गहरु उत्रत हुनेछ र बल र शक्ति अतिशय रुपमा बढ्नेछ।

**उपमेय - -** यस बुद्ध-शासनमा **नैय्य** पुदेगलहरु त्यस गोरुको मालिक समान हुन्। यी **नेय्य** पुद्गलका पाचँ बल **'उसम'** गोरु समान हुन्। अभिधर्म पिटकको **सतिपट्ठान-विभङ्ग, सम्मप्पथान-विभङ्ग, इद्धिपाद-विभङ्ग, इन्द्रिय-विभङ्ग, बोज्भङ्ग-विभङ्ग** र **मग्गङ्ग-विभङ्ग** सुत्त पिटकको **महासतिपट्ठान-सुत्त, सतिपट्ठान-संयुक्त, सम्मप्पधान-संयुक्त, बल-संयुक्त र बोज्झङ्ग-संयुक्त 'उसभ'** गोरुको विशेष चिह्न, अङ्ग र लक्षणको बयान गरिएका सांसारिक व्याख्यात्मक ग्रन्थहरु समान हुन् जसमा यी गोरुहरुलाई राम्रोसंग पालन-पोषण गरेमा बल र शक्ति प्राप्त गर्न तरिका उल्लेख गरिएका हुन्छन्।

**अज्ञातको कारण - -** ती **नेय्य** पुद्गलहरु जो भावनाभ्यासद्वारा पाचँ बल प्राप्त गर्नमा अनभिज्ञ रहन्छन् र जो बुद्ध-शासनमा दान, शील र परियति धर्म अध्ययन गरेर संतुष्ट रहन्छन्, तिनीहरु राम्रोसंग पालन-पोषण गर्नमा अनभिज्ञ रहेका **'उसभ'** गोरुका मालिक समान हुन्।

**लोक-कार्य - -** यस संसारमा अनेक किसिमका उत्रति-बृद्धि गर्न कार्य छन्। कुनै कार्य धनको शक्तिद्वारा सम्पत्र गर्न सकिन्छ र कुनै कार्य ज्ञान-बलबाट पूर्ण गर्न सकिन्छ। खेतिपातिको काम पूर्ण गर्न त अनेक प्रकारको शक्तिको आवश्यकता पर्दछ। पहिले धन-बल सञ्चित गरिन्छ अनि ज्ञान-बल। प्रारम्भिक शिक्षा र अध्ययन ज्ञान-बल सञ्चित गर्नसंग सम्बन्धित् हुन्छ।

यस्तै किसिमले बुद्ध-शासनमा शमथ, विपश्यना र आर्यमार्ग-फल र निर्वाण प्राप्तिको निमित्त पाचँ बलको आवश्यकता पर्दछ। पहिले यी पाचँ बल सञ्चित गरिसकेपछि मात्र माथि उल्लेखित अरु कार्य सम्पादन गर्न सकिन्छ। पाचँ बल मध्ये एक बल पनि सम्पत्र नभएका व्यक्तिहरुमा यी शमथ, विपश्यना, मार्ग-फल, निर्वाण प्राप्त गर्न इच्छासम्म पनि उत्पत्र हुन सक्तैन। उक्त विषय यसै जीवनमा सम्पत्र गर्न सकिन्छ भन्ने कुरा उनीहरुलाई पत्यार लाग्दैन। तिनीहरुले वास्तै नगरिकन त्यसै बिर्सी दिन्छन्। यी कार्यहरु सम्पत्र गर्न सकिन्छ भनी किटेर दर्शाइए तापनि तिनीहरुले सुत्र चाहन्दैनन्। तिनीहरु बलले पूर्णनः असम्पत्र रहने हुनाले यस्तो प्रतिकूल विचार उत्पत्र हुन्छ भन्ने कुरा पनि तिनीहरुले आफ्ना संस्कारलाई दोष दिन्छन् अथवा आफू द्विहेतुक भनी ठान्छन् र काल (समय) लाई दोष दिन्छन्।

जसरी भए पनि मानिसले आनापान, आदि स्मृति-प्रस्थान मध्ये कुनै एकमा भाविता गरेमा र त्यसलाई श्रद्धा, वीर्य र स्मृति- यी तीन बल प्रयोगमा ल्याएमा यी प्रतिकूल विचार निश्रय नै विलीन भई जानेछ। अनि अनिवार्य रुपले नयाँ कुशल विचार उत्पत्र हुन्छ। यसरी तिनीहरुले आफ्नो बलको विकाश गर्दछन्।

बल कसरी विकाश हुन्छ ? - यस्तो व्यक्तिले नाम र रुपमा विपश्यना ज्ञान प्राप्त गर्न नसके तापनि **पच्चायामित तण्हा** र **लोकामिस तण्हा** र **लोकामिस तण्हा**लाई डबाएमा दुर्बल भएको श्रद्धाको विकाश हुन्छ। **कोसज्ज**लाई डबाएमा दुर्बल भएको स्मृतिको विकास हुन्छ। **मुट्ठसच्च**लाई डबाएमा दुर्बल



Downloaded from http://dhamma.digital/

भएको स्मृतिको विकाश हुन्छ। **विक्खेप र सम्मोह**लाई डबाएमा दुर्बल भएको समाधि र प्रज्ञा-बल पनि शक्तिशाली हुन्छ। यी बलहरुको विकाश भएपछि त्यस पुद्गलको मन परिवर्तन नभई रहन सक्तैन।

कुष्ट, गण्ड, आदि पाचँ ठूल्-ठूला रोगले सताइएका व्यक्तिलाई आफू बसेको स्थानबाट उठन नसकी कुनै कार्य गर्न इच्छा हुँदैन। तर ठीक औषधी र उपचार पाएमा त्यस ठूलो रोग विस्तारै निको हुन गएमा ; उठ-बस गर्न सक्ने, आउन-जान सक्ने र काम गर्न सक्ने भएपछि ऊ आफ्नो उदासिनताबाट सचेत हुन थाल्छ। उसको मन परिवर्तन नभई रहन सक्तैन। अकुशल कर्म समूह - **तण्हा, कोसज्ज, मुट्ठसच्च, विक्खेप र सम्मोह** कुष्ट, गण्ड, आदि पाचँ ठूला रोग समान हुन्। बुद्ध-शासनमा शमथ र विपश्यना भावना-कार्य लोकमा पुद्गलको कार्य समान हुन्। आनापान, आदि स्मृति-प्रस्थानको अभ्यास उचित औषधोपचार गर्नु झैं हुन्। यस्तै किसिमले बाँकी रहेकालाई सजिलैसंग तुलना गर्न सकिन्छ।

यसैले भगवान बुद्धको भन्नु हुन्छ -

**"सद्धाबलं भावेति,**
**वीरियबलं भावेति,**
**सर्तिबलं भावेति,**
**समाधिबलं भावेति,**
**पञ्ञबलं भावेति।"**

यस संसारमा कालिगढको बल-सुई, छिनु, बच्चरो, चक्कु, करौंटी, आदि असल हतियारहरुमा निर्भर गर्दछ। यस्तो साधनले संयुक्त भएमा मात्र उसले आफ्नो बल मन्दिर घरहरु बनाउँनमा लगाउन सक्तछ। सिकर्मी, नकर्मी, सुनार, कलाकार, काष्टकार, आदि तिनीहरुको प्रत्येक कार्यमा आ-आफ्नो बल हुन्छ। तिनीहरुको बल राम्रो हतियार र साधनसंग सम्बन्धित् रहेको हुन्छ। यी साधनद्वारा मात्र तिनीहरुले आ-आफ्नो कार्य सम्पन्न गर्न सक्छन्।

यस्तै किसिमको बुद्ध-शासनमा यसै जन्ममा नै मार्ग-ज्ञान र फल-ज्ञान प्राप्तार्थ शमथ र विपश्यना भावना साधान समान भएको आनापान-सति, आदि कुनै उक स्मृति-प्रस्थान कार्यमा उद्योगाभ्यास गरी वृद्धि भएको भावना-वीर्य, भावना-स्मृति, भावना-समाधि र भावना-प्रज्ञा हुन्।

यो पाचँ बल **योगावचर** का बल हुन्। यसैले बुद्ध-शासनमा शमथ र विपश्यना भावना सफल गर्नको निमित्त यी पाचँ बलको वृद्धि गर्नु पर्दछ। यो हो, माथि उल्लेखित पद्यांशमँ **'भावेति'** शब्दको अर्थ।

Dhamma.Digital

पाचँ बल समाप्त।



Downloaded from http://dhamma.digital/

## सप्तम परिच्छेद
## सात सम्बोज्झाङ्ग
## "चतुसच्चधम्मे सुटठु बुज्झतीति सम्बोधि ।
## सम्बोधिया अङ्गो सम्बोज्झङ्गो ।"

अर्थ-चार आर्य-सत्य यथार्थतः अवबोध गर्न सक्ने भएकोले **सम्बोधि** भनिन्छ । अर्का शब्दमाः मार्ग-ज्ञानबाट सम्बन्धित् भएकोले **सम्बोज्झङ्गो भनिन्छ ।**

चराहरु पहिलो पटक आमाको पेटबाट फुलको रुपमा निस्कन्छन् । दोस्रो पटक तिनीहरु फुलबाट निस्कन्छन् । त्यसपछि तिनीहरु प्वाखँ र पखेताले युक्त भई उड्न योग्य भइ सकेपछि र जहाँ मन लाग्छ त्यहाँ जान सक्ने भइसकेपछि आफ्ना गुडबाट निस्कन्छन् । यस्तै किसिमले योगावचर व्यक्तिहरुमा कायगता-स्मृति अथवा शमथ भावनाको सफलता प्राप्त भइसकेपछि तिनीहरु अन्नत संसारसंग सम्बन्धित् मनको उन्माद र क्षुब्धताबाट प्रथम पटक निस्कछन् । विपश्यना-भावनाद्वारा नाम, रुप, स्कन्ध, आदिको ज्ञान प्राप्त भइसकेपछि दोस्रो पटक तिनीहरु स्थूल अविद्याबाट मुक्त हुन्छन् । सात **सम्बोज्झङ्ग**को वृद्धि गरी परिपक्व अवस्थामा पुगिसकेपछि लोकोत्तर मार्ग ज्ञानको पखेताले पूर्ण सम्बोधि नामक मार्ग-ज्ञानमा पुगी लौकिक-भुवन वासी, लोकमा डुबेको भावबाट एक पटक मूक्त भई प्रथक्जन-भवनबाट उडी जन्म-जन्मान्तर आशिका, प्रार्थना गरी  आएको आर्य-भूवन-वासी, लोकत्तर-भूवन-वासी, निर्वाण-भूवन-वासी भावमा पुग्दछन् ।

**बोज्झङ्ग** सात प्रकारका छन् । ती हुन् - -

१) **सतिसम्बोज्झङ्ग** (स्मृति-सम्बोध्यङ्ग)
२) **धम्मविचय सम्बोज्झङ्ग** (धर्मविचय-सम्बोध्यङ्ग)
३) **वीरियसम्बोज्झङ्ग** (वीर्य-सम्बोध्यङ्ग)
४) **पीति सम्बोज्झङ्ग** (प्रति-सम्बोध्यङ्ग)
५) **पस्सद्धि सम्बोज्झङ्ग** (प्रश्राब्ध -सम्बोध्यङ्ग)
६) **समाथि सम्बोज्झङ्ग** (समाधि-सम्बोध्यङ्ग) र
७) **उपेक्खा सम्बोज्झङ्ग** (उपेक्षा-सम्बोध्यङ्ग) ।

१) **सतिपट्ठान, सतिन्द्रिय, सतिबल, सम्मा मग्गङ्ग** नामक **सति चेतसिक**लाई **सतिसम्बोज्झङ्ग** भनिन्छ ।

२) **बिमंसिद्धिपाद, पञ्ञिन्द्रिय, पञ्ञाबल, सम्मादिट्ठि मग्गङ्ग** नामक **पञ्ञा चेतसि**कलाई **घम्मविचय सम्बोज्झङ्ग** भनिन्छ ।

अर्का शब्दमाः **दिट्ठि-विसुद्धि** शुरु भई पाचँ **पञ्ञाविसुद्धि,** तीन **अनुपस्सना ञाण धम्मविचय सम्बोज्झङ्ग** हुन् । कपासको गाठँ (बीयाँ) लाई धुनीको काट्दा मसिनो कपास निस्के झैं पञ्चस्कन्ध र नाम-रुपलाई विपश्यना-ज्ञानले बारम्बार भावना गर्नुलाई **धम्मविचय सम्बोज्झङ्ग** भनिन्छ ।

३) **सम्पप्पधान, वीरियिद्धिपाव, वीरियिन्द्रिय, वीरियबल** र **सम्मा वायाम मग्गङ्ग** नामक **वीरिय चेतसिक**लाई **वीरिय सम्बोज्झङ्ग** भनिन्छ ।

४) **कायगता सति,** आदि **सतिपट्ठान** भावनाको वृद्धि पश्चात् दर्शन हुने र साक्षात्कार हुने तरिका देखा पर्दा आनन्द सुखको अनुभव हुने स्थितिलाई **पीति सम्बोज्झङ्ग** भनिन्छ ।

५) मानसिक क्षुब्धता, चञ्चलता र कल्पना घट्दै जादाँ शरीर र मन दुबै शान्त र निस्तब्ध हुन्छ । त्यस स्थितिलाई **पस्सद्धि सम्बोज्झङ्ग** भनिन्छ । यो चेतसिकको **काय-पस्सद्धि** र **चितपस्सद्धि** हो ।

६) समाधि धर्म हुन् : **समाधिन्द्रिय, समाधिबल** र **समाधिमग्गङ्ग** - - यसैलाई **समाधि-सम्बोज्झङ्ग** भनिन्छ । अर्का शब्दमाः शमथ विषयमा चित्त-विशुद्धिसंग सम्बोधित् **परिकम्म समाधि, उपचार समाधि** र **पञ्ञा-विशुद्धि**संग सम्बोधित् **सुञ्ञत समाधि, अनिमित्त समाधि, अप्पणिह्ति समाधि**लाइ **सामाधि**



Downloaded from http://dhamma.digital/

**सम्बोज्झङ्ग** भनिन्छ । **विपस्सना ञाण**संग सम्बन्धित् **समाथि मग्ग-ञाण** र **फल-ञाण**संग सम्बन्धित् समाधिलाई **सुञ्ञत समाधि, अनिमित्त समाधि** र **अप्पणिहित समाधि** भनिन्छ ।

७) कर्मस्थान भावना गर्दा भावना गर्न तरिका क्रमबद्ध नभएसम्म अनेक व्यवस्थाको जरुरत पर्दछ । तर भावनाको तरिका क्रमबद्ध भइसकेपछि यी व्यवस्थामा ध्यान दिने क्रियाबाट मुक्त हुने अवस्थालाई **तत्रमज्झतत्ता चेतसिक** भनिन्छ । यही **उपेक्खा सम्बोज्झङ्ग** हो ।

चार द्वीपका शालिक, सप्त रत्नले संयुक्त भएका चक्रबर्ती राजाले संसारमा अतुलनीय र अद्वितीय सुख सुविधा अनुभव गरे झैं यी सात सम्बोधि गुणाङ्ग समभावको विभूषित भएको योगावचरले यस शासनमा सांसारिक कुनै सुखसंग तुलना गर्न नसकिने अतुलनीय र अद्वितीय श्रमण-सुख आनन्द अनुभव गर्दछ ।

**धम्मपद**मा यसरी भनिएको छ -

**“सुञ्ञागारे पविट्ठस्स सन्तचितस्स भिक्खुनो**
**अमानुसी रति होति सम्मा धम्मं विपस्सतो । ”**

अर्थ-सुनसान भएको कर्मस्थान विहारमा प्रवेश गरी राम्रोसंग नाम-रुप धर्मलाई विशेष रुपले समर्शन ( देखी) गरी शान्त-चित्त भएको योगी-भिक्षुलाई चार द्वीपको अधिपति भएको सम्राटको सुख-आनन्द अनुभव हुन्छ ।

**“यतो यतो सम्मसति खन्धानं उदयब्बयं**
**लब्भति पीतिपामोज्ज अमतं तं विजानतं ।”**

अर्थ-जुन जुन शरीरको अङ्गमा नाम-रुप स्कन्धको उत्पत्ति र विनाश समर्शन गर्दछ त्यस अमृत सुख रासीलाई जान्न सक्ने योगी पुद्गललाई समर्शन गरेको क्षण क्षणमा प्रीति प्रमोद प्राप्त हुन्छ ।

राजा, देव र इन्द्रले जुन लौकिक सुख अनुभव गर्दछन् त्यस सुख सात सम्बोधित अङ्ग पूर्ण गरी विपश्यना भावना गर्न योगावचर पुद्गलले अनुभव गर्न सुख आनन्द भन्दा २५६ भागको एक भाग बराबर पनि हुदैंन । त्यसकारण भगवान बुद्धले भन्नु हुन्छ - -

**“सब्बरसं धम्मरसो जिनाति ”** [A]

अर्थात् सबै रसलाई धर्म-रसले जित्छ ।

यी सात सम्बोधि अङ्गको पाठ गरेको सुनेर बस्दा पनि ठूल-ठूला रोग, व्यथा निको भएको कथाहरु छन् । तर श्रद्धाले विभोर भई सतर्क भई अर्थ लगाएर सुत्र सकेमा मात्र ठूल-ठूला रोग, व्यथा निको हुन सक्छन् ।

यी सात सम्बोधि अङ्ग समान रुपले प्राप्त गर्न सकेमा योगावचर पुद्गललाई कायगता-स्मृतिमा कुनै अभाव नभई उसको चित्त शान्त हुन्छ । अनित्य र अनात्म देख्नलाई कुनै अभाव नभई चित्त शान्त हुन्छ । कायिक वीर्य र चेतसिक वीर्यमा पनि चित्त शान्त हुन्छ । यी तीन स्थानमा चित्त शान्त भएको कारणले **अनमत्तग्ग** संसारमा सपनामा पनि नदेखेको निर्वाणको आलोक ‘मैले निश्चय पनि देख्ने भयो ’ भनी प्रशत्र हुन्छ । चेतसिकको दाह हुने अवस्थाबाट ऊ मुक्त भई शान्त हुन्छ । यसरी चित्त अत्यन्त प्रमुदित भएर आउछँ, चित्त चेतसिक शान्त भएर आउछँ र कर्मस्थान आलम्बनमा अति एकाग्र भएर आउछँ । स्मृतिको लागि ध्यान दिनु पर्न, अनित्य अनात्मलाई देख्न ध्यान दिनु पर्न, वीर्यको लागिा ध्यान दिनु पर्न अवस्थानबाट मुक्त भएको उपेक्षा धर्म पनि उत्पत्र हुन्छ ।

माथि उल्लेखिन सबै सम्बोध्यङ्ग ठीकसंग मिल्दा सम्बोधिकृत्य विशेष प्रकट भएकोलाई उद्देश्य गरी भनेको हो । साधारण **सम्बोज्झङ्ग**को सम्बन्धका कायगता स्मृति अभ्यास गरेको क्षणदेखि स्मृति, आदि धर्म समूह **सम्बोज्झङ्ग** नाम हुन आउछँ ।

भगवान बुद्ध भन्नुहुन्छ - सात **सम्बोज्झङ्ग**को भाविता गर्दा : **“सतिसम्बोज्झङ्ग भावेति, विवेक निस्सितं, विराग निस्सितं, निरोध निस्सितं, वोस्सग्गपरिणामिं;. धम्मविचय सम्बोज्झङ्गं भावेति,विवेक**



Downloaded from http://dhamma.digital/

**निस्सितं, विराग निस्सितं, निरोध निस्सितं, घोस्सग्गपरिणामिं; वौरिध सम्बोज्भङ्ग भावेति, विवेक निस्सितं;विराज निस्सितं, निरोध निस्सितं वोस्सग्गपरिणामिं;पीति सम्बोज्भङ्ग भावेति, विवेक निस्सितं, विराज निस्सितं, निरोध निस्सितं, वोस्सग्गपरिणामिं; परसद्धिसम्बोज्भङ्ग भावेति, विवेक निस्सितं, विराज निस्सितं, निरोध निस्सितं, वोस्सग्गपरिणामिः समाधिसम्बोज्भङ्ग भावेति, विवेक निस्सितं, विराज निरिसतं, निरोध निस्सितं, निरोध निस्सितं, वोस्सग्गपरिणामिं"** [A] अर्थात् **आनापान** आदि कायगता स्मृति भावनाको स्थापना आदिलाई पनि सामान्य रुपले सात **सम्बोज्भङ्ग**को भाविता गरेको हुन आउछ्। **बोज्भ**ङ्गको विशेष रुपले अलग्ग अलग्ग भाविता गर्नको निमित्त **बोज्भङ्ग** का अर्थकथाहरु हेर्नुहोस् ।

**'विवेकनिस्सितं' -** सम्पूर्ण संस्कार **पलिबोध** शान्त भएकोलाई आधार गरेको,'**विराग निस्सितं**' - राग शान्त भएकोलाई आधार गरेको, **'निरोध निस्सितं' -** सम्पूर्ण **वट्ट** दु : ख निरोध भई शान्त भएकोलाई आधार गरेको, **'ओस्सग्गपरिणामिं' -** चार **उपधि** लाई त्याग शान्त भएकोलाई आधार गरेको, **'सति सम्बोज्भङ्ग**ले स्मृतिलाई भाविता मर्दछ ।

**'भव बम्पत्ति** र **भोग सम्पत्ति** मा कुनै प्रकारको भुकाउ नहुनु, यसै जीवनमा सत्काय- दुष्टि, अनुसय-भूमि सम्पूर्ण रुपले निरोध हुनेमा भुकाउ भई केवल **'विवट्टनिस्सितं'** हुनेलाई **'विवेक निस्सितं', विरागविस्सितं, निरोध निस्सितं'** भनेको हो । **बोज्भङ्ग, सम्बोज्भङ्ग** र समाधि अङ्गका अर्थ पनि यस्तै हुने ।

सात सम्बोज्भङ्ग समाप्त ।

## अष्ठम परिच्छेद

## आठ मग्गङ्ग

**मग्गङ्ग**को परिचय हो - -

**"किलेसे मारेन्तो निब्बानं गच्छति एतेनाति मग्गो । "**

अर्थ - यी धर्मले सत्काय-दुष्टि, आदि क्लेशलाई हटाई अपाय दुःख अन्त गरी निर्वाणसम्म पुरयाइदिनमा समर्थ भएकोले **मग्ग** (मार्ग) भनिन्छ ।

१) **सम्मा-दिटिठ् -** सम्यक् - दृष्टि,
२) **सम्मा - संकल्प** - सम्यक् - संकल्प
३) **सम्मा - वाचा** - सम्यक् - वचन
४) **सम्मा - कम्मन्त** - सम्यक् - कर्मान्त्
५) **सम्मा - आजीव** - सम्यक् - आजीविका
६) **सम्मा - वाधाम** - सम्यक - व्यायाम
७) **सम्मा - सति** - सम्यक् - स्मृति र
८) **सम्मा - समाधि** - सम्यक् - समाधि ।

यी आठै मार्ग लोकेत्तर ज्ञान दर्शन विशुद्धिमा समावेश भएका छन् । पहिलो विशुद्धिको शील-विशुद्धिमा सम्यक्-वचन, सम्यक्-कर्मान्त् र सम्यक्-आजीविका मात्र समावेश भएका हुन्छन् । यी मार्गाङ्ग (सम्यक्-वचन, सम्यक्-कर्मान्त् र सम्यक्-आजीविका) चित्त-विशुद्धि, आदिमा समावेश हुँदैनन् ।



Downloaded from http://dhamma.digital/

यसकारण बोधिपक्षीय- धर्ममा शील विशुद्धिको अर्थ हो - **'विवेक निस्सितं र विराग निस्सितं';** जस अनुसार -

**'सम्मावाचं भावेति, विवेक निस्सितं, विराज निस्सितं, निरोध निस्सितं, वोस्सग्गपरिणामिं ।**
**'सम्माकम्मन्तं भावेति, विवेक निस्सितं, विराग निस्सितं, निरोध निस्सितं, वोसग्गपरिणामिं ।**
**सम्मा-आजीवं भावेति, विवेक निस्सितं, विराग निस्सितं, निरोध निस्सितं, वोस्सग्गपरिणामिं ।"** [A]

यहाँ **भव-सम्पत्ति**मा झुकाउ भएको **वट्ट निस्सित** शीललाई लिँदैन । यसै जीवनमा आर्य-मार्ग र फल प्राप्त गर्न सकिने शील - विशुद्धलाई जानाजानी पालन गर्न छोड्नेहरुलाई **आदिबहाचरियक** शील को विशुद्धता हुदैंन, त्यकारण यसमा बोधिपक्षीय श्रेणीका विशुद्धता पनि हुदैंन । अर्का भवमा निर्वाण प्राप्त गर्न लक्ष्य लिई शील पालन गरिएमा त्यो पारसी शील हुन जान्छ जुन **वियट्ट-निस्सित-सील**का एक अशं हुन् ।

सम्यक्-संकल्प वितर्क चेतसिक हो । यसैले यो प्रज्ञाको अग्रदूत हो । यो प्रज्ञाको श्रेणीमा पर्दछ । तीन प्रकारका संकल्प छन् । ती हुन् : नैष्क्रम्य संकल्प, अव्यापाद संकल्प र अविहिंसा संकल्प । जसरी कोही व्यक्तिलाई कारावासमा राख्दा वा त्यसलाई शत्रुपक्षले सेनाद्वारा घेरा हाल्दा वा त्यसलाई जङ्गलको आगोले घेरिदां अथवा पोखरीमा माछालाई जालमा पार्दा अथवा चरालाई पिंजरामा थुन्दा त्यस व्यक्ति वा त्यस प्राणीले नखाइकन, नसुतिकन केवल यही चिन्तामा मात्र डुब्दछ कि 'यस बन्धनबाट कसरी मुक्त होउँ', त्यस्तै किसिमले सम्यक्प्रधान बीर्य भएका व्यक्तिहरुले आफ्ना सन्तानमा निरन्तर भई आएको पुराना उत्पत्र अकुशल कर्म र नयाँ अनन्त अनुत्पत्र अकुशल कर्मको बन्धनबाट मुक्त हुने उपाय र कोशिश गदृछन् । त्यसैलाई नैष्क्रम-संकल्प मार्गङ्ग भनिन्छ । यसै जीवनमा वट्ट-दु : ख (भव-चक्र) बाट मुक्त हुने उपाय सोच्ने - यो एक प्रकारको संकल्प हो ।

**मेत्ता-झान** (मैत्री-भावना) सगं सम्बन्धित् संकल्पलाई अव्यापाद-संकल्प भनिन्छ । **करुणा-झान** (करुणा-भावना) संग सम्बन्धित् संकल्पलाई अविहिंसा-संकल्प भनिन्छ । बाँकी रहेको सबै ध्यान-मार्गसंग सम्बन्धित् संकल्पलाई **नेक्खम-संकल्प** (नैष्क्रम्य-संकल्प) भनिन्छ । यसरी प्रकट भएको स्थान विशेषलाई जान्नु पर्दछ ।

सम्यक्- दुष्टि, सम्यक्-व्यायाम, सम्यक्-स्मृति, र सम्यक्समाधि यी चार मार्गङ्गका स्वरुप माथि बोज्झङ्गमा उल्लेख भइसकेको छ ।

सम्यक्-दृष्टि र सम्यक्-सकल्प **पञ्ञा-क्खन्ध** (प्रज्ञा-स्कन्ध) हुन् । यी दुइ मार्ग प्रज्ञा स्कन्धको पर्दछन् । स्कन्धको अर्थ हो - भाग वा समूह । सम्यक्-वचन, सम्यक्-कर्मान्त् र सम्यक्-आजीविकालाई शील-स्कन्ध भनिन्छ । यी शील-स्कन्धमा पर्दछन् । सम्यक्-व्यायाम, सम्यक्-स्मृति र सम्यक्-समाधि समाधि-स्कन्ध हुन् । यी समाधि-स्कन्धमा पर्दछन् ।

**सीलक्खन्धमग्गङ्ग - -** यसै जन्ममा **दिट्ठि-अनुसयभूमि**लाई नष्ट गर्न हेतुले पालन गरिएमा **आजीवट्ठमक** शील लौकिक शीलस्कन्ध मार्गङ्ग हुन आउछँ । यो शील-विशुद्धि हो ।

दुई प्रकारका **आजीवट्ठमक** शील छन् - गृहस्थको **आजीवट्ठमक** शील र भिक्षुको **आजीवट्ठमक** शील । ती मध्ये तीन **कायदुच्चरित्त** र चार **वचौ दुच्चरित्त** बाट विरतु रहनु गृहस्थहरुको **आजीवट्ठमक** शील हुन् । **अट्ठङ्ग उपोसथ** शील र **बसङ्ग** शील **आजीवट्ठमक** शील भित्र पर्दछन् । **अट्ठकथा**मा वर्णन गरिए अनुसार यी २२७ शिक्षापद **काय-कम्म** र **बची-कम्म** दुइमा समावेश भएको हुन्छ । विनय पिटकमा उल्लेखित अरु बाँकी रहेका शील-स्कन्धले भिक्षु **आजीवट्ठमक** शीललाई पालिश लगाउँदछ ।

जमिनमा रुख बढे झैं चित्त-विशुद्धि, आदि ६ प्रकारका विशुद्धि शील-विशुद्धि चित्तविशुद्धि, आदि बीचमा पाचँ विशुद्धिसंग आफू नमिसिकन पहिले झैं शुद्ध भई रहेको हुन्छ । लोकोत्तर ज्ञान-दर्शन विशुद्धि शील-स्कन्ध मार्गङ्गको तीन अङ्गको (सम्यक्-वचन, सम्यक्-कर्मान्त्, सम्यक्-आजीविका) रुपमा मिल्दछ ।



Downloaded from http://dhamma.digital/

बीचका पाचँ विशुद्धि किन नमिलेको भने आलम्बन समान नभएको कारणले हो । लोकोत्तर-विशुद्धि आलम्बन समान भएकोले सहजात रुपले मिलेर काम गर्दछ ।

सीलक्खन्ध मग्गङ्ग समाप्त ।

**समाधिक्खन्ध मग्गङ्ग - - समाधिक्खन्ध मग्गङ्ग** अनुसार भावनाको तरिका दुइ प्रकारका छन् - **सुद्ध विपस्सना यानिक** (शुद्ध विपश्यना भावना मात्र गर्न) र **समथ विपस्सना यानिक** (शमथ र विपश्यना दुबै भावना गर्न) । शील-विशुद्धि पूर्ण भइसकेपछि कायगता-स्मृतिको अभ्यासद्वारा शमथ भावनामा नलागिकन दृष्टि-विशुद्धि, आदि शुद्ध-विपश्यना भावना गर्न तरिकालाई शुद्ध विपश्यना-यानिक भनिन्छ । कायगता-स्मृति स्थापना गरिसकेपछि ध्यान समापत्ति, आदि शमथ मागृमा आरुद्ध भई प्रथम-ध्यान समापत्ति, दुतीय ध्यान-समापत्ति, तृतीय ध्यान-समापत्ति, चतुर्थ ध्यान-समापति, पञ्चम ध्यान-समापत्ति, **आकासानञ्चायतन, विञ्ञाणञ्चायतन, अकिञ्चञ्ञायतन, नेवसञ्ञानासञ्ञायतन** ध्यान-समापत्ति प्राप्त भइसकेपछि दृष्टि-विशुद्धि, आदिबाट विपश्यना मार्गमा आरुद्ध भई कोशिश गर्न तरिकालाई शमथ-विपश्यना-यानिक मार्ग भनिन्छ ।

यी दुइ तरिका मध्ये (१) शुद्ध-विपश्यना-यानिकमा यी समाधि-स्कन्ध मार्गङ्ग तीन- **सुञ्ञत-समाधि, अनिमित्त-समाधि** र **अप्पणिहित-समाधि-** तीन समाधिको नामले शमथ कृत्य र चित्तविशुद्धि कृत्य परिपूर्ण गर्दछ ।

उपर्युक्त शील-विशुद्ध र कायगता-स्मृतिको अनुगमन गर्दा **खणिक** (क्षणिक) **समाधि**कृत्य-पूर्ण हुन्छ ।

समाधिक्खन्ध मग्गङ्ग समाप्त

**पञ्ञाक्खन्ध मग्गङ्ग-पञ्ञाक्खन्ध मग्गङ्ग** दुइमा शील-विशुद्धि र कायगता-स्मृति देखि शुद्ध-विपश्यना यानिक मार्ग र शमथ विपश्यना यानिक मार्गको दुबै तरिकामा योग्यतानुसार प्रज्ञा कृत्य पूर्ण गर्दछ । यी कथन दुवै **लोकिय मग्गङ्ग** र **लोकुत्तर मग्गङ्ग**संग सम्बन्धित् छन् ।

अब म **लोकुत्तर मग्गङ्ग**मा स्रोतापति मार्गङ्गको तरिका दर्शाउँछु । बुद्ध-शासनमा प्राप्त भई गएका आर्यहरु मध्ये सबभन्दा तल्लो तहमा जसलाई **वट्टाभिरत** (बोँ-सी-साँ = Bon-Sin-San) अर्थात्**सुक्खविपस्सक सोतापन्न** भनिन्छ, त्यसलाई चिनाउने कार्य यस पुस्तकले लक्ष लिइएको कुरो याद राख्नु पर्दछ । वर्तमान कालमा विशाख, अनाथ-पिण्डिक, देवराज शक्र, चूलरथ देव, महारथ देव, अनेक वर्ण देव, चार चतुरमहाराजिक देव राजाहरु सूर्य चन्द्रका आरक्ष देवाताहरु, आदि **वट्टाभिरत** स्रोनापत्र आर्यहरु चतुरमहाराजिक देवलोकमा असंख्य छन्, तावतिस देवलोकमा पनि असंख्य छन् र अरु उच्च देवलोकहरुमा पनि असंख्य छन् । ती पुद्गलहरुले काम-लोकमा बढीमा सात पटक मात्र प्रतिसन्धि लिन्छन्, प्रत्येकले छ (चतुर्थ ध्यान ब्रह्मलोक) मध्ये एक जन्म चतुर्थ ध्यान लोक अथवा **ब्रह्म-लोक**मा लिन्छ ।(?) प्रथम, दुतीय र तृतीय ध्यान ब्रह्मलोकमा जन्म लिने संख्या अनिश्चित छ ।

तिनीहरुलाई स्रोतापत्र किा भनिएका हुन् ? हिमालय मुहान भएका पाचँ ठूला नदीहरु र पाचँसय सान-साना नदीहरु माथितिर नवगिकन केवल तलतिर बग्दै महासागरमा मिल्दछन् । यसैले ती स्रोत भनिएका हुन् । त्यस्तै किसिमले आर्यहरु पृथक्जनहरुको अवस्थामा फर्कन्दैनन् बरु **अनुपादिसेस निब्बान** प्राप्त नभएसम्म अगाडि बढ्दै जान्छन् । पृथक्जनहरुमा उचस्थ ब्रह्मलोक(**भवग्ग**) सम्म उत्पत्र हुन सक्ने



Downloaded from http://dhamma.digital/

क्षमता भएता पनि अवीचि नरकसम्म खस्न सक्ने उत्तरदायित्व पनि रहेको हुन्छ; तर आर्यहरु अपाय-लोकमा उत्पत्र हुदैंनन् र पतन हुदैंनन् बरु तिनीहरुमा लगातार उच्चलोकमा उत्पत्र हुने प्रवति रहेको हुन्छ। पृथक्जनहरुमा रुप र अरुप-लोकमा **तिहेतुक** ब्राह्मा हुन सक्ने क्षमता भएता पनि तिनीहरु कुकुर, संगुर, आदि अहेतुक-दुर्गति प्राणीमा जन्मने उत्तरदायित्व पनि रहेको हुन्छ ; जहाँ आर्यहरु पृथक्जनहरुको अवस्थामा फर्कनुको बदलामा प्रत्येक जन्म आर्यहरुको उच्च स्थितिमा उक्लंदै जान्छन्।

यसरी आर्यहरु जुन लोकमा जन्मे पनि अथवा जुन अवस्था प्राप्त गरे पनि तिनीहरुले प्रत्यागमन गर्नुको सत्तामा एक लोकबाट अर्का लोकमा, एक अवस्थाबाट अर्का अवस्थामा झन् झन् माथि उक्लन्दै अनेक जन्म र अनेक कल्प नवितुञ्जेल सम्ममा उच्चस्थ लोक र उच्चस्थ-अवस्था प्राप्त गरी त्यही स्कन्ध नामक पाचँ महाभूतलाई परित्याग गरी **अनुपादिसेसनिब्बान** प्राप्त गर्दछन्। यस एक मात्र मार्गको आरोहण गरी पार लाग्ने तरिकालाई **धम्म सोत** (धर्म स्रोत) भनिन्छ। धर्म स्रोतमा सम्यक्-दृष्टि स्रोत, सम्यक्-संकल्प स्रोत, सम्यक्-वचन स्रोत, सम्यक्-कर्मान्त् स्रोत, सम्यक्-आजीविका स्रोत, सम्यक्- व्यायाम स्रोत, सम्यक्-स्मृति स्रोत र सम्यक्-समाधि स्रोत समावेश छन्।

**सम्यक्-दृष्टि स्रोत - -** सत्काय-दृष्टिको अनुसय भूमि विनाश भएपछि त्यसको स्थानमा चार आर्य-सत्यको आभास (ज्योति) साक्षत्कार गर्न सक्ने सम्यक्-दृष्टि -भूमी रहन्छ।

रातभरी अन्धकार भइरहेको ठाउँमा सूर्य उडाउँदा आलोक प्रकाशित भए झैं सम्यक्-दृष्टि रुपी आलोक-भूमि **अनसपादिसेसनिब्बान** प्राप्त नभएसम्म अनेक जन्म र एक पछि अर्का कल्पसम्म स्थिर रहन्छ। सम्यक्-दृष्टि रुपी महान ज्योतिपुञ्ज **अनुपादिसेस निब्बान** प्राप्त नभएसम्म अनेक जन्म र अनेक कल्पसम्म एक भवबाट अर्का भवमा प्रकाश झन् झन् बढ्दै गई स्थिर रुपले प्रतिस्थापित हुन्छ।

लोकमा आमाको पेटबाट जन्मन्दैमा दुबै आँखा आखाँको जालोले ढाकिएर आलोक कहिल्यै नदेखेकोलाई **विज्जामय** (असल औषधी) औषधी लगााई दिएमा त्यस जालो हट्न गई आखाँले देख्ने मानिस जस्तै हुन्छ। आँखाको जालो हट्ने बित्तिकै पृथ्वीका दृश्य, पर्वत्, आकाश, सूर्य, चन्द्र, ताराहरु, आदि उसको निमित्त प्रष्ट हुन्छ र त्यसपछि उसको जीवनभर देखी नै रहन्छ।

यस्तै किसिमले स्रोतापत्र आर्यलाई प्रत्येक जन्ममा तीन लक्षण (**ति-लक्खण**) र चार आर्य-सत्य प्रकाश हुन्छ। माथि उल्लेखित उदाहरण झैं यदि उसले देख्न चाहेमा आकाश, चन्द्र, सूर्य जसरी स्पष्ट देख्दछ त्यस्तै तीन लक्षण र चार आर्य-सत्य देख्दछ।

यसरी सम्यक्-दृष्टि स्रोतको स्थापना हुन्छ।

**"सम्मा दिट्ठिस्स तम्मा संकल्प पहोति।"**

अर्थ-सम्यक्-दृष्टि स्थापना भयो भने सम्यक्-सकंल्पको वृद्धि हुन्छ।

**मग्ग-संयुत्त** पालि अनुसार आर्य-पुद्गलको वट्ट दुः खबाट मुक्त हुने संकल्प, प्राणीहरुलाई विनाश नर्गन संकल्प, प्राणीहरुलाई दुः ख पीडा नदिने संकल्प नामक सम्यक्-संकल्पको साथै यसले **अनुपादिसेस-निब्बान** प्राप्त नभएसम्म एक जन्मबाट अर्का जन्ममा उत्तरोत्तर वृद्धि गर्द लैजान्छ।

यसरी सम्यक्-संकल्प स्रोतको स्थापना हुन्छ। अर्थकथामा भनिएको छ - **सम्मादिट्ठिस्स =** सम्यक्-दृष्टि ज्ञान स्थापना गर्न आर्य पुद्गललाई **'सम्मा-संकल्प'** = उत्तम विचार 'पहोति' =वृद्धि हुन्छ।



Downloaded from http://dhamma.digital/

**"सम्मा संकप्पस्स सम्मा वाचा पहोति ।"**

सांसारिक क्लेशबाट मुक्त हुने संकल्प र अरुहरुको सुख र सुविधा हेर्न संकल्प सधैं स्थापना भएमा **वची दुच्चरित**बाट अलग्ग भएका वचन सधैं स्थापना भई वृद्धि हुन्छ ।

**"सम्मा वाचस्स सम्मा कम्मन्तो पहोति ।"**

बची दुच्चरित्तबाट अलग्ग रहेको वचन स्थापना भएमा **कायदुच्चरित्त**बाट अलग्ग रहेका प्रसत्र भएको काय-कर्म सदाको लागि देखा पर्दछ र यसको वृद्धि हुदैं जान्छ ।

यसरी सम्यक्-कर्गान्त् स्रोतको स्थापना हुन्छ ।

**"सम्मा कम्मन्तस्स सम्मा आजीवो पहोति ।"**

दृष्टि, संक्लप, काय-कर्म र बची-कर्म शुद्ध भएपछि आजीविका पनि सदाको लागि शुद्ध हुन्छ र त्यस व्यक्ति नीच र हीन आजीविकाबाट सदाको लागि मुक्त हुन्छ ।
यसरी सम्यक्-आजीविका स्रोतको स्थापना हुन्छ ।

**"सम्मा आजीवस्स सम्मा वायामो पहोति ।"**

दुष्टि, संकल्प, काय-कर्म, बची-कर्म र आजीविका परिशुद्ध भएमा **दुच्चरित्त** र **दुराजीव** बाट परिशुद्ध भएको वीर्य सदाको लागि स्थापना हुन्छ ।
यसरी सम्यक्-व्यायाम स्रोतको स्थापना हुन्छ ।

**"सम्मा वायामस्स सम्मा सति पहोति ।"**

यसरी शील, समाधि र प्रज्ञामा स्थिर भएको सम्यक्-स्मृति **मग्गङ्ग** एक भवबाट अर्का भवमा प्रतिस्थापित हुँदै जान्छ ।
यसरी सम्यक्-स्मृति स्रोतको स्थापना हुन्छ ।

**"सम्मा सतिस्स सम्मा समाथि पहोति ।"**

शील, समाधि र प्रज्ञामा स्थिर भएको चित्तलाई आफ्नो वशमा राख्ने सम्यक्-समाधि **मग्ग** सदाको लागि वृद्धि हुन्छ । यसरी सम्यक्-समाधि स्रोतको स्थापना हुन्छ यसरी स्रोतापत्र अवस्था प्राप्त गरेको क्षणदेखि **अनुपादिसेसनिब्बान** प्राप्त नभएसम्म त्यस सत्वले अनेक जन्म र अनेक कल्पना आठ **मग्गङ्ग** नामक **धम्मसोत** प्रतिस्थापना गरी वृद्धि गर्द लैजान्छ ।

कायगता-स्मृति स्थापना गरेको क्षणदेखि माथि दर्शाइए अनुसार वृद्धि हुदैं जाने भए तापनि नियामको अवस्थामा नपुगेसम्म त्यस सत्वलाई **अरियसोत** भनिन्दैन । स्रोतापनि मार्ग आर्यस्रोतदेखि आसम्भ हुन्छ । सत्वहरु स्रोतपति मार्गमा पुग्नै वित्तिकै आर्य-स्रोतको क्षेत्रको प्रवेश गर्दछन् ।

यसकारण भनिएको छ -

**"सोतं आदितोपज्जिंसु पापुनिंसूति सोतापन्न ।"**

अर्थ-सर्व प्रथम आर्य स्रोतमा पुगेकालाई स्रोतापत्र भनिन्छ ।
"स्रोतपत्र किन भनिएका हुन्?" भन्ने प्रश्नको उत्तर समाप्त ।

सत्व आर्यहरुको अवस्थामा पुग्ने वित्तिकै पृथक्जनको अवस्थाबाट अतिक्रमण गर्दछ । उनीहरु लौकिक भूमि निवासीमा गनिन्दैनन्; लोकोत्तर भूमि निवासीमा गनिन्छन् । उनीहरु **वट्ट-दुक्ख** सगं



Downloaded from http://dhamma.digital/

सम्बन्धित् प्राणीमा गनिन्दैनन् ; निर्वाण भूमि निवासीमा गनिन्छन् । उनीहरु अनेक जन्म र अनेक कल्पको क्रममा निर्वाणको प्रथम अवस्थाबाट च्यूत हुँदैनन् । उनीहरु सत्काय दृष्टिको अनुसय भूमिमा फर्कन योग्य हुदैंनन् अर्थात पृथक्जनको अवस्थामा फर्कदैनन् । उनीहरु **स-उपादिसेस निब्बान-**को पहिलो अवस्थामा स्थायि रुपले आरुढ भइसकेका हुन्छन् र अनेक भव-चक्र र लोक-चक्रको अवधिमा इच्छानुसार उनीहरुले मनुष्य, देव र ब्रह्माको सुख-सुविधा अनुभव गर्दछन् ।

यी आर्यहरुलाई मार्ग र फल प्राप्त हुना साथै यस आठ **मग्गङ्ग** तत्क्षणमा नै प्राप्त हुन्छ । उदाहरण स्वरुप-लौकिक कुशल क्षणमा तीन शील-स्कन्ध मार्गङ्ग शील कुशलसंग सम्बन्धित् रहन्छ । तीन समाधि-स्कन्ध मार्गङ्ग र दुई प्रज्ञास्कन्ध मार्गङ्ग चाहिँ अनेक प्रकारका कुशल कर्मसंग सम्बन्धित् रहेको हुन्छ । तीन शील-स्कन्ध मार्गङ्ग शील कुशल कर्मसंग मात्र सम्बन्धित् रहेता पनि आर्यहरुमा अनेक जन्म, अनेक कल्पसम्म **अवीतिपकम** शीलको रुपमा स्थिर स्थापना हुन्छ ।

आठ मग्गङ्ग समाप्त ।

सैंतीस बोधिपक्षीय धर्ममा १४ सार धर्म समावेश भएका छन् । ती हुन् - **छन्द, चित, तत्र-मज्झत्तता, सद्धा, पस्सद्धि, पञ्ञा, वितक्क, वीरिय,** तीन विरति, सति, पीति, र एकग्गता ।

## नवम् परिच्छेद

## बोधिपक्खिय धम्म कसरी अभ्यास गर्न ?

बुद्ध-शासनमा समागम भएका सत्वहरुले **अरियसोत** (आर्य स्रोत) को स्तर सम्म पुग्नको लागि पहिले शील-विशुद्धिको स्थापना गरी माथि उल्लेखित् बोधिपक्षीय-धर्मको अभ्यास गर्नु पर्दछ ।
अब म अभ्यास गर्न तरिकाको छोटो विवरण प्रस्तुत गर्दछु ।

सात विशुद्धिको अभ्यास नै बोधिपक्षीय धर्मको अभ्यास हुन आउँछ ।
विशेषत "चित्त-विशुद्धि" शमथ यानिक तरिका अपनाउने साधकहरुलाई मात्र आवश्यक हुन्छ ।

**"मग्गामग्ग ञाणदस्सन विसुद्धि"** 'आर्य मार्ग र फल प्राप्त नभएतापनि प्राप्त भइसक्यो' भनी ठान्ने ती **अधिमानिक** व्यक्तिहरुलाई मात्र आवश्यक हुन्छ ।

**सील विसुद्धि, कङ्खावितरण विसुद्धि, पटिपदा ञाणदस्सन विसुद्धि** र **लोकुत्तर विसुद्धि** - यी पाचँ विशुद्धि सबै प्रकारका व्यक्तिहरुसंग सम्बन्धित् रहन्छन् ।

यी पाचँ विशुद्धि मध्ये शील-विशुद्धि तीन **सीलक्खन्ध मग्गङ्ग**मा उल्लेख भइसकेको छ । यो **आजीवट्ठमक सील** पालन गर्नु झैँ हुन् ।

साधारणतः चित्त-विशुद्धि कायगता स्मृतिको स्थापना गर्नु हो । **आनापान** (श्वास-प्रश्वास) बाट कायगता-स्मृतिको अभ्यास गर्न सकिन्छ । शरीर जुनसुकै **इरियापथ**मा रहेता पनि इच्छा हुने बेलामा श्वास-प्रश्वासमा ध्यान दिनु सामान्य रुपले कायगता-स्मृतिको अभ्यास गर्न हो ।**"गच्छन्तो गच्छामीति**



Downloaded from http://dhamma.digital/

**पजानाति"** अर्थात् 'गईरहे गइरहेको छु' आदि रुपले जान्नुमा ध्यान दिई कायगता-स्मृतिको अभ्यास गर्न सकिन्छ र शारीरिक सञ्चालन कार्यमा स्मृति सम्प्रजन्यद्धारा कायगता-स्मृतिको स्थापना हुन्छ । **द्वतिंसाकार** मध्ये **तचपञ्चक** द्वारा पनि कायगता-स्मृतिको स्थापना गरिन्छ । यहाँ, कपाल, रौँ, नङ्ग, दात र छालालाई **तचपञ्चक** भनिन्छ । शरीर जुन सुकै **इरियापथ**मा रहेता पनि इच्छानुसार यी **तचपञ्चक**मा अविछित्र रुपले ध्यान दिन सकेमा कायगता-स्मृतिको स्थापना गरेको हुन्छ । आफ्नो शरीरमा भएको **अट्ठि** (हाड) द्वारा पनि कायगता-स्मृतिको स्थापना गर्नु हुन्छ । आफ्नो टारकोको हाडमा स्थिर र अविछिन्ने रुपले ध्यान दिन सकेमा पनि कायगता-स्मृतिको अभ्यास गरेको हुन्छ । शुरु शुरुमा शरीरका नाम र रुप स्कन्धलाई विश्लषणात्मक रुपले ध्यान दिन सकेमा कायगता-स्मृति भावना पूर्ण हुन्छ ।
यो भयो कायगता-स्मृति भावना गर्न संक्षिप्त तरिका ।

**दिट्ठि-विसुद्धि**को क्रममा **पथवी धातु, आपो धातु, तेजो धातु, वायो धातु, आकास धातु, विञ्ञाण धातु** भनी यी ६ धातुलाई शरीर-स्कन्धमा विश्लेषणात्मक रुपले छुट्याउन सकेमा **दिट्ठि विसु**द्धिको कार्य पूर्ण हुन्छ ।

**कङ्खावितरण विसुद्धि**को क्रममा माथि उल्लेखित् चार **धातु** र **आकास धातु** उत्पति-हेतु कर्म, चित्त, ॠतु र आहार हुन् । छ **विञ्ञाण** उत्पत्ति हेतु भित्र-भित्र आलम्बन छ बस्तु रुप हुन् । यी ६ हेतु-समूहलाई नियन्त्रण गर्न सकेमा **कङ्खावितरण विसुद्धि** पूर्ण हुन्छ ।

**पटिपदा ञाणदस्सन विसुद्धि**को अर्थ हो - अनित्य, दुःख र अनात्मका तीन लक्षण । माथि उल्लेखित् ६ धातुमा यी तीन लक्षणलाई राम्रोसंग जान्न सकेमा **पटिपदा ञाणदस्सन विसुद्धि** प्राप्त हुन्छ ।

**लोकुत्तर ञाणदस्सन विसुद्धि**को अर्थ हो, चार **लोकुत्तर मग्ग ञाण ।**

यो भयो पाँच विशुद्धिको संक्षिप्त विवरण [A]
संक्षेपमा बोधिपक्खिय धम्म समाप्त ।

---

**A. चार धातु, ६ विञ्ञाण छुट्याउने विधि, भावना गर्ने विधिको विस्तृत वर्णनको निमित्त मेरो "लक्खण दीवपनी", "विज्जामग्ग दीपनी" र "आहार दीपनी" हेर्नुहोस् ।**

दसम् परिच्छेद
सासन-दायाद

यो सैंतीस बोधिपक्षीय धर्मलाई बुद्धका शासन-दायाद भनिन्छ । यी उत्तम शासनमा असंख्य अनन्त मूल्यवान धन हुन् ।

अब 'सासनदायज्जमा के के समावेश भएका छन्' भन्ने परीक्षा गरुँला ।

सासनदायज्जाको अर्थ हो, शासन अंश प्राप्त गर्ने क्रिया ।



Downloaded from http://dhamma.digital/

"दातब्बन्ति दायं ।"
अर्थ-जुन वस्तु अंशको रुपमा दिइन्छ त्यसलाई 'दाय' भनिन्छ ।
आमा-बाबुले आफ्ना छोरा-छोरीलाई यो साँचिकै दिन योग्य अंश हो ।

"दायं भादयातीति दायादो ।"
अर्थ-अंश पाउन योग्य भएकोले दायादो भनिएको हो ।

छोरा-छोरीहरु अथवा उत्तराधिकारीहरुको जो अंश पाउनमा योग्य छन् ।

"दायादस्स कम्मं दापज्जं ।"
अर्थ - अंशियारहरुले अंश पाउने क्रियालाई 'दायज्जं' भनिन्छ ।

"सासनस्स दायज्जं सासनदायाज्जं ।"

अर्थ-शासनको अंश पाउने कार्यलाई सासनदायाज्जं भनिन्छ ।
बुद्धको अंश प्राप्त गर्ने क्रियालाई 'बुद्धदायाज्ज' भनिन्छ । पहिले म दायाद-प्रकृतिलाई दर्शाउँछु । दुइ अंश-शासनमा आमिस र धम्म नामक दुइ प्रकारका दायाद छन् ।
(१) आमिस दायाद-भिक्षुको भिक्षा, चीवर, सयनासन र गिलान प्रत्यय नामक चतुप्रत्ययलाई आमिस दायाद भनिन्छ ।
(२) धर्म दायाद- शील, समाधि, प्रज्ञा नामक तीन शीक्षा; सील विसुद्धि, चित्त विसुद्धि, आदि सात विसुद्धि; चार सतिपट्ठान, चार सम्मप्धान, आदि सैतीस बोधिपक्षीय धर्मलार्य धर्म-दायाद भनिन्छ ।

धर्म-दायाद पनि दुइ किसिमका छन्-ती हुन्-(क) लोकिय धम्म-दायाद र (ख) लोकुत्तर धम्म-दायाद ।
(क) शील, समाधि प्रज्ञाको लौकि शीक्षा, छ लौकिक विशुद्धि र लौकिक विशुद्धिसंग सम्बन्धित् सैतीस बोधिपक्षीय धर्मलाई लोकिय धम्म दायाद भनिन्छ ।

(ख) लोकोत्तर मार्ग र फल अन्तर्गत तीन शिक्षा, लोकुत्तर ञाणदस्सन विसुद्धि एक र सत्तीस लोकुत्तर बोधिपक्खिय धम्मलाई लोकुत्तर धम्म दायाद भनिन्छ ।

लोकिय धम्म दायाद दुइ प्रकारका छन् ।
i) वट्ट निस्सित धम्म-दायद,
ii) विवट्ट निस्सित धम्म-दायाद ।
अथवा यसरी पनि विभाजित गरिन्छ -
(अ) नियत धम्म-दायाद र
(आ) अनियत धम्म-दायाद ।

i) बुद्ध-शासनमा राजाका गुरु-पुरोहित, आदि हुने लक्ष लिई अथवा दर्जा, शक्ति, परिजन र धन आर्जन गर्ने लक्ष्य लिई अथवा अर्को जन्ममा राम्रो र उच्च तहका देवता र मनुष्य भई जन्म लिने लक्ष्य लिई गरि अथवा अर्को जन्ममा राम्रो र उच्च तहका देवता र मनुष्य भई जन्म लिने लक्ष्य लिई गरिने शील, समाधि र प्रज्ञाको अभ्यासलाई वट्ट निस्सित धम्म दायाद भनिन्छ ।



Downloaded from http://dhamma.digital/

ii) संसार चक्र (लोक-चक्र) तीन प्रकारका छन् । ती हुन्

(१) किलेस वट्ट (क्लेश-चक्र)

(२) कम्म वट्ट (अकुशलकर्म-चक्र)

(३) विपाक वट्ट (फलभोग-चक्र)

यो संसार-चक्रको अन्तलाई विवट्ट वा निर्वाण भनिन्छ । यी तीन प्रकारका वट्ट सबै वा आंशिक रुपमा अन्त गर्ने लक्ष्य लिई गरिने शील, समाधि र प्रज्ञाको अभ्यासलाई विवट्ट निस्सित भनिन्छ । ढ

निर्वाण प्राप्त गर्ने अन्तिम लक्ष्यका साथै निर्वाण प्राप्त नभएसम्म जन्म जन्मान्तरमा सांसारिक सुख-सुविधा प्राप्त गर्ने लक्ष्य लिई गरिने कुशल कर्मको अभ्यास वट्ट र विवट्टसंग सम्बन्धित भएको कारणले यसलाई उभय निस्ति भनिन्छ । पालि पिटकमा केवल **वट्ट** र **विव** मात्र उल्लेख गरिएको छ । **'वट्ट-फल** प्राप्तार्थ बढी झुकाव भएकाहरुले **विवट्ट निस्सित कुसल कम्म** गर्नु पर्दछ' भनी भन्न सकिन्छ ।

(I) **नियत** र **अनियत** दुइ मध्ये पृथक्जन पुद्गलमा भएको सत्काय-दृष्टि **अनुसय भूमि** अत्यन्त व्यापक बल्दो अग्निपुञ्ज समान हुन् । पृथक्जन पुद्गलमा बेला मौकामा गरिने शील, समाधि र प्रज्ञाको अभ्यास त्यस अत्यन्त व्यापक घल्दो अग्निपुञ्जमा मसिनो थोपाको रुपमा परेको पानी समान हुन् । "म शील पालन गर्दछु ; म शीलले संयुक्त छु ; म समाधिको अभ्यास गर्दछु ; मलाई समाधि-ध्यान थाहा छ ; ममा समाधि छ ; म जान्दछु ; म बुद्धिमान छु ; म चलाक छु ; मैले नाम-रुपलाई जान्दछु ; म नाम-रुपको भावना गर्दछु ;" भनी आदि प्रकारले पालन गरिएका शील, समाधि र प्रज्ञाले 'म' 'म' भन्ने सत्काय-दुष्टि नै उत्पत्र गराउने हुनाले अत्यन्त व्यापक बल्दो अग्निपुञ्जमा- यी शील, समाधि प्रज्ञा मसिनो थोपाको रुपमा परेको पानी समान हुन् । जसरी अत्यन्त व्यापक बल्दो अग्निपुञ्जमा मसिनो थोपाको रुपमा बर्सको पानीलाई सुकाएर विलीन गराइदिन्छ त्यस्तै किसिमले यस प्रकारका शील, समाधि, प्रज्ञालाई सत्काय-दुष्टि रुपी विशाल क्षेत्रले विलीन गराई दिन्छ । यसकारण पृथक्जनमा रहेको लौकिक शील, समाधि, प्रज्ञा अनियत जातिमा हुन् । पृथक्जनमा शील, समाधि, प्रज्ञा छ भने तापनि ती **तवङ्ग** वा क्षणिक हुन् ।

(II) स्त्रोतापत्रहरुका आजीवट्टमक लौकिक शील ; बुद्ध, धर्म, संघका अतुलनीय आर्यगुणमा दृढ रुपले जरा हालिसकेका तिनीहरुका लौकिक समाधि ; चार आर्य सत्यलाई साक्षात्कार गर्न भएका तिनीहरुका लौकिक प्रज्ञा नियत जातिमा पर्दछ ।

अनोतप्त दहमा पानीका मसिनो थोपा परिरहे झै यस प्रकारका लौकिक शील, समाधि, प्रज्ञा रत्रोतापत्र पुद्गलमा अनेक जन्म र अनेक कल्पमा विलिन हुदैंनन् ।

यो भयो **लोकिय धम्म दायद** को निर्दशन ।

सात शासनाधिकारी :-

१) **भिक्खु** (भिक्षु)

२) **भिक्खुणी** (भिक्षुणी)

३) **सामणेर** (श्रामणेर)

४) **सामणेरी** (श्रामणेरी)

५) **सिक्खमाना** (शिक्षमाणा)

६) **उपासक** र

७) **उपासिका**

**'सिक्खमाना'** को अर्थ हो, भिक्षुणी हुनु भन्दा पहिलेको अवस्था ।



Downloaded from http://dhamma.digital/

उपर्युक्त सात प्रकारका उत्तराधिकारीहरु मध्ये पहिलो पाचँ **'पञ्चसहधर्मी'** हुन् । बाँकी रहेका दुई स्थिर रुपले त्रि-शरण शरणागत ब्र्ह्मा, देव, मनुष्य, उपासक र उपासिकामा परिगणित हुन्छन् ।
यी सात प्रकारका उत्तराधिकारीहरु मध्ये चतु-प्रत्यय आमिस दावाइ केवल पञ्चसहधर्मीले मात्र उपभोग गर्न सक्तछन् । बाँकी दुइले ग्रहण गर्न सत्तैनन् । **लोकिय** तथा **लोकुत्तर धम्म दायाद** चाहि सबै सातै पक्षले पाउन सक्छन् । यस किसिमको दायद स्वोकार गर्नले **लोकिय सील दायद** को सम्बन्धमा विशेष तथ्यहरु छन् । **लोकुतर-सील दायद** मा पनि **लोकिय-लोकुत्तर समाधि दायद** दुबैमा पनि ; **लोकिय-लोकुत्तर पञ्ञा दायाद** दुबैमा पनि केही विशेषता छैनन् ।
**लोकिय सोल दायाद-लोकिय सील** अनुसार विशेष तथ्यहरु उत्पत्र हुने कारण के हो भने पञ्चसहधर्मीले **विनय सील** र **सुत्तन्त सील** दुबैले अंश मात्र पाउँदछन् । **विनय-सील**को अंश पाउँदैनन् ।
**सुत्तन्त-सील**को अर्थ हो - पञ्चसहधर्माको सम्बन्धमा दीघ निकाय, ब्रह्मजाल सूत्रमा उल्लेखित् शील-समूह ।
उपासक र उपासिकाहरुको सम्बन्धमा त्यस त्यस **सुत्तन्त**मा उल्लेखित् **आजीवट्टभक सील, अट्ठङ्ग उपोसथ सील र दसङ्ग सील** हुन् । **धुतङ्ग सील, इन्द्रिय संवर सील र पच्चयसन्निरिसत सील** पनि **सुत्तन्त सील** नै हुन् ।
**लोकुत्तर सील दायद- लोकुत्तर मग्गङ्ग**मा समावेश भएका **सम्मा-वाचा, सम्मा-कम्मन्त र सम्मा-आजीव**लाई **लोकुत्तर सील दाया** भनिन्छ । यी शील शासनमा पञ्चसहधर्माले प्राप्त गर्न सक्नेले मात्र प्राप्त गर्न सक्तछन् साथै उपासक र उपासिकाहरुले पनि क्षमता भएकाहरुले मात्र प्राप्त गर्न सक्तछन् । यसकारण **लोकुत्तर सील**को सम्बन्धमा कुनै विशेष तथ्यहरु छैनन् । **लोकिय-लोकुत्तर समाधि** र **लोकिय-लोकुत्तर पञ्ञा** दुइ दुइमा पनि यही नियम लागू हुन्छ । सात विशुद्धि र सैतीस बोधिपक्षीय धर्म यी शील, समाधि र प्रज्ञामा समावेश भएका छन् ।
सात शासनधिकारीहरु मध्ये पञ्चसहधर्मीले आफ्नै हितका लागि पनि शासन-अंश प्राप्त गरेका हुन्छन् । साथै त्रिपिटक सहित जम्मा पाचँ हजा वर्ष (५०००) सम्म बुद्ध-शासनाधिकारीहरुले केवल शासन- अंश मात्र प्राप्त गरेका हुन्छन् । शासन-अंश प्राप्त गरेको पुद्गलको स्थान भन्दा भेष धारण सहित अंश सुरक्षा गर्न पुद्गलको स्थान उच्च छ । यसकारण आर्य भई साठी बर्ष भइसकेको उपासकले जन्मले सात वर्षको आज मात्र प्रब्रजित भएको पृथक्जन श्रामणेरलाई पनि वन्दना गर्नु पर्दछ । त्यस्तै प्रकारले अर्हत् भइसकेको भिक्षुले उनी भन्दा एक घण्टा मात्र उपसम्पन्नले जेष्ट भएको पृथक्जन भिक्षुलाई वन्दना गर्नु पर्दछ ।
यो भयो शासनाधिकारीको विविध रुप ।
**धम्मानुधम्म पटिपत्ति -** तीन शिक्षा, सात विशुद्धि, सैतीस बोधिपक्षीर्य धर्म र **नव लोकुत्तर धर्म** अनुकूल प्रतिपदा राम्रोसंग आचरण गर्न सात शासनका अंश प्राप्त पुद्गलहरुलाई **सुप्पटिपन्न** पुद्गल **सामिचिप्पटिपत्र** पुद्गल पनि भनिन्छ । तिनीहरु पृथक्जन भएता पनि आठ आर्यहरुमा प्रथम रत्रोतापनि **मग्गत्थेसेक्ख** पुद्गलरुमा गणना गरिन्छ । तिनीहरुलाई **धम्मानुधम्म पटिपत्र अरिय** पनि भनिन्छ । तिनीहरु अझै पृथक्जन भएकोले **परमत्थ अरिय** रुपमा गनिन्दैनन् ।
उपर्युक्त कथनलाई यसरी स्पष्ट गर्दछु ।
**सेक्खप्पटिपदा,** आदि सूत्रमा भगवान बुद्धले भन्नु भएको **"इमिना अरियेन सीलक्खन्धेन समन्नागतो होति ।"**
अर्थात् **आजीवट्ठमक सील,** आदि वोधिपक्षीय धर्मलाई **अरिय सील, अरिय समाधि** र **अरियपञ्ञा** भनी देशना गर्नु भएको छ ।
**आंशिाक गुणले परिपूर्ण पुद्गल :- - -**



Downloaded from http://dhamma.digital/

यसैले बुद्ध-शासनमा त्रि-शरण सहित सदा **अजीवट्ठमक** शील पालना गरी स्थिर भएको उपासक र उपासिकाहरु भएता पनि आंशिक रुपले **सुपटिपत्र, उजुपटिपत्र, ञायपटिपत्र, सामिचिप्पटिपत्र** गुणले संयुक्त भएता हुन्छन् । तिनीहरुलाई **धम्मानुधम्मप्पटिपत्र अरिय** पनि भनिन्छ ।

**"संघं सरणं गच्छामि ।**
**सुप्पटिप्पन्नो भगवतो सावक संघो ।"**

आदि रुपले **'संघ'** शब्दमा आएको शीलवन्त कल्याण पृथक्जन भिक्षु र भिक्षुणी दुइलाई मात्र गणना गरिन्छ । विनयमा श्रामणेर, श्रामणेरी, शिक्षमाणा, उपासक र उपासिका बाहेक केवल उपसम्पत्र संघलाई मात्र लिइएका छन् ।

सुत्तन्त पिटकको उपदेशानुसार बोधिपक्षीय धर्म अन्तर्गतको **धुम्मानुधम्म पटिपत्ति**को राम्रोसंग आचरण गर्न उपासक वा उपासिका भए पनि तिनीहरुलाई श्रमण, ब्राह्मण, भिक्षु, भिक्षुणी पनि भन्न सकिन्छ ।

धम्मपदमा यसरी भनिएको छ - -

**"अलंकतो चे पि समं चरेय्य, सन्तो दन्तो नियतो ब्रह्मचारी, सब्बेसु भूतेसु निधाय दण्ड, स समणो, स ब्राह्मणे, स भिक्खु ।"**

(-धम्मपद गाथा १४२)

अर्थ- गहणा र वस्त्रले सिंगारिएर पनि शान्त, दान्त, नियम तत्पर ब्रह्मचारी तथा सबै प्राणी माथि दण्ड दिने कुत्सित विचारलाई त्याग गर्न सक्यो भने त्यो श्रमण हो ; त्यो ब्राह्मण हो, त्यो भिक्षु हो ।

उपर्युक्त गाथानुसार बोधिपक्षीय धर्ममा अन्तर्गत **धम्मानुधम्म पटिपत्ति**को अभ्यास गरी निर्मल चित्त भएको व्यक्ति साधारण गृहस्थ भए पनि उसलाई भिक्षु भन्न सकिन्छ ।

यसरी शासन-अंशियारको महत्ता र उच्चता दर्शाइएको छ ।

शासन-अशं दुइ प्रकारका छन् - असल र खराव । शासन-आंशियार पनि असल र खराबको विभेदले दुइ प्रकारका छन् ।

**मज्झिम निकाय**को **मूलपण्णास** पालिको **धम्म दायाद**मा उल्लेख गरिए अनुसार त्यसको सारांशको रुपमा यहाँ म दर्शाउँछु -

**"धम्म दायादा मे भिक्खवे भवय,**
**मा आमिसदायादा । अत्थि मे तुम्हेसु अनुकम्पा ।**
**किन्ति मे सावका धम्म दायादा भवेय्युं,**
**नो आमिस दायादा ति ।"**

अर्थ-भिक्षुहरु, धर्मका अंशियार होऊ । तिमीहरु भौतिक पदार्थका अंशियार नहोऊ । तिमीहरु प्रति मेरो अनुकम्पा छ । मेरो शिष्यहरुमा कुन किसिमले **आमिस-दायाद**लाई त्यागी **धम्म-दायद** हुन् सकुन् - यही तिमीहरु प्रति मेरो अनुकम्पा हो ।

यस गद्यांशको अर्थ निम्न प्रकारले हुन आउछँ ।

बुद्ध-दायाद दुइ प्रकारका छन् -

१) **आमिस-दायाद र**

२) **धम्म-दायाद**

**३) आमिस-दायाद** तीन प्रकारका छन् - -

क) **पच्चयामिस**



Downloaded from http://dhamma.digital/

ख) **लोकामिस** र
ग) **वट्टामिस ।**

(क) पात्र (भोजन), चीवर (वस्त्र), सयनासन (विहार, मन्दिर) र गिलान-प्रत्यय (औषधी) को लााभ सत्कारलाई **पच्चयामिस** भनिन्छ ।
ख) लोकमा नाउँको प्रसिद्धता, गुण शक्तिको प्रभावकारीता, राज गुरु, शिष्य-संघ र दायक-परिषद बहुलता भएकोलाई **लोकामिस** भनिन्छ ।
ग) उच्च स्थानमा जन्म लिने, धनाढय परिवारमा जन्म लिने, इच्छा गरेको वस्तु प्राप्त हुने स्थानमा उप्पत्र हुने, आदि भव-सुखलाई **वट्टामिस** भनिन्छ ।
**धम्म-दायाद**को विषयमा व्याख्या गरिसकेको छु ।
भगवान बुद्धले देख्नु भयो कि उहाँको महापरिनिर्वाण पश्चात् जसरी महासागरले घेरिएको द्वीप बाढी बढेकोले तीन प्रकारका छालद्वारा जलमग्न भई वर्बाद पार्दछ । त्यस्तै किसिमले शासन पनि तीन श्रेणीका **आमिस-दायाद** सीमान्त सम्म बढ्नाको कारणले व्याकुल पार्दछ । यसैले भगवान बुद्धले यस उपदेश दिनु भएका हुन् -
**"धम्म दायादा मे भिक्खवे भवय,**
**मा आमिसदायादा ।"**

**'अनुकम्पा'** को अर्थ हो, भगवान बुद्ध आफ्ना शिष्यहरुलाई हित गर्न कार्यमा चिन्तित हुनु । काढीले गर्दा महासागरको पानी बढ्छ र द्वीपमा रहेका मानिसहरु डुब्छन् र तिनीहरुलाई यताउति बगाउँछन् । भगवान बुद्धको आनुभावले **आमिस-दायाद** वृद्धिको कारणले उहाँको शासनमा रहेका शिष्यहरु पनि डुब्ने छन् र बगाइने छन् । अत : तिनीहरुलाई यस महत्वपूर्ण धर्म-दायाद प्राप्त गराउनको निमित्त भगवान बुद्ध चिन्तित हुनुहुन्थ्यो ।
यसैले उहाँले यस उपदेश दिनु भएका हुन् -

**"किन्ति मे सावका धम्म दायादा भवेय्युं,**
**नो आमिस दायादा ।"**

यी तीन **दायाद** (अंश) भगवान बुद्धलाई चिन्तित गराउने हेतु भएकोले यी **दायाद**लाई उहाँले निरुत्साह गराउनु भएका हुन् । यसैले यी तीन **आमिस-दायाद** खराव अशं हुन् । भगवान बुद्धले प्रसत्र चित्त गर्नु भई धारण गर्नु भएका स्मृति-प्रस्थान आदि सैतीस बोधिपक्षीय-धर्मलाई असल-अशं भनिन्छ ।
असल र खराब अंश (दायाद) दर्शाइसकेपछि असल र खराब अंशियारहरु पनि स्पष्ट हुन आउँछ ।
खास अरी, भगवान बुद्धले प्रशंसा गर्नु भएका आमिस श्रेणीका कुनै अंश पनि छन् भन्ने कुरा विर्सनु हुँदैन् । ती हुन् - **पिण्डियालोप भोजन**[I] **, पंसुकूल चीवर**[II] **, रुकखमूल विहार** [III] र **पूतिमुत्त भेसज्ज** [IV] । यी चार **बुद्ध-दायाज्ज** हुन् । यी चार भगवान बुद्धले पसन्द गर्नु भएका महान् दायाद (अंश) हुन् ।
त्यसो हो भने दाताहरुले दिएका **अतिरेक लाभ**[I] लाई भगवान बुद्धले किन स्वीकृति प्रदान गर्नु भएको' भन्ने विषयमा पनि जान्न आवश्यक हुन आउछँ । जस्तै उहाँ भन्नुहुन्छ ।

**"अतिरेक लाभो विहारो अड्ढयोगो ।"** आदि
अर्थात्, त्रिपिटक नामक **परियत्ति -**शासन **पटिपत्ति** -शासन र **पटिवेघ** -शासनको मूल आधार हो । परियत्ति-शासन स्थिर रुपले प्रतिस्थापित भएमा मात्र अरु दूइ शासन स्थिर रुपले स्थापित हुन सक्तछ ।



Downloaded from http://dhamma.digital/

मानिसको आयु क्षय हुँदै जाने यस क्षयकल्पमा परियत्ति-शासनलाई पाचँ हजार (५०००) वर्ष सम्म जोगाई राख्ने काम सानो होइन । शासन-भार बहन गर्न भिक्षुसंघहरुको काय-बल र ज्ञान-बल दुर्बल हुँदै जान्छन् । "भविष्यमा अतिरेक-लाभलाई त्याग गरी रुख-मूल, इत्यादिमा बसी परियत्ति-शासनको भार बहन गर्न सकिन्दैन" भनी भगवान बुद्धले पहिल्यै देख्नु भयो । एक कारण यो भयो ।
"पारमी परिपक्व नभएका व्यक्तिहरका लागि सक्दो मात्रामा परियत्ति-कार्य, दान दिने, शील पालन गर्न, **पच्चयानुग्गह** (दया दर्शाउने) क्रियासंग सम्बन्धित् अभ्यास गर्न मौका प्रदान गरी अर्का जन्ममा अपाय-लोकबाट मुक्त हुने क्षमता प्राप्त गरी भावी बुद्ध-शासनमा संसार-दुःखबाट मुक्त हुन सकुन्" भन्ने भगवान बुद्धको आभिलाषा थियो । यो भयो अर्का कारण ।

यी कारणहरुले गर्दा **अतिरेक-लोभ आमिस-दायाद**लाई अनुमति दिनु भएकम हुन् ।
त्यसो भए भगवान बुद्धले **आमिस-दायाद**मा डुब्नको लागि नै भन्नु भएको भएा त? विशेषत : यसमा भगवान बुद्धले परियत्ति-शासनको लागि **पच्चयामिस** र **लोकामिस** दुइसंग सम्बन्ध भएता परियत्ति पुद्गललाई **आमिस-तण्हा** र **आमिसदायाद**मा डुब्नबाट वचावत्को निमित्त **"पटिसंखायोनिसो चीवरं पटिसेवती"** आदि **पच्चवेक्खण सुद्धि**को[1] विधिको निर्दशन दिनु भयो । त्यस कारण दुइ प्रकारका **आभिस-तण्हा**मा लिप्त नहुने **पच्चवेब्खणसुद्धि विधि** अनुसार दुइ **आभिस-तण्हा**मा लिप्ते नहुने **पच्चयसम्निसित** शील चेतना ज्ञान-प्रज्ञा रुपी जहाजमा चढेमा **आमिस-दायाद** रुपी समुद्रमा डुब्ने, बगाउने सम्भव छैन ।
**'डुवाउनु'** र **'बगाउनु'** शब्दको अर्थ निम्न अनुसार हुन् -
**'डुवाउनु'** को अर्थ हो, **पच्चयामिस, लोकामिस, वट्टामिस** - यी तीन **आमिस**मा **आदीनव-ञाण** नहुनु ।
**'बगाउनु'** को अर्थ हो, जीवनको तीनै कालमा (जीवन भर) तीन **आमिस**मा सुख आनन्द अनुभव गरी निकै समयसम्म **आदीनव** (दोष) मा स्मृति नहुनु ।
यसैले प्राणीलाई 'डुबाउनु' र 'बगाउनु'बाट बचाउन **धम्मपदमा** भगवान बुद्धले भन्नु भएको छ :-

**"तिण्णं अञ्ञतरं यामं पटिजग्गेय्य पण्डितो ।"**

(-धम्मपद गाथा - १५७)

अर्थ-पण्डितजनले जीवनको तीन अवस्था मध्ये एक अवस्थालाई परिशद्ध पानु पर्दछ ।
भनाईको तात्पर्य हो, कोही व्यक्ति जप्वनको पहिलो अवस्थामा 'डुबिएछ' र 'बगाइएछ' भने जीवनको दोस्रो अवस्थाना उसले आफूलाई तेस्रो अवस्थामा उतार्न र परिशुद्ध गर्न कोशिश गर्नु पर्दछ ।
यहाँ 'आफूलाई परिशुद्ध गर्न' शब्दको अर्थ हो, आफूलाई **आमिस-दायादको** तृष्णाबाट हटाई बोधिपक्षीय-धर्ममा प्रतिस्थापना गर्नु । अर्थात् चार आर्य-वशं धर्मको राम्रोसंग स्थापना गर्नु । ती हुन् ।
**चीवर सन्तोष -** वस्त्रमा सहजै सन्तोष हुने ,
**पिण्डपात सन्तोष -** भिक्षामा सहजै सन्तोष हुने ,
**सेनासन सन्तोष -** बस्ने ठाउँमा सहजै सन्तोष हुने ,
**भावनाराम -** भावनामा आनन्द अनुभव गर्न ।
भगवान बुद्धले भन्नु भएको छ -"जीवनको तीनै अवस्थाका सम्पूर्ण समयमा **आसिम-दायाद** (अशं) मा कोही व्यक्ति 'डुबेको' र 'बगेको' छ भने ऊ अपाय लोकमा पतन हुनेछ ।"
उहाँको **षम्मपद**मा यसरी भन्नु भएको छ :-

**"अयसाव मलं समुट्ठाय, तदुट्ठाय तमेव खादति ।**
**एवं अतिधोन चारिनं, तानी कम्मानि नयन्ति दुग्गतिं ।"**

(-धम्मपद गाथा - २४०)

अर्थ-जसरी फलामबमट निस्केको खियाले फलामलाई नै खान्छ ; त्यस्तै केवल सदाचारको उल्लंघन गर्न व्यक्तिलाई उसको कर्मले उसैलाई दुर्गतिमा पुर्‍याउँछ ।



Downloaded from http://dhamma.digital/

**जुम्रा प्रेत -** भगवान बुद्धले यो उपदेश एक भिक्षुको सम्बन्धमा दिनु भएको थियो ; जो भिक्षु जेतवनमा मरेर आफ्नै पहिलेको चीवरमा जुम्रा भई जन्मेको थियो । किनभने मर्नु भन्दा पहिले त्यस भिक्षुको चित्त चीवरको तृष्णामा परेको थियो । एक जोर चीवरमा परेको तृष्णामा त मानिसलाई अपाय-लोकमा पुर्‍याउँछ भने यो भन्दा बढी तृष्णामा लागेकालाई भन्नु नै के ?

चीवर दान लिंदा सांघिक-सम्पत्ति (विनयानुसार संघको - सम्पत्ति) को रुपमा लिइन्छ । यसैले यसलाई **धामिक्क-सम्पत्ति** (धार्मिक वा नियमानुसार सम्पत्ति) भनिन्छ । भिक्षुहरु पनि २२७ विनय शिक्षा-पद भएका हुन् । २२७ विनय-नियमले सम्पत्र भएको भिक्षुलाई धार्मिक अनुसार प्राप्त भएको एक जोर चीवरले त अपाय-लोकमा पुर्‍याएछ भने लोभको वशमा परी धेरै सम्पत्ति आर्जन गर्न केपल पाचँ शिक्षाले सम्पत्र साधारण गृहस्थहरुका विषयमा भन्नु नै के? यस्तो कुरामा ध्यान दिई मानिसले संवगे उत्पत्र गर्नु पर्दछ ।

**महाजन उपमा -** करोडौं रुपियाँका चाँदी, करोडौं रुपियाका सुन, र करौडौं रुपियाका मोति भएको एउटा धनी मानिस थियो । 'आपत्ति आइ-पर्दा पाचँ शुत्रबाट बच्नको निमित्त र छोरा - नातिहरुले समेत उपभोग गर्न सकुन्' भन्ने मनसायले उसले सबै धन जमिनमा गाडयो र तुरुन्त प्रयोगमा ल्याउनलाई केवल साठी हजार रुपियाँ, धान, चामल, लुगा-फाटो र गहणा बाहिर राख्यो ।
यस धनी मानिसका छ वटा छोराहरु थिए । उसको मृत्यु पछि छ वटै छोरा (अंशियार)हरुले ती सम्पत्ति छ भागमा बराबर गरी बाँडे । त्यस्तै गरी जमीन मुनि गअडिएका धनमा पनि चिट्ठे राखे । 'यी गाडिएका धन ती आंशियारहरुले आफ्-आफैले खनेर लिन सके मात्र पाउँथे' भन्ने प्रस्ताव राखे ।
ती छोराहरु मध्ये एक जना साह्रै लोभी थियो । तुरुन्त प्रयोगमा ल्याउन सकिने ती धनले मात्र ऊ सन्तोष भएन । गाडिएका धन पाएमा मात्र उसलाई पूर्ण संतुष्टि आउने भएकोले यसलाई पाउन ऊ धेरै समय पर्खन सकेन । प्रबल लोभको कारणले उसले दुः ख-कष्ट गरी आफैले जमीन खनी सम्पत्ति प्राप्त गरी धनी भए ।
अर्का चाहिँ छोरो साह्रै उद्योगपरायण थियो । धेरै समयसम्म दुः ख कष्ट भोग्नु परे तापनि ऊ दुः ख कष्टमय काम नसम्झने खालको थियो । बरु सरल कार्य भनी सम्झन्थ्यो । यसरी प्रबल वीर्यद्वारा करोडौं रुपियाँको सुन, चादीँ झिकी धनी भयो ।
अर्का छोरो तृष्णाले आल्पावित थियो । अंश प्राप्त भएको क्षणदेखि उसको मन रत्नमा मात्र टाँसिएको थियो । उसको मन धनमा यतिको अनुरक्त थियो कि खाएको,'सुतेको नै उसलाई पत्तो भएन । यस किसिमको दु : ख कष्ट सही चाडै नै गाडिएका सुन, चाँदी र करोडौं रुपियाँका सम्पत्ति झिकी सेंठ भयो ।
अर्का छोरो साह्रै चलाक र मेधावी थियो । उसले 'यन्त्रद्वारा गाडिएको सम्पत्ति सहजै झिक्न सकिन्छ' भनी निर्धक्क भइरह्यो । अनि त्यस बुद्धिलाई प्रयोगमा ल्याई गाडिएको सुन, चाँदी र करोडौं सम्पत्ति झिकी धनी भयो ।
अर्का छोरो निर्लाभी थियो । उसले 'यन्त्रद्वारा गाडिएको सम्पत्ति सहजै झिक्न सकिन्छ' भनी निर्धक्क भइरह्यो । अनि त्यस बुद्धिलाई प्रयोगमा ल्याई गाडिएको सुन, चाँदी र करोडौं सम्पत्ति झिकी धनी भयो ।
अर्का छोरो निर्लाभी थियो । दश हजार रुपियाँ पाउँदा नै आफूलाई सेंठ भनी ठान्यो । उसले गाडिएको सम्पत्ति लिने इच्छा गरेन । त्यसलाई आफ्नो धन भनेर पनि ठानेन । प्राप्त भएको सम्पत्तिमा नै ऊ संतुष्ट भयो ।



Downloaded from http://dhamma.digital/

अर्का छोरोले प्राप्त भएको धन-सम्पत्तिलाई थोरै समयमा नै उडाएर सिध्यायो । उसले गाडिएको धन खनेर लिन साधन कित्रलाई समेत पैसा बाँकी नराखी सबै पैसा व्यर्थमा खर्च गर्‍यो । ऊ यस्तो खराब मानिस भएकाले अन्तमा उसलाई देशबाट निकालि दियो ।

**उपमेय -** यस उपमामा भगवान बुद्ध त्यस धनी पिता समान हुन् । शील-विशुद्धि-गाडिएको चाँदी रुपी सम्पत्ति समान हुन् । दृष्टि- विशुद्धि, आदि चार लौकिक प्रज्ञा-विशुद्धि गाडिएको मोति-पत्रा रुपी सम्पत्ति समान हुन् । बुद्ध-शासनमा भिक्षु र गृहस्थहरु ६ वटा छोरा (अंशियार)हरु समान हुन् ।

(१) शासनमा गृहस्थ र श्रमणहरु मध्ये **छन्द-इद्धिपाद**ले संयुक्त भएका पुद्गलहरु अति लोभले युक्त भएको पहिलो छोरो समान हुन् । **छन्द-इद्धिपाद**ले युक्त भएको पुद्गल (श्रमण र गृहस्थ)हरु आफूमा भएको शील-विशुद्धि र परियत्ति धर्मको प्राप्तिले मात्र सन्तुष्ट हुँदैनन् । तिनीहरु 'बुद्ध-शासनमा समागम हुन वा शासनको अंशियार बन्न यतिले पर्याप्त भयो ' भनी ठान्दैनन् । उच्च विबुद्धि प्राप्त गर्न प्रबल छन्द, उत्साह गरी त्यस स्थिति प्राप्त गर्न नसके सम्म तिनीहरु रोक्तैनन् ।

(२) **वीरिय-इद्धिपाद**ले संयुक्त भएका पुद्गल (श्रमणगृहस्थ)हरु उद्योगपरायण भएको दोस्रो छोरो समान हुन् । यस प्रकारका पुद्गलहरु आफूले अहिलेसम्म प्राप्त नगरेको उच्च अवस्थाहरु प्राप्तार्थ अभ्यास गरिरहनमा आनन्दित हुन्छन् ।

(३) **चित्त-इद्धिपाद**ले युक्त भएका पुद्गल (श्रमण-गृहस्थ)हरु चलाक र मेधावी चौठी छोरो समान हुन् । यस प्रकारका व्यक्तिहरु महान-फल आनिसंश कार्य भनी थाहा पाए पछि तिनहिरुको मन अरु विषयमा नलागिकन केवल यसैमा मात्र एकोहेर लागिरहन्छन् ।

(४) **पञ्ञा-इद्धिपाद**ले युक्त भएका पुद्गल (श्रमण-गृहस्थ)हरु चलाक र मेधावी चौठी छोरो समान हुन् । यस प्रकारका व्यक्तिहरु गम्भीर र प्राप्त गर्न गाह्रो महानिसंश प्राप्त हुने प्रज्ञालाई प्राप्त गर्न पाएमा मात्र मन पसन्द गर्दछन् ।

(५) कुनै पनि **इद्धिपाद**ले संयुक्त नभएका पुद्गल (श्रमणगृहस्थ)हरु केवल तुच्छ **छन्द,** तुच्छ **वीरिय,** तुच्छ **चित्त** र तुच्छ **पञ्ञाले** युक्त भएका व्यक्तिलाई प्राप्त भएको (नगाडिएको) सम्पत्तिमा नै सन्तोष भई सेंठ सम्झने खालको पाँचौं छोरो समान हुन् र यस्ता व्यक्तिहरु श्रद्धा र छन्द हीन भएको कारणले उच्च उच्च विशुद्धिलाई यसै जीवनमा आफैले हक लाग्ने अंश भनेर सम्म पनि ठान्दैनन् । निन्द्रा कम भयो भने यसमा तिनीहरुको ध्यान जाँदैनन् । 'यो कार्य गर्न सम्भव छैन' भनी एकातिर फ्याँकी राख्छन् । इच्छा शक्ति कमजोर भएको कारणले तिनीहरुको मन यस्तो कार्यमा स्थिर रहँदैन । विविध प्रकारका सिद्धान्त र व्याख्या सुन्दा तिनीहरुले आफ्ना मन बदलिदिन्छन् । तिनीहरुमा प्रज्ञाज्ञानको कमिले गर्दा 'यस्ता कार्यहरु आफ्ना क्षमताबाट बाहिरका हुन्' भनी भन्छन् । यसै कारणले भगपान बुद्धले भन्नु भएको छ -

**"छन्दिद्धिपादं भावेति, वीरियिद्धिपादं भावेति,**
**चित्तिद्धिपादं भावेति, विमंसिद्धिपादं भावेति ।"**

यी शब्दमा भगवान बुद्धले कुलपराम्परादेखि आएको छन्द, आदि हीन भएको **इद्धिपाद**लाई बलियो गर्न जोड दिनु भएको छ । त्यसपछि मात्र नयाँ छन्द र विचार उत्पत्र हुन सक्तछ ।

(६) बुद्ध-शासनमा गृहस्थ-दुःशील, भिक्षु-शील छैठौ छोरो समान हुन् । त्रि-शरण सहित पञ्चशील, **आजीवट्ठमक** शील नामक **निच्च** शील पालन नभएको गृहस्थ उपासक-उपासिकाहरु शासन-अंशले मात्र विमुख हुने होइनन् कि तिनीहरु उपासक-अङ्ग र उपासिका-अङ्गबाट अलग्ग भई हीन-उपासक,हीन-उपासिकमा स्थित हुन्छन्। पाराजिकामा लागेका भिक्षु र श्रामणेरहरु शीलवन्त भिक्षु-अङ्ग र शीलवन्त श्रामणेरअङ्गको अंशले मात्र विमुख हुने होइनन् कि तिनीहरु हीन-भिक्षु हीन-श्रामणेरको रुपमा स्थित



Downloaded from http://dhamma.digital/

हुन्छन् । गृहस्थहरुले आजैदेखि पञ्च शील अथवा **आजिवट्टमक** शील पालना गर्न प्रतीज्ञा गरेमा तिनीहरु तुरुन्तै उपासक र उपासिका बन्न सक्छन् र शासनका अंशियार पनि ।

यो भयो एउटै पिता (बुद्ध) का सन्तान भएता पनि चार इद्धिपाद मध्ये एक न एक इद्धिपाद आधार स्वरुप भएमा मात्र आफ्नो हकमा भएको अंश ग्रहण गर्न सकिने कुरो । चार इद्धिपाद मध्ये एक इद्धिपाद पनि नभएका व्यक्तिहरुले केवल निःसार सम्पत्ति मात्र प्राप्त गर्दछन् । तिनीहरु सार भएको अंशबाट विमुख हुन्छन् । कोही व्यक्तिहरु निःसार सम्पत्तिलाई पनि दुरुपयोग गरी बुद्ध र बुद्ध-शासनको अंशबाट विमुख हुन्छन् ।

यो भयो भिन्न भिन्न अंश लिनेहरुको कुरा ।

शासनका अंशियारहरुलाई यसरी पनि विभक्त गर्न सकिन्छ ।

(१) अनियत अंशियार र
(२) नियत अंशियार ।

**(१) अिनयत अंशियार** - आफ्नो पञ्चस्कन्धमा अनिच्चञाण र अनञ्जाण कहिल्यै प्राप्त नगरेका व्यक्तिहरुलाई अनियत-अंशियार भनिन्छ अनियतको अर्थ हो-ती अनुयायीहरु जो आज सर्वज्ञ-बुद्धको शिष्य र अंशियार छन् भने भोलि तिनीहरु अर्कै गुरुका शिष्य र अंशियार बन्न पुग्छन् । तिनीहरुले आफू शरणमा गइसकेका बुद्ध शासनलाई नै तिरस्कार गरी विगार्न सक्तछन् । लोकमा बुद्ध-धर्मबाट क्रिष्चियन धर्ममा परिण भई बुद्ध-धर्मलाई तिरस्कार गरी विगार्छन् भने अर्को जन्ममा तिनीहरुले कति सजिलैसंग धर्म परिवर्तन गर्दछन् भन्ने कुरा अनुमान गर्न सकिन्छ ।

त्यस्तै व्यक्ति यो महिनामा सर्वज्ञ बुद्धका शिष्य बन्छ भने अर्को महिनामा अर्कै गुरुका शिष्य । यो वर्षमा सर्वज्ञ बुद्धका शिष्य बन्छ भने अर्को वर्षमा अर्कै गुरुका शिष्य । जीवनको प्रथम वयसमा सर्वज्ञ बुद्धका अनुयायी वन्छ भने दुत्तीय वयसमा अर्कै गुरुका अनुयायी । जीवनको दुतीय वयसमा सर्वज्ञ बुद्धका अनुयायी बन्छ भने तृत्तीय वयसमा अर्कै गुरुको शिष्य भई अंश ग्रहण गर्दछ । यस जीवनमा सर्वज्ञ बुद्धका शिष्य र अंशियार छ भने अर्को जन्ममा अर्कै गुरुको शिष्य र अंशियार वन्न पुग्छ ।

यसैले पटिसम्भिदामग्गमा भगवान बुद्धले भन्नु भएको छ -

"नानासत्थारानं मुखं उल्लोकेन्ती ति पुथुज्जना ।"[A]

अर्थ-विविध प्रकारका गुरुहरुको मुख हेर्ने भएकोले पृथक्जन भनिन्छ ।

यसको अभिप्राय हो -अनमत्तग्ग संसारमा पृथक्जनहरुको स्थायी रुपले शरण जाने स्थान छैन । आज एउटाको शरण भए भोलि अर्कैको शरण । यस महिनामा एउटाको शरण गए अर्का महिनामा अर्काको शरण । यस वर्षमा एउटाको शरण गए अर्का वर्षमा अर्काको शरण । यस वयसमा एउटाको शरण गए अर्का वयसमा अर्काको शरण । यस जन्ममा एउटाको शरण गए अर्का जन्नमा अर्काको शरण । यस प्रकार भित्र भित्र रुपले गुरुको शरण परिवर्तन हुँदै जान्छन् । अनन्त संसारमा सर्वज्ञ बुद्धको शरणागत भएको जन्म साह्रै कम छ । कहिले ब्रह्मालाई भगवान सम्झी शरण जान्छ भने कहिले इन्द्रलाई । कहिले विभित्र प्रकारका देवताहरुलाई भगवान सम्झी शरण जान्छ भने कहिले नक्षत्रलाई । कहिले भूमत्थ देवतालाई भगवान सम्झी शरण जान्छ भने कहिल्यै दैत्यहरुलाई ।



Downloaded from http://dhamma.digital/

लमेकमा दुष्ट र मिथ्या-दृष्टि गुरुहरुको संख्या अनगिन्ति छन् । ती गुरुहरुलाई देख्ने वित्तिकै भगवान भभनी शरण गएको पृथक्जनहरुको जन्म पनि अनगिन्ति छन् । कहिले तिनीहरु भगवान भनी नागको शरणमा पर्छन् भने कहिले गरुड, नदी, वन, जङ्गल, वृक्ष, डाँडा, अग्नि, जल[A] लाई भगवान भनी शरण जान्छन् । सत्काय - दृष्टिले मुछिएका पृथक्जनहरुको एक एक जन्ममा भित्र भित्र शरणागत भएको भगवान यस लोक - धातुमा अनगिन्ति छन् । जति जति तिनीहरु दृढ भई यिनीहरुको शरणमा जान्छन् उत्ति उत्ति नै तिनीहरु अपाय-लोकमा डुब्दै जान्छन् ।

यस जन्मबाट अर्का जन्ममा सत्काय-दृष्टि सहित भई घुमिरहेमा शरणगत भगवान पनि फेर्द जान्छन् । पृथक्जन भाव कस्तो डरलाग्दो, भयंकर र वाधाजनक छ ।

यो भयो - **"नानासत्थारानं मुखं उल्लोकेन्तीति पुथुज्जना ।"** को व्याख्या ।

शरणागत भगवान परिवर्तन भएमा शरण गएको धर्म पनि बदलिन्छ । कहिले पृथक्जनहरु सर्वज्ञ बुद्धद्वारा प्रज्ञप्त गर्नु भएको अधिसील धर्मको शरण जान्छन् भने कहिले गोसील, गो-ब्रत धर्मको शरणमा पर्छन् । कहिले तिनीहरु कुकुरब्रतमा । यसरी तिनीहरुको शरण र शरणागत भगवानको संख्या अतन्त हुन जान्छन् ।

दिट्ठिको विषयमा पनि - - सम्यक्-दृष्टियुक्त धर्मको शरण गएको जन्म भन्दा मिथ्या-दृष्टिमा धर्मको शरण गएको जन्म धेरै बढी छन् । जति जति यी मिथ्या-दृष्टिमा लागेर अभ्यास बढाउँछन् उति उति तिनीहरु अपाय र निरय-लोकमा डुब्दै जान्छन् ।

महानभूल-संसारमा घुमिरहेका पृथक्जनहरुमा अनगिन्ति महान भूलहरु मध्ये शरणागत भगवान र शरणागत धर्म भुल्नु जस्तो महान भूल अरु छैन । शरणागत भगवान भुल्न गएको कारणले गर्नु पर्न सबै नियमाचरण पनि भुल्न गई कल्पवृक्ष समान कुशल फल-प्रदायक दुर्लभ मनुष्य-जन्म (मनुस्सत्त दुल्लभ) बाट वञ्चित् भई खराब-फल दिने वृक्ष समान निरय-लोकमा उत्पत्र हुनु पर्न हुन्छ ।

यो भयो अनियत-आंशियारको भविष्यमा हुने अनियत-गति दर्शाइएको कुरो ।

(२) **नियत अंशियार -** जसले आफ्ना पञ्चस्कन्ध देहमा अनित्य र अनात्म देखी सकेका हुन्छन् ; तिनहिरु सत्कायदृष्टि भूमिबाट मुक्त हुन्छन् र नियत अंशियार हुन्छन् । नियतको अर्थ हो, भावी अनमत्तग्ग संसारमा मिथ्या गुरुको शरणबाट मुक्त हुनु । जन्म जन्मान्तरमा तिनीहरु सर्वज्ञ बुद्धका साँच्चैकै सन्तान हुन्छन् । तिनीहरु वट्टाभिरत रत्रोतापत्र जाति भई संसारमा अनेक जन्म अनेक कल्प सम्म घुम्नु परेता पनि भगवान बुद्धको गुणलाई एक जन्मबाट अर्का जन्ममा झन् झन् स्पष्ट रुपले साक्षात्कार गर्द जान्छन् तथा धर्म-गुण र सघं-गुणलाई पनि ।

सील, समाधि, पञ्ञा नामक तीन शासन ; सतिपट्ठान, सम्भ्प्पधान, इद्धिपाद, इन्द्रिय, बल, बोज्झङ्ग र मग्गङ्ग नामक सैंतीस बोधिपक्षीय धर्म ; यी सबै धर्म-दायद एक जन्मबाट अर्का जन्ममा तिनीहरुको चित्तमा उत्तरोत्तर बृद्धि हुदैं जान्छन् । भगवान बुद्धको परियत्ति-शासन, पटिपत्ति-शासन र पटिवेधशासन - यी तीन शासन वट्टाभिरत रत्रोतापत्रहरुमा अनेक जन्म र अनेक कल्पमा स्थायी रुपले प्रतिस्थापना भएको हुन्छ ।

मनुष्य-सुख, देव-सुख र ब्रह्म-सुख अनुभव गर्द निरन्तर यस संसारमा घुमिरहेता पनि तिनीहरुको एक जन्मबाट अर्का जन्ममा शरणागत भगवान परिवर्तन हुदैंनन् र तिनीहरु लौकिक भूमि-वासी भई घुमिरहन्छन् । तिनीहरु संसार रुपी ओघमा डुबी टाउको मात्र देखिने गरी बगाइएका संसारवासी, वट्ट दुःख भोगी पुद्गलहरुको सुखानन्द अनुभव गर्द क्रमिक रुपले अनुपादिसेस निर्वाण तिर माथि माथि उक्लन्दै जान्छन् ।

अनन्त संसारमा सबै बुद्धिमान मनुष्य, देव र बैह्महरुले सर्वज्ञ बुद्धका सच्चा सन्तान भई नियत भूमि वासी हुने इच्छा गरी बुद्ध, धर्म र संघको प्रतीक्षा गरी रहन्छन् र शासनको पनि आशा गरिरहन्छन्



Downloaded from http://dhamma.digital/

। 'यस्तो समागम हुने मौका प्राप्त होस्' भन्ने इच्छाले तिनीहरुले अनेक प्रकारका दान-कार्य गर्दछन् । 'यस्तो समागम हुने अवसर मिलोस्' भन्ने दृढ धारणा लिई अनेक शील पालन गर्दछन् । 'यस्तो स्रमागम हुने मौका प्राप्त होस्' भन्ने मनसायले भावनामा अनेक प्रकारका अभ्यास गर्दछन् ।

यो भयो नियत-अंशियारको यस जन्मबाट अर्का जन्ममा जाने नियत -गति दर्शाइएको कुरो ।

यस उद्देश्यलाई लिएर भगवान बुद्धको सुत्तग्त र अभिधम्म पिटकको अनेक स्थानमा भन्नु भएको छ - -

**"तिण्णं संयोजनानं परिक्खया सोतापन्नो होति, अमिनिपात घम्मो नियतो सम्बोधिपराधनो ।"** [A]

अर्थ-तीन संयोजन [I] लाई काटे पछि पुद्‌गल स्त्रोतापत्र हुन्छ । उनी दुः खको भवचक्रवाट मुक्त हुन्छ । उनी बोधिपक्षीय धर्मको नियत अंशियार बन्दछ । उच्च आर्य-मार्ग र फलका भागी बन्दछ ।

नियत र अनियत अंशियार दर्शाइएको कुरो समाप्त ।

**प्रेरणा -** यसरी विभाग गरी दर्शाएर आएका 'खराबअंश र असल-अशं दुइ, अनियत-अशं र नियत-अंश दुइ, खराब-अंशियार र असल अंशियार दुइ, अनियत-अंशियार र नियात अंशियार दूई छन्' भनी बुझेका श्रमण, गृहस्थ। सत्पुरुष, सज्जनहरुले पूर्व-जन्म र पूर्व कल्पना बुद्ध-शासनमा खराब-अंश लिने इच्छाले प्रार्थना गरी आएका हाइनन् । असल-अंश प्राप्त गर्न इच्छाले नै प्रार्थना गरी आएका हुन् । अनियत तदङ्ग अंश प्राप्त गर्न इच्छाले दान, शील, भावना गरी आएका होइनन् । नियत-अशं प्राप्त गर्न इच्छाले नै प्रार्थना गरी आएका हुन् भनी आफू-आफूले नै परिश्रम गरी दु :ख कष्ट सही सत्य रुपमा गरी आएको काममा ध्यान राखी खराब अंशलाई भगवान बुद्धले प्रतिक्षेप गर्नु भएको जानी बुझी यस जन्ममा बुद्धको शिष्य बुद्धको अंश भएको समयमा आफूलाई खराब अंशियार बत्र नदेऊ । अनित्य तदङ्ग अंश ग्रहण गर्न हुन देऊ । नियत अंशियार हुन देऊ ।

दीर्घ संसारमा गरी आएको दान, शील, भावना र वर्तमान कुशल कर्मद्धारा 'भावी जन्ममा मनुष्य भई बुद्धको दर्शनभेट गरी सांसारिक दु :खबाट मुक्त होस्' भनी धर्म-दायादको प्रार्थना गर्नु युक्तिसंगत हुन आउँछ । यी कुशल-कार्यहरुद्धारा आशिका गर्नु युक्तिसंगत हुदैंन । कुशल-कार्यद्धारा 'भव-सम्पत्ति, भोग-सम्पत्ति, र इस्सरिय-सम्पत्ति प्राप्त गर्न सकोस्' भनी प्रार्थना गर्नु युक्तिसंगत हुदैंन ।

तर, आजकल गृहस्थ, श्रमणहरुमा पच्चयामिस तण्हा, लोकामिस तण्हा र वट्टामिस तण्हाको राज्य चलिरहेको छ । वर्तमान युगका स्त्री वा पुरुषले यी तीन तण्हाका विपरीत भएका चार क्षरिय-वसं धर्मको कुरा सुत्र मन पराउँदैनन् । माथि उल्लेख गरिएका चार अरिय-वंस धर्म हुन् --

(१) भोजन प्रत्ययमा सन्तोष हुनु ,

(२) चीवर भोजन प्रत्ययमा सन्तोष हुनु ,

(३) विहार भोजन प्रत्ययमा सन्तोष हुनु र

(४) भावना-कार्यमा रमाउनु ।

यी चारलाई भगवान बुद्ध, बुद्धका शिष्यहरु परस्परागत बुद्धका अंशियार भएका श्रमण, गृहस्थ-आर्यहरुले त्याग गर्न अयोग्य धर्म भएकोले अरिय-वसं धर्म भनिन्छ ।

**(प्रज्ञा-बुद्धि भएका व्यक्तिहरुले यो होस गर्नु पर्न कुरा हो ।)**

प्रज्ञा-ज्ञान कमि भएका व्यक्तिहरुले अनेक कुशल र पुण्यकार्य नै पर्याप्त छ भनी ठान्दछन् ।

प्रचूर मात्रामा प्रज्ञा-ज्ञानले युक्त भएका व्यक्तिहरुले यस जन्ममा देव-लोकमा मियत धम्म दायदको अंशियार हुन र वट्टाभिरत स्त्रोतापत्र भावमा निश्चित् रुपले पुग्न इच्छा भएमा आजीवट्टमक शील राम्रोसंग पालन गरी माथि उल्लेखित् कायगता-सति भावना कम से कम दिनको तीन घण्टा भावनामा अभ्यास गर्नु पर्दछ ।



Downloaded from http://dhamma.digital/

**नियत-अंशियार वट्टाभिरत रत्रोतापत्र -** पञ्चस्कन्ध मध्ये कुनै एउटामा त्रि-लक्षणद्धारा साक्षात्कार गर्न सकेमा तिनीहरु नियत-अंशियार र वट्टाभिरत रत्रोतापत्र भावना पुग्दछन् । त्रिलक्षण मध्ये अनित्य-लक्षण एउटा राम्रोसगं साक्षात्कार गर्न सकेमा नियत-अंशियार र वट्टाभिरत रत्रोतापत्र भावमा पुग्दछ । [A]

शासन अंशको निर्दशन समाप्त ।

बोधिपक्खिय दीपनी समाप्त ।



Downloaded from http://dhamma.digital/

# बौद्ध दर्शनको परिचय

## विज्ञानवाद

बौद्ध चार दार्शनिक निकायहरु (Four philosophical schools) मा विज्ञानवाद पनि एक सशक्त सक्षम दार्शनिक नय हो। विज्ञानवादलाई शुद्ध प्रत्ययवाद (Idealism) पनि भनिन्छ। व्यवहारिक दृष्टिबाट क्रियात्मक सत्य अथवा बोधि, योगबाट मात्र हुन्छ भन्ने आयामबाट यसलाई योगाचार पनि भनिन्छ। माध्यामिक दृष्टिमा जगतको समस्त पदार्थ शून्य छन् भने विज्ञानवादको दृष्टिबाट जुन बुद्धिबाट पदार्थ असत्य र शून्य प्रतीत भएको हो त्यस बुद्धिको सत्ता त छ नि ? विज्ञानवादको दुष्टिमा हाम्रा सबै प्रत्यक्ष्यमान घटनाहरु मनको आन्तरिक क्रियाको परिणाम हो। चित्त (विज्ञान) लाई मात्र मान्ने हुनाले त्यसलाई विज्ञानबाद भनिएको हो।

विज्ञानवादका आचार्यहरुमा असंगको ठूलो प्रसिद्धि छ। तर आजकालको अन्वेषणबाट यो सिद्ध भएको छ, स्वयं असगं मैत्रीयनाथको शिष्य हो। मैत्रीयनाथबाटै असंगले धेरै नै ग्रन्थ लेख्ने स्फूति पाएका थिए। जसरी सुकरातको आशय सूत्रलाई प्लेटोले व्याख्या गरेका थिए मैत्रीयनाथको सूत्रलाई अंसगले दार्शनिक व्याख्या दिए। तर यो कुरा असंगलको दार्शनिक प्रतिभा मण्डलबाट पनि छोपी दिए कि असगंलको गुरु मैत्रीयनाथ धमीलो हुदैं गए। मैत्रीयनाथका महायान सूत्रालंको महायान उत्तरतन्त्र र धर्म धर्मता विभंग जसको अनुवाद तिब्बती भाषालाई उपलब्ध छन्, यी गैन्थहरुबाटै मैत्रीयनाथको दार्शनिक प्रतिभा मण्डलबाट पनि छोपी दिए कि असगंलको गुरु मैत्रीयनाथ धमीलो हुदैं गए। मैत्रीयनाथका महायान सूत्रालंकार महायान उत्तरतन्त्र र धर्म धर्मता विभंग जसको अनुवाद तिब्बती भाषलाई उपलब्ध छन्, यी गैन्धहरुबाटै मैत्रीयनाथको दार्शनिक अस्तित्व सिद्ध गर्दछ।

असंग बसुबन्धुको दाजु र समुद्रगुप्त कालीन (चौथो शतब्दी) दार्शनिक हुनुहुन्थ्यो। वहाँको आफ्नो भाई बसुबन्धु जस्ता सौतिान्त्रिक निकायका आचार्यलाई विज्ञानवादी बनाए। असंगका कृतिका मध्ये महायान सपरिग्रह जसमा महायान सिद्धान्तको वर्णन गरिएको छ, पाचौं शतब्दीमा चीनियाँ भाषमा अनुदित भएको देख्दछौं। असंगको योगाचार भूमिशास्त्र ग्रन्थमा भूमिहरुको रुपमा अध्याय वा परिच्छोदमाहरुमा विशेष चर्चा गरिएको छ। विज्ञान भूमि, मनो भूमि, सवितर्क सविचार भूमि, अविर्तक विचार भूमि, अविर्तक अविचार भूमि, समाहित भूमि, असमाहित भूमि, सचित्तक भूमि, अचितक भूमि, श्रूतभूमि, चिन्तनमय भूमि, भावनामय भूमि, श्रावक भूमि, प्रत्येक बुद्ध भूमि, बोधिसत्व भूमि, स्वपाधिका भूमि, अनुपाधिक भूमि र अभिधर्म, प्रत्येक बुद्ध बोधिसत्व र निर्वाणको विज्ञानवाद पक्षीय व्याख्या गरिएको छ। महायान सूत्रालकार पुस्तकमा २१ परिच्छेदबाट मैत्रीयनाथको कारिकालाई असंगको मौलिक व्याख्या हो र वास्तवमा विज्ञानवादको यो एक मौलिक ग्रन्थ पनि हो।

बसुबन्धु जस्तो कि माथि उल्लेख गरिसकेका छौं, सौतान्त्रिकबाट आफ्नो दाजुबाट अनुप्रवतित भई विज्ञानवादी भएको थियो। पछि आफ्नो सौतान्त्रिक व्याख्याबाट स्वयं चिन्तित भएका थिए। उसले पश्चातापमा जीब्रो नै काट्न लागेको थियो भन्ने वर्णन उपलब्ध छ। बसुबन्धु उनलाई जीब्रो काट्न होइन, बरु विज्ञानवादमा बोल्ने र लेख्ने प्रेरणा दिए। बसुबन्धुका कृतिहरु मध्येमा सर्द्धमपुण्डरिक टीका अत्यन्त प्रसिद्ध छ तर उसको विज्ञप्ती मात्रता सिद्धि विज्ञानवादको दार्शनिक पक्षको वर्णनमा बेजोड मानिएको छ। विज्ञप्ती मात्रता सिद्धि नाउँबाटै सिद्ध हुन्छ यो उनकै सौतान्त्रिक निकायको अभिधर्मकोषको परिमार्जन विज्ञप्ती मात्रता सिद्ध गर्नु हो।



Downloaded from http://dhamma.digital/

विज्ञानवादको अर्का आचार्य दिङ्गनाग हो । धेरै जसो उडिसामा बस्नु हुने चौँथो शताब्दीको मध्यकालदेखि पाँचौ शताब्दिको पूवर्धिसम्म जीवित रहने दिंगनाग, बसुबन्धुको शिष्य हुनुहुन्छ । एउटा सुकेको रुखलाई आफ्नो मन्त्रबलद्वारा सातै दिनमा हरियो बनाउने जस्ता अलौकिक शक्तिको धेरै कुराहरु उनको जीवनसँग सम्बन्धीत छ । नालन्दमा सुदुर्जय ब्राम्हणलाई शास्त्रार्थमा पराजित गरेको वर्णन अत्यन्त प्रसिद्ध छ । दिंगनागका कुतिहरु मध्य प्रमाणसमुच्चय, हेतुचक्र, न्यायप्रवेश साह्रै प्रसिद्ध छन् । प्रमाण समुच्चयमा प्रत्ययको अस्तित्व विज्ञानको मात्रै निर्भर भएको र वस्तुको सत्ता नकारेको वर्णन छ । न्याय प्रवेशमा आलम्बन परीक्षात्रत्ति र त्रिकाल परीक्षा गरी यो वस्तु जगत चिन्तनमय भएको सिद्ध गरेको छ ।

विज्ञानवादको अर्का आचार्य धर्मकीर्ति हो । चोल देशका यी ब्राम्हण बौद्ध दर्शन र अन्य दर्शनहरु र पूर्वपक्षहरुका ज्ञाता हुन् । धर्मकीर्तिलाई तर्कनितिपूर्ण शक्तिले कुमारिललाई खण्डण गरेको छ ।

त्यस्तै कारिलको सिद्धान्तको खण्डनमण्डन बौद्ध दर्शनमा विजोड किसिमको छ । नालन्दाको धर्मपाल स्थविर यिनकै शिष्य हो । इत्सिंगले धर्मकीर्तिलाई आफ्नो पूर्व आचार्यको रुपमा उल्लेख गरेकोले उनको समय ६७९ ई. भन्दा पूर्वको ठहारिन्छ । उनका सर्वाधिक प्रसिद्ध ग्रन्ध प्रमाणवार्तिकमा वेदप्रमाण, स्नानमा शुद्धि मान्ने, जातिवाद,; ध्वस्त प्रज्ञाको लक्षणको रुपमा उल्लेख गरेको छ । उनको यो ग्रन्थ पन्धसय श्लोकमा मात्र भएता पनि यसको अर्थ अभिप्राय तर्क भित्रका रहीयबाट धेरै ठूलो ग्रन्थको रुपमा मानिएको छ । धर्मकीर्तिको अर्का उल्लेखनीय ग्रन्थ न्यायविन्दूमा स्वार्थ, परार्थ, पदार्थनुमान र हेत्वाभासको विज्ञानमय दार्शनिक व्याख्या छ ।

विज्ञानवादको एक प्रसिद्ध श्लोक छ ।

चित वर्तते चित्त मेवविमुचते ।<br>
चित हि जायते नान्य चित्तमेव निरुधते ॥

चित्त नै प्रवृत्त हुन्छ, चित्त नै विमुक्त हुन्छ । चित्तलाई छाडेर अरु कुनै वस्तु उत्पन्न हुदैंन न त नाश नै हुन्छ । यसरी विज्ञानवादको दृष्टिमा बाह्य पदार्थको प्रतीत हुन्छ । बाह्यार्थ अनुसार मात्र हो । बाह्य पदार्थको अस्तित्व ज्ञानबाट हामी पाउँछौ । यस अवस्थामा बाह्यार्थको सत्ता ज्ञानमा अवलम्बित छ । यसकारण एक मात्रको सत्ता विज्ञानको सत्ता हो । विज्ञान विज्ञप्ति मात्र एउटा परमार्थ हो । प्रत्येक वस्तुको रुप रंग रातो, नीलो, पहेंलो छाडेर अन्य भौतिक तत्व मात्र देखाइदिदैन । बाह्य पदार्थ अनुरुप भए उसको ज्ञान हुन सकिदैंन । यो परमाणुहरुको संघात मात्रै भएकाले परमाणुको ज्ञान हुन सकिदैन । परमाणुहरुको अगं प्रत्यंगको एक भौतिक ज्ञान सम्भव छैन । अतः बाह्य पदार्थको सत्ता हुदैंन । यस्तै सर्व शून्यता सिद्धान्त मान्य ठहरिए शुन्यले नै सत्यताको मापको कसौटी हुनजान्छ । अनि अरुसँग वाद गर्न बाटो नै कहाँ छ र ।ः प्रमाण भन्नु नै छैन भने विवाद भन्ने कसरी ? ग्राह्य र ग्राहक चित्त मात्र हो । धर्म धातुको प्रत्यक्ष भएपछि लक्षणबाट विमुक्त हुन्छ । विज्ञानलाई साधारणतः चित्त र मनको पर्यायवाची शब्द मान्दछ तर सूक्ष्मा रुपमा विचार गरेको खण्डमा चित्तको चेतनसँग सम्बन्ध हुन्छ भने मनको मनन क्रियासँग । विज्ञान विषयको ग्रहण गर्न कारण भूत रुपमा देखापर्दछ । विज्ञानवादको चर्क्षुविज्ञान, श्रोतविज्ञान, घ्राण विज्ञान आदिको वर्णन र वर्णन भन्दा क्लिष्ट विज्ञान, आलय विज्ञान र प्रवृत्ति विज्ञानको वर्णन अधिक सूक्ष्मा छ । चक्षुको पहरा पाउने विज्ञान नील, पीत र लोहितको विज्ञान, ह्रस्व, दीर्घ र परिमण्डलको आकृति विज्ञान लिनु, ..... क्रियाको विज्ञान परिवृत्त विज्ञान भित्र पर्दछ ।

क्लेषयुक्त विज्ञान

आलय विज्ञान नै सबै धर्महरुको सार हो । आलय विज्ञानमा नै भएको बीज फल नै वर्तमान सस्कार रुपमा देखाइदिन्छ । त्यो बीज संसार साथ बिज्ञान अनुभवद्वारा संचित भएको हुन्छ । त्यही वर्तमान सस्कार र अनुभव भविष्यको आलय विज्ञानमा अन्तरतिहित हुन्छ । समुद्रको हावाको पैवाहबाट तरगं हुन्छ, वास्तवमा की लीला हो । समुद्र स्थानीय आलय विज्ञान, हावा षिय



Downloaded from http://dhamma.digital/

शब्द विज्ञान, तरंग लीला हो । अनि पानी के को प्रतीक हुन्छ त ? समुद्र र तरंग भेद छैन, आलय विज्ञान र सप्रविद् विज्ञानमा भेद अैन । आलय विज्ञानको वृत्ति जल प्रवाहको प्रतीत हो । विज्ञानवादमा यो समस्त संसार यर्थाथमा मनोमय संसार हो । यहाँ विज्ञानको छाडेर अर्थात् म वा चिन्तालाई छाडेर कुनै सत् भन्ने हुदैंन । विज्ञान भएरै संसार भएको हो । जहाँ विज्ञान छैन, त्यहाँ केही छैन । विज्ञान एक मात्र परमार्थ हो ।

## माध्यामिक दर्शन

बौद्ध दर्शनको विकासक्रममा माध्यामिक दर्शन अथवा शून्यावाद दर्शन युगान्त दर्शनको विकास हो । युक्तिहरुको तीखो र मनोरम शैलीमा दार्शनिक सिद्धान्त प्रतिपादनमा पनि यो माध्यामिक निकाय साह्रै गहन छ । प्रज्ञा पारमिता सूत्र विवेचना गर्दछ, यो दर्शन बुद्धको मज्झिम प्रतिपदा (मध्यम प्रतिपदा) को आधारमा विकास भएको हो । "माध्यामिक कारिका" मा तत्व विवेचनको क्रममा शाश्वतवाद र उच्छेदवादको दर्शन एकांगी भएको रुपमा यसलाई परिहार्य गर्न माध्यामिक दर्शनले ठूलो काम गरेको छ । सर्वाास्तिवाद अथवा वैभाषिक निकाय बाह्य वस्तु र मानसिक तत्वको अस्तित्वलाई स्वीकार गर्दछ । भूत, भविष्य र वर्तमानको सत्तालाई पनि स्वीकार गर्दछ । त्यही दार्शनिक पृष्ठभूमिमा चित्त, चैतसिक र निर्वाण अझ भनौं भने तथागतको बारेमा पनि दार्शनिक विवेचता गर्दछ । जबकि सौत्रान्तिक बाह्य सत्तालाई कार्य साध्यको रुपमा मात्र स्वीकार गर्द, वर्तमानलाई बढी महत्व दिन्छ । वता विज्ञानवाद वस्तु सत्तालाई पूर्णतः विज्ञान अथवा चित्तको अर्का स्वरुप मात्र भन्दछ । उसको दृष्टिमा चित्त अथवा विज्ञान नै सबै थोक हो । जबकि माध्यामिक दृष्टिमा चित्त पनि उत्पत्ति, स्थिति र भंगको एक प्रवाह मात्रै हो । देखिने संसारलाई अथवा आखाँले न देखिने चित्त दुबै शून्य हो । जस्तो हामी बगीरहेको नदी देख्दछौं अथवा घिउ, तेलको आधारमा बत्तीलाई देख्दछौं, त्यस्तै यो संसार र चित्तको प्रवाह मात्र हो । वास्तवमा बगीरहेको नदीमा एक पछि अर्का जलबिन्दुहरु आई र गइरहेका हुन्छन् । त्यहाँ देखिने जलप्रवाह उस्तै उस्तै भएपछि त्यही त्यही हुदैंन । हामी जुन जलविन्दुलाई जुन क्षणमा देखेका हौं अर्का क्षणमा अर्का जलविन्दु हुन्छ । बलीरहेको बत्तीको ज्वाला स्थिर त्यही जस्तो देखिएता पनि त्यो वास्तवमा त्यही एक एक क्षणको निमित्त पनि स्थिर हुदैंन । त्यो स्थिर जस्तो, त्यो त्यही त्यही जस्तो देखिने ज्वाला, पल पलमा एकपछि अरु, एक पलपछि अर्का पल, पल, एक निमिष पछि अर्का निमिष बल्दै, बाल्दै र निभ्दै गएको हो । यस दार्शनिक कुरालाई हामीले भौतिक पदार्थको विज्ञानको आणविक परमाणविक क्रिया पूवार्ह अझ यसभन्दा भित्र मूलभूत कणहरु Electron ले Nucleus को परिक्रमाको सिद्धान्तलाई याद गरेर माध्यामिक दर्शनको क्रियात्मक प्रवाहभित्र प्रभासित शून्यवाद दर्शनको सम्झन सक्छौं ।

माध्यामिक दर्शनको मूल रुप बुद्धको उपदेशमा नै निहित मानिन्छ । तथापि शून्यवादको पूर्ण स्वरुप प्रदान गर्न यस माध्यामिक दर्शनका प्रसिद्ध आचार्य नागार्जुन हुन् । नागार्जुनले प्रौढ तर्क, पण्डित्याईपूर्ण, शैली र सशक्त भाषमा माध्यामिक दर्शनको व्याख्या गर्नु भएको छ ।

नाग्गर्जुनको बारेमा अनेक अलौकिक रुपबाट चित्रण गरिएको पाइन्छ । विदर्भमा जम्मनु भएका ब्रम्हण, कुमारजीवको शब्दमा तीनसय वर्ष आयुको, अझ तिब्बती विश्बासमा ६०० वर्ष आयुको भनिए तापनि बुस्तोनले शून्यवादी आचार्यको बारेमा केही यथार्थ कुरा प्रष्ट्याएको छ । जिज्ञासु नागार्जुन भिक्षु भएर गाम्भिरतापूर्वक बौद्ध दर्शनको अनुशीलनमा लाये । बौद्ध दर्शनको पूवपक्षका निकायहरुको गम्भिर दार्शनिक विवेचनामा लागे । श्री पर्वतमा पसेर तन्त्र मन्त्रको साधना गरे भने पहाड-पर्वत-वन कन्दरापा साधना र प्रयोग गरेर आयुर्वद र रसायनशास्त्रको ज्ञाता पनि भए । अद्भूत कल्पना गहनतम विद्वता र प्रगाढ तान्त्रिक ज्ञानले गर्दा उनी विपूल कीर्ति र अक्षुण्ण दार्शनिकको रुपमा प्रसिद्ध भए । आन्ध्रा राजा गौतमी पुत्र यज्ञश्री (दोश्रो शताब्दीको मध्यकालदेखि दोश्रो शताब्दीको अन्तसम्म) का समकालीन मानिन्छ । नागार्ाजुनको नाम प्रसिद्ध केही कृतिहरु छन् तर ती मध्ये माध्यामिक कारिका, प्रमाण विद्धंशन,



Downloaded from http://dhamma.digital/

उपाय कौशल, विग्रह त्यावर्तनी, दशभूमी विभाषा शास्त्र, प्रज्ञा पारमीत सूत्र कारिका शास्त्र, अत्यन्त प्रसिद्ध छन् ।

माध्यामिक कारिकालाई माध्यामिक शास्त्र पनि भनिन्छ । यसको २७ प्रकरण्हरु छन् । प्रमाण विध्वंशन र उपाय कौशत्यप तर्कको आधारमा खण्डन, भण्डन शैलीमा शून्यवादको दिग्दर्शन गराएको छ । यसैकारण नागार्जुनलाई विपक्षित्रदीहर नास्तिकको रुपमा देखाएता पनि वास्तवमा आचार्य नागार्जुन खण्डनात्मक युक्तिको संसारमा नानात्मकता र विशालताको अन्तरिहित एक परमार्थ दार्शनिक आस्तिक हो । आचार्यले "नेति-नेति आदेश" जस्तै परमार्थस्तम्भ र परमार्थ तत्वको रुपम वर्णन रहन्छ । उहाँ अनिरोध, अनुत्पाद, अनुच्छेद, अनिकार्य, अतागंम, अनिर्गम, शून्या-शून्या, महाशून्यको दार्शनिक स्वरुप हौँ वहाँले प्रतिष वन गर्नुभएको शून्यवादी प्रमाता (ज्ञाता) प्रमेय (जान्नयोग्य), प्रमाण (ज्ञानको साधन) प्रमिति (ज्ञानको क्रिय) जस्तै तत्व चतुषस्तक परिकाल्पित अवस्तुलाई शून्यावादको आवृतिकै समाहित हुन्छ । जसलाई सामान्य दृष्टिबाट नित्य प्रतिदिनको व्यवहारको अनुस्ति घोर विप्लव जस्तो देखालर्दछ । दशभूमि शास्त्रमा शून्यवादी निकालयबाट बुद्ध र बोधिसत्वहरुको चित्तस्थितिको दर्शनको व्याख्या पर्दछ भने प्रज्ञापारमिता सूत्र कारिका शस्त्रमा शून्य र महाशून्यको विवेचना गर्दछ । आचार्य नागाजुतका सम्पूर्ण कृतिमा उनके दर्शन तेज माध्यामिक कारिक जसको कैयौं शताब्दपिछिसम्म अनेक नामबाट अनेक आचार्यहरुले विश्लेषण गरेका छन् । अचार्य नागाजुनको प्रसिद्ध कारिक हो :

वः प्रतित्यसमुत्पादः शून्यता ना प्रचक्ष्महे ।
स्प प्रज्ञप्तिरुणदग्य प्रतिपत् सौ मध्यमा ॥ (म. का. २४/१८)

शून्य र असारबाट कसरी शून्यता प्रमाणित हुन्छ ? प्रमाण अर्का प्रमाणद्धारा सिद्ध हुदैँन । प्रमाण दियो जस्तो स्व + आत्म + प्रकाशन छैन । प्रमेय परतन्त्र छ । त्यसद्वारा प्रमाण सिद्ध हुदैँन । यसरी शून्यतालाई प्रज्ञा पारमितामा अध्यात्मिक शूयन्ता समेत व्याख्या गरिएको छ । मानस क्रियामा नियमक छैन त्यसकारण त्यो अनात्म शून्य छ । वहिर्धा शून्यतामा इन्द्रिय विषय रुप स्पर्शादि स्वभाव शून्य छ । शूयन्ता शून्यता दर्शनमा सर्वधर्म शून्यता सिद्ध गरेर शून्यता नै वास्तविक शून्यता, सर्वधर्म शून्यतादि अठार प्रकारको शून्यताको वर्णन प्रज्ञा पारमिताले गर्दछ भने बीस प्रकारको शून्यताको वर्णन पञ्चवीसति सहस्रिका प्रज्ञा पारमितामा वर्णन गरिएको छ । पालि भाषाको पटिसम्भिदा मग्गमा पच्चीस प्रकारको "सुञ्ञ" को व्याख्या यस सन्दर्भमा स्मरणीय छ ।

Dhamma.Digital

यसको तात्विक भावार्थ हो -

प्रतित्य समुत्पाद प्रत्यय भित्र नै शून्यता ज्ञान निहित छन् । त्यो शून्यता ज्ञानको सूक्ष्म शून्यता स्वरुप नै माध्यामिक दर्शन हो ।

वस्तु हेतु प्रत्ययको संयोजनबाट सापेक्षिक रुपमा उत्पन्न हुन्छ, यो पनि शून्य मात्र हो । प्रत्ययदि नै शून्य हो । शून्यताको ज्ञानी नै प्रमादरहित हुन्छ ।

शून्यवादको अर्का प्रसिद्ध आचार्य सिंहपुर राजपुत्र आर्यदेव हो । उनको पनि अनेक अलौकिक वर्णन पाइन्छ । मातृचेत भन्ने ब्रमह्मण पण्डितलाई हराउन श्री पर्वतबाट नागार्जुनको शिक्ष्य आर्यदेवलाई बोलाइएको थियो । नालान्दा पुग्नु भन्दा अगाडि उनले आफ्नो एउटा आँखा दान गर्‍यो । नालान्दामा उसलाई मातृचेत ब्राह्मणले एकाक्षं अर्थात् एक आँखा भनेर सकेको छैन, त्यसलाई यो एकाक्ष भिक्षुको प्रत्यक्ष गरि सकेको छ ।" काणदेव नाउँबाट प्रसिद्धि पनि त्यही मातृचेत ब्राह्मणलाई शून्यवादको बोध गराई बुद्धधर्ममा दीक्षित गरेको अवस्थादेखि भएको हो ।



Downloaded from http://dhamma.digital/

वुस्तोनको शब्दमा आर्यदेवका चतु शतक माध्यमिक हस्तवाल प्रकरण, चर्यामेलायन प्रदीप, चित्तावर्ण विशोधन, ज्ञान डमकीनी साधन आदि दश ग्रन्धको उल्लेद गर्नु भएको छ। यी ग्रन्धहरुमध्ये सबै भन्दा बढी प्रसिद्ध चतुष शतक शून्य हो। यसमा बौद्ध अध्यायहरु छन्। प्रत्येक अध्यायमा २५ कारिकाहरु छन्। यस ग्रन्थको टीकाहरु र अनुवादहरु चीन र तिब्बती भाषामा आज पनि उपलब्ध छन्। तर मूल पुस्तकको अंश भने केही मात्र संस्कृत भाषामा उपलब्ध छ। नागार्जुनको माध्यमिका कारिका पछि यसै चतुषः शतकको शून्यवादको शास्त्रीय प्रतिपाद र परमत खण्डनको रुपमा प्रसिद्ध छ।

आचार्य नागार्जुन र आचार्य आर्यदेव पछिका स्थविर बुद्ध पालित र भान विवेक, चन्द्रकीर्ति र शान्तिदेव जस्ता प्रसिद्ध शून्यवादका आचार्यहरु भए। तर जहाँ सम्म नेपाली बौद्ध दार्शनिक जंगलमा आचार्यहरुको प्रमाणको कुरा छ, त्यसमा नागार्जुन पछि आचार्य शान्तिदेवको नाउ सश्रद्धा बार बार स्मरण गरिन्छ।

आचार्य शान्तिदेव सुराष्ट्र (सौराष्ट्र-गुजराज) भएका थिए। राजा कल्याण वर्मनको छोरा आचार्य शान्तिदेवले तारादेवीको प्रेरणामा राज्य सिंहासनको अधिकार त्यागेर भिक्षु भएका थिए। उनको दीक्षा गुरु नालान्दाका आचार्य जयदेव थियो। र आफ्नो दीक्षा गुरु पछि शान्तिदेव स्वयं नालान्दाको पीठस्थविर थिए। आजको भाषामा भन्ने भए संसार प्रसिद्ध दर्शन, गणित, आयुर्वद, इत्यादि विषयका अर्न्तराष्ट्रिय विश्वविद्यालयको प्रमुख डीन (Dean) हुनु हुन्थ्यो। शान्तिदेवका कृतिहरु मध्ये जुन कृतिहरुलाई महत्व दिएका थिए, ती तीनै कृतिहरु १) शिक्षा समुच्चय २) सूत्र समुच्चय ३) बोधिचर्या अवतार आज सम्म पनि नेपालमा सश्रद्ध वाचन गरिन्छ।

शिक्षा समुच्चयमा महायानको आचार्य र बोधि सत्वको आदर्शतालाई २६ कारिकामा प्याख्या गरिएको छ। बोधिसत्वको लक्षण स्वरुप र विनयको सांगोपांगो प्रामाणिक वर्णनको लागि मनग्य छ। बोधिचर्यावतारमा बुद्ध हुने कारकतत्व पारमिताहरुलाई षट पारमिताको स्पमा वर्णन गरिएको । यस बोधिचर्यावतारमा गरिएको षटपारमिताको वर्णन मीठो भाषामा हृदयस्पर्शी उपमाको कारणले नै अति श्रद्धास्निग्ध चित्तलाई प्रभावित गर्न सकेको हो।

माध्यमिक दर्शनलाई सार रुपमा सम्झन तीन/ परीक्षा र निर्वाण परीक्षालाई माध्यमिक कारिकाको शब्दहरुबाट पर्याप्त हुन्छ।

१) पर्दाथ प्रत्यय खण्डनमा भनिएको छ - कुनै पदार्थको न आफैबाट, न अरुबाट, न दुवैबाट न अकस्मात उत्पन्न हुन्छ। पदार्थ (वस्तु)को कुनै आफ्नो स्वभाव उसको प्रत्ययमा विद्यमान छैन। स्वभाव अधिम्मक भएकाले परतः उत्पति असम्भव हुन्छ। चक्षु आदि प्रत्ययहरुको अपेक्षाबाट विज्ञान उत्पन्न हुन्छ। यसकारण चक्षु आदि प्रत्यय जस्तो लाग्ने छ, तर यो कुरा मानेको खण्डमा जबसम्म विज्ञानको उत्पति हुदैंन तब सम्म चक्षुआदि अप्रत्यय नै हुन्छ। अरु प्रत्ययको अपेक्षबाट स्वयं प्रत्यय बन्छ। तर विज्ञान स्वयं सत् भए प्रत्ययको आवश्यकता नै हुदैंनथ्यो।

२) गति प्रयत्त गतिसिद्धि गर्न गन्तव्य मार्गको सिद्धि हुनु आवश्यक छ। गन्तव्य मार्गलाई दूई भागमा विभाजन गर्न सकिन्छ। जसको अतिक्रमण भई सक्यो, जसको अतिकक्रमण शेषछ। त् यहाँ निर विचारनिय छ, गन्तव्यको अतिक्रान्त भागमा गमन उपरत भइ सकेको हुन्छ। अनातिकान्त भागमा आरम्भ नै भएको हुदैंन। वर्तमान क्षणमा गमनको गन्तव्यको कुनै भागसंग सम्बन्ध हुदैंन। वर्तमान कालिक गमनको सिद्ध नभइ गमनको त्रैकालिक असिद्धि हुन्छ। गमनको लागि गनता अपेक्षित हुन्छ। तर गन्तब्य स्वयं अति साक्षेप छ। गन्ता सिद्धं नभए त्यसमा आश्रित गमन पनि असिद्ध हुन्छ। मानौं, ब मा पुग्यो। विचार गरे यो प्रतिती वास्तविक त्यहाँ हुदैंन। कोही पनि व्यक्ति एक समयका दुइ स्थानमा विद्यमान रहन सक्दैन। क बाट ख सम्म चलुनु भन्नु हो, एउटै कालमा दुवै स्थलमा एक विद्यमान रहनु, जुन असम्भव छ।



Downloaded from http://dhamma.digital/

इन्द्रिय परीक्षमा इन्द्रियहरुलाई विषयहरुको ग्रहक मान्ने नसकिने दर्शनको व्याख्या गरिएको छ। कारण, तिनीहरु आफै ग्रहणमा असमर्थ छन् । इन्द्रियहरु विषयोलब्धिको करण पनि मलन सकिदैन किनभने त्यहाँ कर्ता भाव छैन । धातु परीक्षामा व्याख्या गर्दछ पृथ्वी, जल, अग्नि र वायु आकाश र विज्ञान यिनीहरुको अलग अलग लक्षणका हुन् । लक्षण र लक्षको सम्बन्ध दुरुपादक छ । लक्षण र लक्ष पृथक भए पृथ्वी र काठिन्य पृथक पृथक उपलब्ध हुनेछ । यदि अभिन्न भए लक्षण निराश्रय हुनेछ । यदि लक्ष लक्षणरहित भए उसमा लक्षणको प्रवृत्ति हुने छैन । सौत्रान्त्रिक आकाशलाई अभाव मात्र मान्दछ । तर शून्य दर्शनले भन्दछ- जब भाव नै सिद्ध हुदैँन अभाव कसरी सिद्ध हुन्छ ।

यस्तै यस्तै संस्कृत, दुः ख, तथागतको बारेमा शून्यावादी दर्शनको अर्का व्याख्या र विवेचन छ, मौलिकता छ । शून्यवादी दर्शनमा पदार्थको सत्ता स्वप्नको जस्तै मात्र भ्रम यथार्थता हो । यस अर्थमा सवप्न र जगतमा कुनै भेद छैन । जगत सिद्ध नहुने सम्बन्धहरुको समुच्चय मात्र हो । माध्यामिक दर्शनमा विज्ञानवाद चित्त पनि परम तत्व होइन । चित्त आफै आफूलाई देख्ने छ भन्ने भनाइमा विश्वसनियता छैन । न हि चित चित्तम् पश्चति । चित्त चित्तलाई देख्ने सक्दैन । जस्तो एक सुती श्रव अस्सधिारा (तरवारको धार) अमफैलाई काट्न सक्दैन । यस उसले चित्त आलम्बन यावत शून्य हो । शून्यवादी दर्शनहरुको व्याख्या गरिएको छ । विग्रह व्यावर्तनी पुस्तकमा भनिएको पनि छ- जुन शब्दबाट मुक्ति रुपमा प्रयोग गर्दछ त्यो पनि शून्य असार हो , अनि

## विज्ञानवाद (योगाचार) दर्शन परिचय

**डा. शंकर थापा**
**सह प्राध्यापक त्रि. वि.**

गौतम बुद्धको महापरिनिर्वाणको सय वर्षपछि वैशालीमा दोस्रो संगति सम्पन्न भयो । त्यहाँदेखि नै भिक्षु समुदायमा बैचारिक भिन्नता देखिने सुरु भएको हो । कालान्तरमा बौद्ध दर्शन चार सम्प्रदायमा विभाजित भयो -वैभाषिक, सौत्रान्तिक, माध्यमिक र योगाचार-विज्ञानवाद ।

शास्त्रज्ञहरुले तीनवटा धर्मचक्रका व्याख्या विविध रुपमा गरेकाले चार बौद्ध मतको उदय भएको हो । वैभाषिक र सौबान्तिकवादिहरुले प्रथम धर्मचक्रलाई ग्रहण गरे । माध्यमिकले दोश्रो र योगाचरवादीहरुले तेश्रो धर्मचक्रलाई आधार बनाए । यसैको आधारमा तिनीहरु भूमि, मार्ग र फलको व्याख्या गर्दछन् । यसरी यी सैद्धान्तिक मत स्थापना भए । यी मध्ये पहिलो दुई हिनयान र बाँकी दुईवटा महायान अन्तर्गत पर्दछन् । यी चार भन्दा अर्का सिद्धान्त र तीन यान भन्दा अर्का चौथो यान बुद्ध धर्ममा छैन । यी यान श्रावकयान, प्रत्येक बुद्धयान र बोधिसत्वयान हुन् ।

बाह्यार्थको प्रत्यक्षरुपले सत्य मान्ने समूहलाई वैभाषिक भनिएको छ । तर केही समूह वाह्य वस्तुको प्रत्यक्ष ज्ञान हुदैँन भन्ने मान्दछन् । सबै धर्म क्षणिक भएकोले ती धर्मका स्वरुपको प्रत्यक्ष ‘ज्ञान हुदैँन । चित्तपटमा त्यसको प्रतिविम्बको आधारमा वाह्य वस्तुको सत्ताको अनुमान हुन्छ । यो मत सौत्रान्तिक दर्शन हो । विज्ञानवादीहरु वाह्य भौतिक जगत नितान्त मिथ्या हो भन्ने मान्दछन् ।

अतः उनीहरु बाह्यार्थ सत्ता मान्दैनन् । चित्तमात्र सत्य हो र अनेक आभासलाई नै जगतको रुपमा लिइन्छ । चौथो मत माध्यमिक दर्शन हो । यिनीहरु चित्तको स्वतन्त्रसत्तालाई मान्दैनन् । यिनीहरुको लागि बाह्यार्थ र विज्ञान दुवै असत् हो । शून्यलाई यिनीहरु परमार्थ मान्दछन् । यी चार-दर्शनिक मतको यसरी वर्णन गरेको पाइन्छ ।



Downloaded from http://dhamma.digital/

मुख्यो माध्यमिको विवर्तमखिल शून्यस्य मेने जग्त, योगाचार मते तु सन्ति मतयस्तासां विवर्ता खिल :। अर्था स्ति क्षणिकस्त्वसाबनुमितो बुद्धयोति सौत्रान्तिक :। प्रत्यक्षं क्षणभङ्गरं च सकल वैभाषिको भाषिते ॥

## विज्ञानवादी दर्शन

दृश्यं न विद्यते बाह्यं चित्तं चित्रं हि दृश्यते, देशभोग प्रतिष्ठानं चित्तमात्रं बदाम्यहम् ॥

अर्थात् बाहिरी दृश्यजगत विद्यमान छैन, एकाकार चित्त नै यो जगतमा विविध रुपमा देखा पर्छ । कहिले देह र कहिले भोग (उपभोग) को रुपमा प्रतिष्ठित हुन्छ अतः चित्तको वास्ताविक सत्ता छ र जगत त्यसैको परिणाम हो ।

यसैगरी लंकावतार सूत्रमा अर्का श्लोकमा यस प्रकार उल्लेख गरिएको छ कि -

चित्तं प्रवर्तते चित्त चित्तमेव विमुच्यते।
चित्रं हि जायते नान्य चित्तमेव निरुध्यते ॥

अर्थात् चित्त्को प्रवृत्ति र विमुक्ति हुन्छ, चित्त वाहेक अन्य वस्तु उत्पन्न हुदैंन न त नाश नै हुन्छ । चित्त नै एक मात्र तत्व हो ।

योगाचार दर्शन बौद्ध तर्कशास्त्रको विकासको परिणाम हो । वस्तु देखिए जस्तो हुदैंन । अतः त्यो असत् हुन्छ । विज्ञान नै पूर्ण सत् हो । विशोषतः लंकावतार सूत्र, महायान श्रद्धोत्पाद, अवतशक सूत्र र धनव्यूह सूत्रमा यसको व्याख्या पाइन्छ ।

वाह्य धर्म वा सत्ता सर्वथा असत हो र विज्ञान मात्र सत्य हो भनेर मानिने दर्शन नै विज्ञानवाद वा चित्तमात्र हो । यो आगमानुयायी र युक्तिअनुयांयीमा विभाजन गरिएको छ । पहिले मतमय आर्य असंग र बसुबन्धु पर्दछन् भने दोश्रोमा आचार्य दिङ्नाग, धर्मकीर्ति आदि पर्दछन् ।

अर्का प्रकारको विभाजन सत्याकार विज्ञानवादी र मिथ्याकार विज्ञानवादी भनेर गरिएको पनि पाइन्छ ।

आर्य असंगका पाचँ भूमिशास्त्रहरुका आधारमा पदार्थको व्यवस्था गर्न र आलयविज्ञान, क्लिष्ट मनोविज्ञान आदि मान्नेलाई आगमानुयायी र दिङ्नारगको प्रमाणसमुच्चय र धर्मकीर्तिको प्रमाणशास्त्रको आधारमा मीमांशा गर्न र आलयविज्ञान र क्लिष्ट मनोविज्ञानको खण्डन गर्न युक्ति अनुयायीहरु हुन् ।

विज्ञानवादलाई योगाचार वा चित्तमात्र पनि भनिन्छ । यसको स्थापना तेश्रो शताब्दीमा मैत्रेयनाथले गरेका थिए । यस मतका अति नै प्रख्यात आचार्यहरुमा आर्य असंग (चौथो शताब्दी), बसुबन्धु (चौथो शताब्दी), स्थिरमति (पाचौं शताब्दी), दिङनाग (पाचौं शताब्दी), धर्मपाल (सातौं शताब्दी), शान्तरक्षितं (आठौं शताब्दी), र कमलशील (आठौं शताब्दी) प्रमुख छन् । यी विद्वानहरु मध्ये आर्य असंगले यो दर्शनलाई योगाचार र बसुबन्धले विज्ञानवाद भनी सम्बोधन गरेका छन् । बोधिज्ञान प्राप्त गर्न समाधिलाई प्रभावकारी उपायको रुपमा मानेको हुनाले यसलाई योगाचार भनिएको हो । यसैगरी यस मतले विज्ञाप्तिमात्र (विज्ञान) लाई एकमात्र परमार्थ सत्य मानेको हुनाले यसलाई विज्ञानवाद भनिएको हो । यो दर्शनको बारेमा व्याख्या गरिएको महायानी ग्रन्थ लंकावतार सूत्रले चित्तलाई ज्यादै महत्व दिएको छ । चित्तमात्र सतू हो अन्य सम्पूर्ण बाह्य वस्तु असत हुन् भन्ने यसको अवधारणा छ ।

यस मतका प्रशिद्ध आचार्यहरुले अनेकौं महत्वपूर्ण ग्रन्थहरु पनि लेखेको पाइन्छ । ती मध्ये कतिपय हाल केवल तिब्बती र चिनीया भाषामा मात्र उपलब्ध छन् -



Downloaded from http://dhamma.digital/

- मैत्रेयनाथको, महायान सूत्रालकार, धमधर्मताविभंग, महायान उत्तरतन्त्र, मध्यान्तविभंग, अभिसमयालकारकारिका (अभिसमयालंकार प्रज्ञापारमिता उपदेश शास्त्र )
- असंगको महायानसपरिग्रह, प्रकरण आर्यवाचा महायानभिधर्म संगितिशास्त्र, योगाचार भूमिशास्त्र, महायान सूत्रालकार वज्रच्छेदिका,
- बसुबन्धुको सद्धर्मपुण्डरिक टीका, महापरिनिर्वाणसूत्र टीका, वज्रच्छेदिका प्रज्ञापारमिता टीका, विज्ञप्तिमात्रतासिद्धि,
- आचार्य स्थिरमतिको काश्यपपरिवर्त टीका सुत्रालंकार वृत्ति भाष्य, त्रिशिका भाष्य, पञ्चस्कन्ध प्रकरणभाष्य; अभिधर्मकोष भाष्यवृत्ति, मूलमाध्यमिक करिकावृत्ति र मध्यान्तविभागसूत्र भाष्यटीका;
- दिङनागको प्रमाणसमुच्चय, प्रमाणसमुच्चय वृत्ति, न्यायप्रवेश, हेतु चक्रहमरु (हेतुचक्र निर्णय), प्रमाण-शास्त्र न्याय प्रवेश, आलम्बन परिक्षा, आलम्बन परिक्षावृत्ति, त्रिकाल परिक्षा, मर्मप्रदीप प्रवृत्ति;
- शंकरस्वामीको हेतुविद्या न्यायप्रवेश तर्क शास्त्र; र न्यायप्रवेश तर्कशास्त्र; धर्मपालआलम्बन प्रत्यध्यान शास्त्र व्याख्या, विज्ञप्तिमात्रतासिद्धि व्याख्या, र शतशास्त्र व्याख्या;
- धर्मकिर्तिको प्रमाणवार्तिक, प्रमाणविनिश्चय, न्यायविन्दु, सम्बन्ध परिक्षा, हेतुविन्दु, वादन्याय र सन्तान्तरसिद्धि आदि योगाचारका (विज्ञानवाद) महत्वपूर्ण ग्रन्थहरु हुन ।

विज्ञानवादीहरुले सौत्रान्तिक मतको बाह्यानुमेयको आधारमा वबाह्यसत्ताको अनुमान हुन्छ भन्ने अवधारणाबाट अझै अगाडी बढेर भने कि यदि बाह्यसत्ता ज्ञानमा आधारित छ भने ज्ञान नै वास्तविक सत्ता हो । विज्ञप्तिमात्र एक मात्र परमार्थ हो । बाह्य पदार्थको ज्ञान कदापि हुँदैन । त्यसको सत्ता पनि हुँदैन । सत्ता केवल एउटै पदार्थको हुन्छ त्यो हो विज्ञान । विज्ञानवादीहरुको दृष्टिमा भौतिक पदार्थ नितान्त असिद्ध हो । सबै धर्म बुद्धि कल्पना प्रस्तुत भएकोले या त चित्त रुप हो या चैतसिक हो । कुनै बाह्य (चित्त-चैत बाह्य) धर्म नै हुँदैन ।[९] यसर्थ बाह्य जगत विद्यमान हुँदैन । चत्रमात्र वास्तविक सत्ता हो र जगत त्यसको परिणाम हो ।[१०]
चित्त २ रुपमा प्रतियमान हुन्छ- ग्राह्य वासना र ग्राहक वासना ।११ अतः उपलब्धीको समयमा ग्राहक ग्राह्य र ग्रहण (ज्ञेय, ज्ञाता, ज्ञान) का तीन अवस्था सर्वत्र विद्यमान रहन्छ । यी तीनै वस्तु चित्तका परिणाम हुन् जुन काल्पनिक हुन्छ । विज्ञानवादीहरु तीन विज्ञान्लाई मान्दछन् ।[१२]

- आलय विज्ञान
- क्लिष्ट मनोविज्ञान र
- ६ विषय विज्ञान-चक्षु, घाण, जिह्वा, श्रोत, काय र मन

विषय विज्ञान अन्तर्गत विषय विज्ञप्ति ६ प्रकारका हुन्छन् । यिनलाई चक्षुर्विज्ञान, घ्राणविज्ञान, श्रोतविज्ञान, जिह्वांविज्ञान, कायविज्ञान र मनोविज्ञान भनिन्छ । यस अन्तर्गत विचार, संकल्प, वेदना आदि मनोवृत्ति आउँदछन् । पाँच इन्द्रिय-जन्य विषय विज्ञान तत्काल मनोविज्ञान उत्पन्न गर्दछ । जसलाई त्रिशिका भाष्यमा तिनको अनुचर भनिएको छ । चित्त, मन र विज्ञान मनोविज्ञानको स्वरुप हो । इन्द्रियहरु मनोविज्ञान उत्पन्न गर्दछन् । यी विषय विज्ञानहरु ५१ चैतसिक धर्मसित संयुक्त हुन्छन् जसमा विविध क्लेश र उपक्लेशहरु पनि संलग्न हुन्छन् । चक्षुरादिन्द्रिय, रुप-शव्द आदि अर्थ र वासनाको आलम्बन बनाएर अपरिच्छिन्नालम्बन, अपरिच्छिन्नाकार एवं अनिवृता-व्याकृत रुपमा उत्पन्न मनोविज्ञान आलय विज्ञानको लक्षण हो ।[१३] यसलाई मनस भनिन्छ किनकि यो इन्द्रियजन्य ज्ञान होइन । योगाचार



Downloaded from http://dhamma.digital/

दर्शनमा यसको अत्यधिक महत्व छ। लायविज्ञान त्यो तत्व हो जसमा समग्र धर्ममको बीज निहित हुन्छ उत्पन्न हुन्छ र विलिन हुन्छ।[१४] यसरी समस्त धर्मको उत्पत्ति यसैबाट हुन्छ। यसर्थ यसलाई सर्व बिजक पनि भनिन्छ। यसमा निहित बीज वर्तमान संस्कारको रुपमा लक्षित हुन्छ। यो परिवर्तनशील हुन्छ एवं विज्ञानको प्रवाह कायम राखि-रहन्छ। यो हरेक व्यक्तिमा विद्यमान रहन्छ। आलयको अर्थ स्थान हो। समस्त धर्म यसमा संग्रहित हुन्छन्। यसर्थ विज्ञानको कर्म संस्कार रुपी वासना बीज यसमा विद्यमान हुन्छ। वासना २ प्रकारको हुन्छ। विपाक वासना र निस्पन्द वासना।[१५] यसमा पाँच चैत धर्म स्पर्श, मन-स्कार, वेदना, संज्ञा र चेतना सदैव विद्यमान हुन्छ। निर्वाणको अवस्थामा आलयविज्ञानको निरोध हुन्छ र मुक्त व्यक्तिमा पूनः प्रवाहित हुँदैन। मध्यान्तविभागभाष्य टीका-मा स्थिरमतिले आलयको बारेमा लेखेका छन् कि-

सर्वधर्मा हि आलिना विज्ञानेतेषु तत्तथा,
अन्योनफल भावेन हेतु भावेन सर्वदा।

-मध्यान्तविभागभाष्य टीका

अर्थात् समस्यत धर्म फल रुप भएकेले आलय विज्ञानमा आबद्ध हुन्छ र यो विज्ञान हेतु रुपमा धर्मसित सम्बद्ध हुन्छ। सबै धर्म यसैबाट उत्पन्न हुन्छन्। आलयविज्ञान हेतु हो र धर्मचाहि फल हो।

ल्किष्ट मनोविज्ञान - आलग्यविज्ञान र मनोविज्ञान विचको कडी हो। यो आलयविज्ञानबाट सन्तानरुपमा उत्पन्न हुन्छ। आलयको ग्राहक भागबाट ल्किष्ट मनोविज्ञान सन्तान प्रवाहित हुन्छ। यो ४ प्रकारका क्लेशले युक्त हुन्छ-आत्मदृष्टी, आत्ममोह, आत्ममान र आत्म स्नेह।[१६] निर्विकल्प समाधिमा यो आलयविज्ञानमा समाहित हुन्छ। किन्तु समाधी पश्चाप फेरी प्रकट हुन्छ निर्वाणको अवस्थामा भने यसको निरोध हुन्छ।

त्रिस्वभावः- लंकावतार सूत्रमा त्रिस्वभावको चर्चा गरिएको छ। यो विज्ञानवादको अर्को महत्वपूर्ण पक्ष हो। परिकल्पित, परतन्त्र र परिनिष्पन्न तीन स्वभावहरु हुन्। आरोपित पदार्थ परिकल्पित हो। त्यसै गरी अर्थाकार विज्ञान परतन्त्र र विशुद्ध विज्ञान परिनिष्पन्न स्वभाव हो। परिकल्पित नितान्त असत् हो। त्यसको संवृत्ति या व्यावहारिक सत्ता हुँदैन परतन्त्र प्रतीत्यसमुत्पन्न विज्ञान हो। यसले ग्राहक ग्राह्य वासनाको कारणले गर्दा आकार ग्रहण गर्दछ। यसर्थ प्रतीत हुनु परतन्त्र हो, जुन रुपमा प्रतती हुन्छ त्यो परिकल्पित हो। यो ग्राह्य ग्राहक वासनाबाट मुक्त हुनासथ चित्त शुद्ध, अदृश्य चित्रमात्र वा विज्ञान मात्रको रुपमा रहन्छ। यो परिनिष्पन्न तत्व हो। ग्राह्यताको विकल्प क्षय हुँदा ग्राह्य ग्राहक वासनाको क्षय हुन्छ। विकल्प विज्ञानको वासना क्षय नै निर्वाण हो।[१७] परिकल्पितको आफ्नो सत्ता हुँदैन। यो कल्पना मात्र भएकोले परिकल्पित भनिएको हो। त्रिशिकाभाष्यमा बुद्ध धर्मलाई पनि परिकल्पित भनिएको छ।[१८] तर परतन्त्रको सापेक्ष सत्ता हुन्छ, यो प्रतीत्यसमत्पन्न हुन्छ। परिनिष्पन्न अवस्थामा अर्थात् परमार्थको अवस्थामा अविद्या या ग्राहक ग्राह्य वासना उत्पन्न हुनासाथ त्यो परतन्त्रको रुपमा प्रतीत हुन्छ। यसमा विकल्प उत्पन्न हुन्छ, जुन भ्रमको आश्रय हो। जुन प्रतीत हुन्छ त्यो परतन्त्र हुन्छ। वासना आलयविज्ञानमा परिपक्व भएर अर्थाकार विज्ञान उत्पन्न गर्दछ र विनाश पूर्व यसले पूनः अर्थाकार विज्ञान उत्पन्न गर्दछ। यसप्रकार उत्पत्ति स्थिति-भंगको चक्र चलि रहन्छ। परतन्त्र व्यवहारमा विद्यामान हुन्छ। अतः यो नै सम्पूर्ण क्लेशको जननी हो। परतन्त्रको अशुद्धिलाई योगको माध्यमबाट



Downloaded from http://dhamma.digital/

वासना वा अविद्या निरोध गरेर विशुद्ध विज्ञान साक्षात्कार हुँदा परतन्त्र परिनिष्पन्न रुपमा प्रकट हुन्छ । अतः परिनिष्पन्न परतन्त्रबाट अन्य पनि होइन र अन्य पनि होइन ।

परिनिष्पन्न परमार्थ हो एवं शुद्ध चैतन्य र अखण्ड आनन्द हो । यसमा अविद्या र ग्राहक ग्राह्य वासनाको अभाव हुन्छ । अतः यो द्वय शून्य, ग्राहक ग्राह्य शून्य, विकल्प शून्य र अद्वय हुन्छ । परिनिष्पन्न नै लोकोत्तर ज्ञान हो ।[१९] यहि लोकोत्तर ज्ञानलाई तथता, भूतकोटी, अनिमित्त, धर्मधातु, धर्मता, धर्मकाय, शून्यता, विज्ञप्ति मात्रता र परमार्थ भनिन्छ ।[२०]

विज्ञानवादको त्रिस्वभावलाई अद्वैत वेदान्तको प्रतिभास, व्यवहार र परमार्थ संग तुलना गरिन्छ । परिनिष्पन्न र परमार्थलाई एउटै मान्न सकिन्छ । तर परिकल्पित र प्रतिभास एवं परतन्त्र र व्यवहारमा कुनै समानता छैन । वेदान्तमा भ्रमका २ प्रकार छन्-व्यक्तिगत भ्रम (प्रतिभास) समष्टिगत भ्रम (लोक व्यवहार) । भ्रमको विश्लेषण गर्दा विज्ञानवादले २ कुरालाई आवश्यक ठानेको छ । भ्रमको आश्रय वा प्रतीत हुने वस्तु (डोरीमा सर्पाकार विज्ञान) परतन्त्र हो । दोश्रो रुप जसमा प्रतीत हुन्छ त्यो परिकल्पित हो । प्रत्यके भ्रममा परतन्त्र र परिकल्पित दुबै हुन्छ । विज्ञानवादमा भ्रमको भेद नहुनुको मुख्य कारण भ्रमको रुपमा दुबै भेद समान हुनु हो । वेदान्त, अनुसार भ्रमलाई परिकल्पित र परतन्त्रमा विभाजन गर्नु नितान्त अनुचित हो किनकि अध्यस्त पदार्थमा आकार द्रव्य दुबै हुन्छ जसलाई अलग गर्न सकिन्न । अतः सर्पाकार विज्ञान र सर्प पदार्थलाई छुट्याएर क्रमशः संवृति सत्य र दोश्रोलाई असत्य मान्नु असंगत कल्पना हो । अद्वैत वेदान्त परमार्थमा विज्ञानवादी र व्यवहारमा वस्तुवादी छ । अतः विद्वानहरुको मत छ कि विज्ञानवादको अपेक्षा अद्वैत वेदान्त अधिक सुसंगत र श्रेष्ठ छ ।[२१]

विज्ञानवादी दर्शन एउटा अति नै महत्वपूर्ण दर्शन हो । यस दर्शनको विश्लेषण गर्दा विशेषताका रुपमा निम्न तथ्यहरुलाई उल्लेख गर्न सकिन्छ ।

- कुनै बाह्य धर्मको अस्तित्व हुँदैन । केवल वासनाको कारणले मात्र हामी त्यसलाई देख्दछौं । आलय विज्ञानमा यी वासना संग्रहित हुनुको साथै पुनः उत्पादन हुन्छन् ।
- वासना साधारण र असाधारण गरी दुई प्रकारका हुन्छन् । एउटै प्रकारका वासनाको कारणले गर्दा नै एउटै वस्तुलाई सबैले उस्तै देख्दछन् ।
- देखेको वा सुनेको धर्म वास्तविक होइन । यो केवल सपना वा कल्पना मात्र हो ।
- योगाचारले शून्यतालाई नहुनु(अभाव) को अर्थमा लिएको छ । तर माध्यामिक दर्शनमा निः स्वभावको आधारमा शून्यताको व्याख्या गरिएको छ । बोधिसत्वलाई त्रिविध शून्यताः- अभाव शून्यता, तथाभाव शून्यता र प्रकृति शून्यताको ज्ञान हुन्छ । त्रिविध शून्यता क्रमशः परिकल्पित स्वभाव र परिनिष्पन्न स्वभाव हो ।
- योगाचारको अद्वयवाबाट करुणा प्रवृत्त हुन्छ जुन परम आश्चर्य हो ।
- हरेक धर्ममा विशुद्ध विज्ञान रुप हुन्छ ।
- परिकल्पित, परतन्त्र, र परिनिष्पन्न स्वभाव हो ।
- पुद्गल दा जीव र धर्म दुबै आलयविज्ञानका आभास हुन् ।
- बोधि प्राप्त गर्न षटपारभिता आवश्यक छ ।
- बुद्धत्व प्राप्त गर्न दश बोधिसत्व भूमि पार गर्नु पर्दछ ।
- पुद्गल नैरात्माको मननले क्लेशावरण क्षय र धर्म नैरात्मबाट ज्ञयावरण क्षय गरेर मात्र बुद्धत्व प्राप्त हुन्छ ।



Downloaded from http://dhamma.digital/

- अविद्याजान्य ग्राहक ग्राह्य वासना निरोधबाट अद्वय विशुद्ध प्रज्ञा प्राप्त हुन्छ ।
- शून्यताको दृष्टिको सबै समान हुने भएको हुदाँ संसार र निर्वाण , अशुद्ध र शुद्ध, म र ऊ आदिमा केही पनि भिन्नता छैन ।
- बुद्धका ३ कायहरु हुन्छन् - धर्मकाय (सत्), निर्माणकाय (चित्त) र सम्भोगकाय (आनन्द) । निर्माणकाय र सम्भोगकायलाई रुपकाय भनिन्छ । त्यसैगरी धर्मकाय भन्नुनै धर्मधातु तथता तथागतगर्भ र विशुद्ध विज्ञान हो ।

## सन्दर्भ टिप्पणी

विस्तृत जानकारीको लागि हेर्नुहोस्- पि.भि वापत, २५०० हन्ड्रेड इयर्स अफ बुद्धिजम्, नयाँ दिल्लीः सूचना तथा प्रसार मन्त्रालय, १९९७, पृ ३६-३८ ।

गेसे लोण्डुप सोपा र जेफरी हप्किन्स, प्राक्टीस एण्ड थ्योरी अफ टिबेटन बुद्धिजम्, बम्बैः वि आई. पब्लिकेसन्स, १९७७, पृ.६६-६७, खेन्पो बागिन्द्रशील र नारायण प्रसाद रिजाल (सम्पा), मुनिमत प्रकाश ( थोब्बेगोड्साल), काठमाण्डौः ब्योम कुसुमा अनुवाद समिति, २०५६ पृ। २०९-२४५ ।

वलवेद उपाध्याय, बौद्ध दर्शन मिमांशा, वाराणसीः चौखम्वा विद्या भवन, २०११, पृ. १६०, अशोक कुमार चटर्जी, योगाचार आइडियालिजम् दिल्लीः मोतिलाल बनारसीदास, १९८७, पृ.४५-७२; टि आर. भि. मूर्ति, द सेन्ट्रम् कँसेप्सन अफ बुद्धिजम्- ए स्टडि अफ द माध्यामिक सिस्टम्, न्यू दिल्लीः मोतिलाल वनारसीदास, १९९४, पृ. १२-१३, गोविन्द चन्द्र पाण्डेय, बौद्ध धर्म के विकासका इतिहास, लखनऊः उत्तर प्रदेश हिन्दी संस्थान, १९९०, पृ. १९२-२२५ ।

उपाध्याय, पा.टि. ३, पृ. १६१ ।



Downloaded from http://dhamma.digital/

# बौद्ध संस्कृति

## नेपाली संस्कृति : बौद्ध संस्कृति

नेपाली संस्कृतिको एक पर्यायवाची शब्द बौद्ध संस्कृति हो । त्यस्तै नेपालको बौद्ध संस्कृतिको अर्थ नै नेपाली संस्कृति हो । नेपालको इतिहास बौद्ध प्रागैतिहासबाट प्रारम्भ हुन्छ । नेपाली कला, वास्तुकला, विश्वास र रीतिस्थिति त्यस्तै बौद्ध कृति, बौद्ध धारणा र पद्धतिबाट उद्‍गम भईकन आजसम्म जीवन्त रुपमा गतिशील छ ।

नेपाल अतीत बुद्धहरुमा आस्थानुयायी बौद्धहरुको देश हो । दीपंकर बुद्ध पञ्चदानमा पूजित हुने बुद्ध हुन् र पालि बौद्ध वाङमय स्पष्ट गर्दछ दीपंकर बुद्धकै सम्मुख सुमेध तपस्वीको बोधि प्रणिधान प्रारम्भ भएको थियो । दीपंकर बुद्धबाटै उनि भविष्यमा गौतम बुद्ध हुने भविष्यवाणी भएको थियो । कपिलवस्तुको गोटिहवामा ऋकुच्छन्द बुद्धको स्तूपावशेष छ । अशोकको शिलास्तम्भ अभिलेख भन्दछ,"बुधस कोनाकमनस थुबे दुतियं वढिते" कोनागमन अस्थि स्तूपलाई द्वितीयबार जीर्णद्वार गरे अथवा कोनागमनको भएको स्तूपलाई गर्भभित्र पारेर बाहिरबाट अर्का स्तूप बनाई स्तूपको आकारलाई डब्बल बनाए । बौद्धको स्तूपमा कमश्यप बुद्धको केशधातु भएको विश्वास गरिन्छ । यसरी नेपाल अतीत बुद्धदेखि बुद्धधर्मको क्षेत्र हो ।

गौतम बुद्धको जन्मभूमि लुम्बिनीलाई अभिलेखको "हिदबुधेजाते सक्यमुनीति" "यहाँ शाक्यमुनि बुद्ध जन्मनु भएका थिए" शब्दबाट प्रमाणित गरेको छ । यति पुरानो र यस्तो स्पष्ट अभिलेख प्रमाण अरु कुनै हाम्रा धर्म पुरुषहरुबारेमा नेपालमा पाइएको छैन । यसकारण बौद्ध संस्कृतिको यो प्राचीनता नेपाली संस्कृतिको पहिलो आधारशिला हो । पालि साहित्यको अध्ययनबाट स्पष्ट हुन्छ, बुद्धको पहिलो धर्मचक्र प्रवर्तन कपिलवस्तुबाट श्रमण भएका पञ्चवर्गीय सामु भएको थियो । बुद्ध शासन्को पहिलो भिक्षुणी हुने सिद्धार्थ गौतमलाई दुग्धपान गराउने महाप्रजापति गौतमी थिइन् भन्ने पहिलो श्रामणेर सिद्धार्थ र यशोधराको सात वर्षीय छोरा राहुल थियो । बुद्धको जीवनकालमा नै हजारौं हजार कपिलवस्तु र देवदहका नागरिकहरु बुद्धंको धर्मप्रचारार्थ भिक्षु भिक्षुणी भएका थिए । मूलसर्वास्तिवादी विनाय पुस्तक अनुसार बुद्धको जीवनकालमा नै नेपाल उपत्यकासम्म यी भिक्षुहरु मध्ये केही भिक्षुहरु पुगिसकेका थिए ।

नेपाल उपत्यकाको पहिलो चारित्रिक व्यक्तित्वका साथ देखिने ऐतिहासिक राजा वृषदेव बुद्ध शासनका पक्षपाति थिए । यदाकदा बौद्ध संस्कृतिमा तुषारापात गर्नखोज्ने अनुपरमको जस्सतो प्रयास देखिएता पनि नेपाली संस्कृतिलाई शान्ति र अहिंसाको सौन्दर्य तथा शीलको सुवास दिने बौद्ध प्रयास अक्षुण्ण रहेको स्पष्टछ । अंशुबर्माको समयमा राजकीय स्तरमा गुं विहार, श्रीमान विहार, श्री राजविहार, खर्जूरिका विहार, मध्यम विहारमा आर्थिक अनुदान हुन्थ्यो । बौद्धहरुको आर्थिक अनुदान गार्हस्थ्य उपभोगमा प्रयोग गर्दनथ्यो । यसै कारण यहाँ अनेकौं विहारहरु बने, बुद्ध र बोधिसत्वका मूर्तिहरु बने, अध्ययन-अध्यापन भए, धर्मर्दतको आदान-प्रदान भए, एशियाई भ्रातृत्व र समताको शान्ति र समृद्धिको संवर्द्धनमा विशेषतः भारत, श्रीलंका, बर्मा थाइलैण्ड, तिब्बत चीन, जापान, कोरिया, मंगोलिया र इण्डोनेशियादिको कला, साहित्य, धर्म र दर्शनको सम्पन्नता र समृद्धिका लागि नेपाली बौद्ध संस्कृति सेतु बने ।



Downloaded from http://dhamma.digital/

अघिल्ला युगको उत्तराधिकार संरक्षण गर्द मध्यकालीन नेपालको प्रारम्भिक कला र वास्तुकला धर्म र दर्शनमा एक नयाँ आयामको थालनि भएको पनि देखिन्छ । त्यो हो, वाङमयको प्रतिलिपिकरण अर्थात् ग्रन्थ पुनर्लखन । पाटनको हिरण्यवर्ण र रुद्रवर्ण महाविहार, भक्तपुरको चतुर्ब्रह्म विहार, काठमाडौँको विक्रमशील विहार, फर्पिङका यस्तै अज्ञात विहारहरु यसका प्रमुख केन्द्रहरु मध्येका थिए । यस युगको सांस्कृतिक देन हजारौँ पाण्डुलिपि ग्रन्थहरु आज पनि हाम्रो राष्ट्रिय संग्रहालयमा, तिब्बत चीन, मंगोलिया र जापानमा प्राचीन विहारहरुमा संरक्षित छन् । त्येसबेला ताडपत्र, भुजपत्र, नीलपत्र निर्माण गर्न सुन र चादीँको मसि बनाउने, लिच्छवि, रञ्जना, भुजिंमोल, कुंमोल, पाचुमोल, क्वँ मोल, लित्मोल आदि लिपि विज्ञानको विकास हुने जुन साँस्कृतिक कार्य भए त्यो बौद्ध संस्कृतिको नै अतुलनीय देन हो । रञ्जना लिपि चीन, जापान, कोरिया र मंगोलियासम्म फैलियो । यस्ता विविध लिपिहरुको विकास अन्य बौद्ध देशमा भएको देखिन्दैन । मध्यकालीन पाण्डुलिपि ग्रन्थमा र ग्रन्थको काठको गातमा लेखिने देव देवीका, बुद्ध र बोधिसत्वका चित्रहरु यस युगको त्यो देन हो, जुन देनबाट हाम्रो चित्रकलाको स्पष्ट र प्रमाण्य इतिहास बनेकोछ ।

राष्ट्रिय संग्रहालय स्थित बोधिसत्वको दोश्रो शताब्दीतिरको बोधिसत्वको प्रस्तर मूर्तिदेखि नेपाली मूर्ति कलाको अक्षुण्ण प्रवाह शुरु हुन्छ । चायुबहिलको लिच्छवी अभिलेखमा उल्लेख भएको किन्नर जातको शिलामय चित्रकथा अजन्ता, अमरावती, साँची, अंकोरवाट र बोरोबुदुरमा जस्तै उत्खनन् गरेर खोजेर हालसम्म भेटाउन सकेका छैनौँ ता पनि टुंडिखेलको महांकाल अगाडि रुखमुनि रहेको एउटा श्रद्धा-चैत्यमा उत्मीर्ण किन्नरहरुबाट अनुमान गर्न सक्छौँ हाम्रो बौद्ध कला कतिको स्तरयुक्तको छ । काठमाडौँको चायबहिल, भ्वाः बहाल, श्रीघल, स्वयम्भू, बांगेमुढा, गणबहाल, पाटनको तुकंबहाल, भक्तपुरको सिद्धि पोखरी उत्तर दिशास्थित बुद्ध र बोधिसत्वका मूर्तिहरुबाट बौद्ध संस्कृतिको नेपाली कलात्मक पक्षको उच्चस्तर स्पष्ट हुन्छ । यस शिलामय कलाकृति निर्माण अगाडिका काठ र माटाका कलाकृति बारेमा हामीलाई सारै कम ज्ञान छ । प्रायः प्राचीन बौद्ध विहार स्थित मुख्य मूर्ति शाक्यमुनि बुद्ध मूल रुपमा काठ वा माटोका बनाइराखेका हुन्छन् ।

लिच्छवि युगमा जन्मगत प्रकारको वर्ण व्यवस्थाको संकेत स्पष्ट गर्दछ । तर अभिलेख र बौद्ध अनुश्रुतिबाट यो पनि स्पष्ट गर्दछ बौद्ध सस्कृतिले कमसेकम जयस्थिति मल्लको युगसम्म जन्मबाटै ब्राह्मण श्रेष्ठ उच्चमान्ने र शाम्य वज्राचार्यहरुको लागि निम्न पेशा मात्र दिने खान लाउनका समेत भेदभाव गर्न वर्ण व्यवस्था थिएन । विभिन्न वर्णका श्रद्धालुबाट स्थापित बौद्ध कला, वास्तुकला, विहारलाई जग्गा दान, विशेषतः उच्चनीच विभिन्न वर्णका मानिसलाई चूडाकर्म गरेर बौद्ध विहार बनाएको यथार्थताबाट यो कुरा प्रमाणित हुन्छ । सतीप्रथा पनि नेपालमा लिच्छवी युगमा नै भित्रिने प्रयास भएको थियो तर बौद्ध प्रभावबाट नेपाली बौद्ध संस्कृतिको देनबाट कम से कम मल्ल युगको उत्तरार्द्धसम्म नेपाली नारी वर्गलाई धर्मको नाउँको जिउदै पोल्नु पर्न स्थितिबाट मुक्ति दिए । नेपाली बौद्धमा विधवा विवाह अस्वीकृत छैन, न त विधवा विवाहमा असम्मानजनक धारणा राख्दछ ।

नेपाली बौद्धहरु आज पनि खाना खान्दा पारिवारिक रुपमा सबै सगैँ बसेर समान रुपमा खाने कुरो खाने गर्छन् । भोजमा सबै मानिसहरु लामो सुकुलमा लामलामि बसेर सँगै खाने गर्दछन् । यो समयव्यवहार बौद्ध संस्कृतिको समता दर्शनको प्रतिफल हो ।

नेपालको चाडपर्व, उत्सव र यात्राहरुमा प्रारम्भिक बुद्धधर्म र विकसित बुद्धधर्म अथवा तन्त्रयान मन्त्रयानहरु निमित्त कारणहरु भएको तथ्य पनि स्पष्टछ । प्राकृतिक स्थिति र उत्पादनबाट उपलब्ध



Downloaded from http://dhamma.digital/

वस्तुहरको उपयोग र उपभोग गर्न सन्दर्भमा चाडपर्वहरु, कौसीको गमलामा नै भए पनि धान रोप्ने शाक्य जातिका वप्प मंगल (धान रोपाइँ) रीति, आमा बाबुको मुख हेर्न परम्परा, 'सी गुठी' आदिमा निहित गुठीहरुको सहयोगात्मक संगठन स्वरुप, आफ्ना श्रीसम्पत्ति अन्यत्र लैजान नपर्न गरी आफै कहाँ भएका नदी नालाहरुलाई तीर्थस्थल रुपमा मान्ने परम्परा, व्हेनसांगले खोताङ्ग आदि सुदूर उत्तर पश्चिमी एशियामा देखिएका (तर आज लोप भइसकेका जस्तै बुद्ध र बोधिसत्वको रथयात्रा) जस्तो पाटनको आर्यावलोकितेश्वर (बुंगद्यो) र काठमाडौँको श्वेत वर्ण बोधिसत्व (जनबहाः द्यो) को यात्रा नेपाली बौद्ध संस्कृतिका ती पक्षहरु हुन्, जसको सही अध्ययन र विश्लेषणको आज अपेक्षा राख्दछ । ऋतु अनुसारका संगीत र देशको भौगोलिक स्थिति अनुसारको श्रमसाध्य जीवनको अवकाश समयका नाचगानहरुको विकासमा बौद्ध संस्कृतिकै प्रतिकात्मक अर्थ व्यापक रुपमा फैलिएको छ । नेपाली बौद्ध संस्कृतिका नृत्य, गीत, भाव र रस हामी तान्त्रिक देव देवीका मूर्तिहरुको मुद्रा र लयमा गहन र सरस रुपमा प्रवाहित र तरंगितभावमा भइरहेको भावमा दार्शनिक शूक्ष्मभाव स्पष्ट छ ।

वस्तृतः नेपाल सांस्कृतिक दृष्टिबाट अत्यन्त सम्पन्न र समृद्ध देश हो यस सम्पन्नता र समृद्धिमा त्याग र सदाचारको पोषण छ कुटिलता र प्रपञ्च प्रवृतिबाट मुक्त जुन स्वच्छन्दता र स्वतन्त्रता नेपाल संस्कृतिमा छ, त्यसमा बौद्ध संस्कृतिकै पसिनाको सुगन्ध र पवित्रताको सौन्दर्भ छ ।

# नेपालमा बुद्धधर्म र बौद्ध संस्कृति

## प्रस्तावना

'नेपालमा बुद्धधर्म र बौद्ध-संस्कृति' स्वयं एउटा अत्यन्त व्यापक र गहन विषय हो । प्रागैतिहासिक , ऐतिहासिक र आधुनिक युग सम्मको नेपालको बुद्धधर्म र बौद्ध-संस्कृति यस शीर्षकमा अन्तरभूत हुन्छ । साथै मेचीदेखि महाकालीसम्म हिमालदेखि तराई सम्मको सस्कृतिंको गहनता छ । चार हजार जति शब्दमा यति विषय विस्तारमा उड्नु यति गहनतामा गोता लगाउनु मेरो क्षमता र दक्षताका लागि दुष्करप्रायः छ । वस्तुतः परोक्ष प्रसंग, सम्बद्धस्मरण, अनिवार्य उदाहरणमा बाहेक यो कार्यपत्र नेपाल (काठमाडौं) उपत्यकाको नेपाली बुद्धधर्म र बौद्ध-संस्कृतिमा मात्र सीमित गर्न अनुमति चाहन्छु ।

## अतीत बुद्ध प्रति-नेपाली श्रद्धा

नेपाल प्राचीनकालदेखि अतीत बुद्धहरुप्रति श्रद्धानवान् छ । स्वयम्भूपुराणको अतीत बुद्धहरु बारेको वर्णन,"कोणाकमन (कोणागमन) बुध" को थुबे (स्तूप) बारेको अभिलेख प्रमाण, अरौटाकोटको कनकमुनि बुद्धसँग संबद्ध भएको परिचर्चा, ककुच्छन्द बुद्धसँग संबद्ध मानिएको गोटिहवाको वर्णन, पञ्चदानादि सास्कृतिक परम्परामा दीपंकर बुद्ध प्रतिको आस्था, अजन्ताका गुफा द्वारको जस्तै एकताका नेपाली घरको ढोकामा पनि सप्त तथागतको चित्र लेख्ने परम्परा यसका प्रमाणहरु हुन् ।



Downloaded from http://dhamma.digital/

## सप्त तथागतहरुको नेपाल उपत्यका आगमन

नेपाल उपत्यकाको नेपाली बुद्धधर्मको प्रारम्भको वर्णन एक विशिष्ट शैलीबाट स्वयम्भूपुराणमा गरिएको छ । अतीत बुद्धहरुमध्ये सत्ययुगमा नागदहमा बन्धुमतीबाट आउनु भएको विपश्वी बुद्धले जातमात्रोच्चोमा तपस्या गरेको र चैत्र पूर्णिमाको दिन कमलको कन्द (गानु) आरोपण गर्नु भएको, आश्विन पूर्णिमाको दिन कमल फूल फुलेको, अरुणपुरबाट शिखी बुद्ध आउनु भई त्यस फूलबाट प्रकाशित ज्योतिको दर्शन गरेर मेष संक्रान्तिका दिन ज्योतिमा लीन भएको, त्रैतायुगमा अनुपम नगरबाट आउनु भएका विश्वभू बुद्धबाट फूलोच्चोमा तपस्या गर्नु भएको र उनकै भविष्यवाणी अनुरुप पञ्चशील पवर्तबाट मंजुश्री नेपालमा आएर कोटावाल पर्वत काटेर उपत्यका बसालेको, क्षेमावती नगरबाट आउनु भएका क्रकुच्छन्द बुद्धले बागमती नदी प्रवाहित गर्नु भएको, द्वापर युगमा शोभावतीबाट कनकमुनि बुद्ध, काशीबाट काश्यप बुद्ध यहाँ आउनु भएको र शाक्यमुनि बुद्ध स्वयम्भू डाँडा नजिकको पुच्छाग्रचैत्यमा धर्मदेशना गरेर चुन्दा यक्षिणीलाई प्रव्रजित गरी आफ्ना १३५० शिष्यहरुमध्ये धेरैलाई यही छाडेर जानु भएको पौराणिक वर्णन उपलब्ध छ । दीर्घनिकाय महापदान सूत्त अनुसार ९१ कल्प अगाडिको विपस्सी बुद्ध र सिखी बुद्धका नगरहरु बन्धुमती र अरुणवती थिए । त्यस्तै ३१ कल्प अगाडिको वेस्सभू बुद्ध अनोमा नगरेको थियो । यस भद्रकल्पका ककुसन्ध, कोकागमन, कस्सप र गोतम बुद्ध क्रमशः खेमावती, सोभावती, वाराणसी र कपिलवत्थु नगरका थिए । यसबाट स्पष्ट छ, स्वयम्भूपुराणका अतीत बुद्धका केही तथ्यहरु मूल पालिका तथ्यसँग तादात्म्य सम्बन्ध राख्दछ । अथवा भनौं स्वयंम्भूपुराण बुद्धवंशसंग परिचित छ ।

## लुम्बिनी, कपिलवस्तु र देवदहमा गौतम बुद्ध

'हिदबुधेजाते सक्यमुनिति' यहाँ शाक्यमुनि बुद्ध जन्मनु भएका 'हिदंभगवंजोतेति लुंमिनिगामे' यहाँ भगवं जन्मनु भएकोले लुम्बिनीमा अशोकस्तम्भमा उत्कीर्ण छ । कल्पिलवस्तु, लुम्बिनी र देवदहमा बुद्धत्वप्राप्ति पछि आउनु भएको वर्णन पालि एवं संस्कृतका प्राचीन वाङमयमा सुरक्षित छ । कलात्मक अभिव्यक्तिमा संरक्षित छ । कपिलवस्तु र देवदहमा बुद्धले अनेक उपदेश दिए । यहाँ जन्मेका सैकडौं हजारौं क्षीणाश्रव श्रावक श्राविकाहरुले हजारौं मानिसहरुको उद्धांर गरे । त्यसबेलाका यस भेकका नेपाली बुद्धधर्म पालि बुद्धधर्मसंग सम्बन्धित छ र त्यस बेलामा बौद्ध सांस्कृतिक स्वरुपमा भिक्षाटन, ध्यान र धर्मदेशना विषयसँग सम्बद्ध छ । अर्का शब्दमा भन्ने भए त्यबेलाको बौद्ध सांस्कृतिक सौराभमा शील, समाधि र प्रज्ञा छ, मुक्ति-मकरन्द छ र निर्वाण-रस छ ।

## शाक्यमुनि बुद्धको नेपाल उपत्यका आगमन बारेमा

बुद्ध र बुद्धका श्रावक-श्राविकाहरुको लुम्बिनी, कपिलवस्तु र देवदहबाट उत्तर, उत्तरपूर्व र दक्षिणोत्तर दिशाको चारिका बारेमा जान्न अतीतका पदचिन्दहरुको खोज गर्द हिड्नु बाँकी नै छ ।

स्वयम्भूपुराण अनुसार गौतम बुद्ध आफ्ना श्रावकहरुका साथ नेपाल उपत्यका आउनु भइ स्वयम्भूको दर्शन, महासत्व चर्याको प्रकाशन र नालामा एक वर्षावास बस्नु भएको छ । वंशावली



Downloaded from http://dhamma.digital/

अनुसार किराती राज्यकालमा बुद्ध कपिलवस्तुबाट नेपाल आउनु भएको थियो । नेपाल महात्म्य अनुसार इन्द्रियलाई वशमा राख्ने बुद्धावतार सौराष्ट्रबाट आउनु भई मणिधातुमा तपस्या गरेको वर्णन हाम्रा सामुने छ । परन्तु यी श्रद्धाभिव्यक्तिहरुबाट ऐतिहासिक शाक्यमुनि बुद्धको कालक्रम र बुद्धको वास्तविक गुणसंग तादात्म्य सम्बन्ध पटकै राख्दैन । स्वयम्भूको सामुन्ने वज्राशन गरी जप गर्न, गुह्यश्वरीको प्रसाद ग्रहण गर्न, नमोबुद्धबाट गहना अस्थि निकालेर देखाउने, गिरिसुताको वचनानुसार कारुणिक बुद्धद्वारा वाग्मती र मणिमतीको दोभानमा “कारुणिकेश्वर लिंग” स्थापना गर्न वर्णनमा केही जातकीय शैली, पछिल्ला युग साक्षेप रंग रस, स्वधर्मको महत्त्व प्रामाणिकरणको जुन प्रयास छ, त्यो अध्ययनका लागि चाख लाग्दो छ ।

## हिमाली भेगमा शाक्यमुनि बुद्ध र बुद्धधर्मको प्रवेश

पालि वाङमयमा बुद्ध नेपाल उपत्यका आउनु भएको स्पष्ट वर्णन पाइन्दैन । रोहिणी नदीको पानीको प्रसंगमा शाक्य र कमेलियहरुको बीचमा हुन लागेको झगडा लडाइमा सम्झौता गराउनु भई बुद्ध मंकुल पर्वतमा वर्षावास बस्नु भएको थियो । त्यहाँबाट बुद्ध त्रायतिंस भुवनमा जानु भएको थियो । नेपालको एक पौराणिक वर्णन अनुसार पनि नेपनलबाट वुद्ध त्रायतिंस भवन जानुभएको थियो । वर्णनको यस समभावले हामीलाई मंकुल पर्वतको खोजितिर प्रेरित गर्दछ । यता पालि र संस्कृत भाषाको बौद्ध वाङमयमा हिमालयको अरण्यकुटीकामा बस्नु भएको थियो । बुद्ध उत्तरकामा पुग्नु भएको थियो । एक पाठखेद अनुसार उत्तरमा भन्ने कुमू वा खुमू हो । यो कुलु (कुमू खुमू)हरुको ठाउँ हो । बुद्धले नन्दलाई जनपद कल्याणीको प्रेम वियोगको विरहमा बोध गराउन उत्तरतिर लैजानु भएको थियो ।

यस उसले श्रीलंका द्वीपमा र बर्मा देशमा बुद्धको पदार्पणहुनुमा भन्दा कपिलवस्तु, लुम्बिनी र देवदहबाट उत्तर दिशातिर धेरै परसम्म यात्रा गर्नु भएको तथ्यमा अवश्य पनि बढी ऐतिहासिक सार्थकता छ । नानातित्थिय सुत्त अनुसार श्वेत आकर्षणमा हिमालय श्रेष्ठ छ ।

तेश्रो शताब्दीतिर सम्पादित मूलसर्वास्तिवाद विनाय अनुसार मोहपुरुष विरुढकले कपिलवस्तुका शाक्यहरुलाई प्रघातित गर्दा केही शाक्यहरु नैवाल (नेपाल) पसेको र पछि ज्ञातिवत्सल आर्य आनन्द शाक्यहरुलाई हेर्नु नेपाल आउनु भएको, आनन्दको पाइतला हिउँबाट स्फुटित भएकोले नै बुद्धद्वारा हिमवंत जनपदमा पूला (जुत्ता विशेष) धारण गर्न आज्ञा गर्नु भएको वर्णनलाई आनन्दको जीवन चरित्रको विश्लेषणात्मक अध्ययनबाट समीक्षा गर्नु आवश्यक छ । विनयको अर्थकथादिको आधारमा अध्ययन गर्नु जरुरी छ ।

## चारुमती र चायबहिल

अब नेपालको कीर्ति सुनेर आफ्ना गुरु उपगुप्तसँगै पाटलिपुत्रबाट राजा अशोक नेपाल( उपत्यका) आएको, यहाँ धेरै चैत्यहरु बनाइकन छोरी चारुमतीको विवाह देवपालसँग गरी दिएको , पछि चारुमती र देवपालले विहारहरु बनाएको र चारुमती विहार नै चायबहिल भएको वैशावलकिो कथन र जनविश्वासतिर केही विचार गरौं । दिव्यावदानमा भएको अशोकको धर्मयात्रा विवरणमा, अशोकको धर्मयात्राको अभिलेखहरुमा, महावंश र दीपवंशादि पालि वाङमयमा अशोकको नेपाल उपत्यका आगमन बारे केही उल्लेख भएको छैन । यति हुँदा हुदैं पनि महिन्द र संघमित्ताबारे अभिलेख भएको छैन । यति



Downloaded from http://dhamma.digital/

हुँदा हुँदै पनि महिन्द र संघमित्ताबारे अभिलेख मौन भए जस्तै चारुमती बारेमा पनि वाङमय मौन भएको भए कुनै आश्चर्य छैन । किनभने अशोककी द्वितीय देवी (रानी) कारुवाकी (चारुवाकी) भएको अभिलेखबाट सिद्ध भएकोले चारुवाकीकी छोरी तीवलकी दिदी वा बहिनी चारुमती भन्ने हुन सक्ने सम्भावना नकारन सकिन्दैन ।

चायबहिलस्थित पूर्वी लिच्छवी लिपिको अभिलेखको ठूलो महत्व छ । नेपालको लोकप्रिय जातक संग्रहमा समाविष्ट नभएको तर पालिमा संकलित "किन्नरी जातक" त्यहाँ आकीर्ण भएको चैत्यको उल्लेख र प्राचीन पालि शैलीमा जस्तै संसारलाई दबाई राख्ने र वशमा राख्न गाह्रो इन्द्रिय दमन गर्ने महामुनि रुपमा बुद्धको गुण वर्णनको यथार्थता र संघको उल्लेख यस अभिलेखमा भएको छ । चायबहिलमा प्राप्त लिच्छवि चैत्यहरुको कलात्मक शैली विशेषतः गवाक्षहरु अजंता गुफाका गवाक्षहरुसँग मिल्दा जुल्दा छन् । यसै प्रसंगमा चायबहिल प्राचीन समया स्थविरवादको केन्द्र भएको सूर्य विक्रम ज्ञवालीज्यूको मध्यकालीन इतिहासको भनाइ पनि यहाँ निर स्मरण हुन आउँछ ।

## अशोकको धर्मदूत

महावंस अनुसार अशोकको धर्मदूतहरु मध्येमा मज्झिमथेर अरु चार स्थविरहरुसँगै हिमवन्त प्रदेशमा आउनु भएको थियो । दीपवंस अनुसार मज्झिमथेरसँग आउने थेरहरु कस्सपगोत्त, दूरभिसार, सहदेव र मूलकदेव थिए । सासनवंसको उल्लेख अनुसार हिमवन्त प्रदेश अन्तरगत (नेपाल उपत्यका सहित) सम्पूर्ण हिमाच्छादित उत्तरी भूभाग परेको स्पष्ट हुन्छ । दीपवंस अनुसार अशोकका यी धर्मदूतबाट यहाँ सर्वप्रथम "धम्मचक्क सुत्त" को देशना भएको थियो ।

धर्मचक्र संस्कृति प्रभाव

नेपाल उपत्यकामा धर्मचक्रको संस्कार प्राचीनकालदेखि आजसम्म निरन्तर रुपमा प्रवाहित छ । पूर्वी लिच्छवि युगको शिलामय एक धर्मचक्र श्री शिवदेव संस्कारित श्री रुद्रवर्ण महाविहार बाहिरको चौबाटो निरको एक चैत्यमा त्यसै (अस्वाभाविक रुपमा) संरक्षित छ । त्यस्तै लिच्छविकालीन शिलामय धर्मचक्र चायबहिल आदि ठाउँमा यत्रतत्र हामी देख्दछौ । लिच्छवि युगको अभिलेखहरुको शीर्षभागमा झण्डै दुई शताव्दी सम्म लगातार कुँदिएका "धर्मचक्र" चिन्ह कुँदिएको छ । मृगदावनमा भएका धर्मचक्रको संस्मरण अंशुवर्माको बुङमतीको २९ सं.को अभलेख र वटुक भैरवको ८९ संवतको अभिलेखबाट शुरु गरिएको छ । यसबाट मज्झिमथेर "सवहेमवताचरिथ कल्याणकारी कस्सप गोत्त" जस्ता ऐतिहासिक धर्मदूतको धर्मचक्र संस्कृति नेपालमा कति सम्म प्रभावकारी रह्यो भन्ने तथ्यको बोध हुन्छ ।

लिच्छवि युगको बुद्धधर्म

अभिलेख प्रमाण भएको ऐतिहासिक युग भन्दा अगाडिदेखि अर्थात् लिच्छवि युग भन्दा अगाडी नेपाल उपत्यकामा बुद्धधर्म व्यापक रुपमा फैलिइसकेको र बुद्धधर्म जन-जीवन तथा संस्कृतिको अभिन्न अंग भइसकेको स्पष्ट हुन्छ । दोश्रो शताव्दी तिरको बोधिसतवको राष्ट्रिय संग्रहालयमा रहेको खण्डित मूर्ति बने जस्तै आर्य मञ्जुश्रीमा मूलकल्पले गोपाल राजाहरुको बेलामा यहाँ विहारहरु, उत्तम चैत्यहरु रम्य आरामहरु, इनार धर्मशाला (सत्रागार) हरु धेरै बनेको वर्णन पाइन्छ । राजभोगमाला वंशावली इंगित गर्दछ, गोपाल वंशीय अन्तिम राजा यक्षगुप्त पनि बुद्धधर्मकै अनुयायी थियो । अर्को वंशावली अनुसार पशुप्रेक्ष देवले २४ बहालहरु बनाएको छ ।



Downloaded from http://dhamma.digital/

लिच्छवि युगको एक प्रमुख ऐतिहासिक राजा वृषदेव पनि हो । मानदेव प्रथमको बराज्यू वृषदेव राजा लडाई भिडाइ कम गर्ने, बोलेको कुरा पुऱ्याउने विद्वान, सुगत शासन पक्षपाती राजोत्तम राजा थियो यता लिच्छवि युगसम्म काठमाण्डौ, उत्तरी कोलिग्राम र दक्षिण कोलिग्राम रुपमा विकसित भइसकेको थियो र यहाँ वृजिहरुको बसोबास भएको "वृज्जिकरथ्या" पनि बनिसकेको थियो । दानी अशल धर्म कर्म गर्ने यशश्वी राजा शंकरदेवद्वारा स्वयम्भूलाई जग्गा दान गरेको, राजा धर्मदेवद्वारा चैत्यको निर्माण गरेको, राजा मानदेवले श्रीमान विहार बनाएको, गुणरत्न निधानभूता श्री भोगिनी भूतानुकम्य चतुरा विनय प्रवीणा र मधुरभाषी हुने गरेको, प्रियपाल नामक शाक्य भिक्षुबाट आमा बाबुको कल्याण कामना गरी रत्नत्रयका लक्ष्य लिइ प्राणीहरुको उपभोगका लागि दान धर्म गरेको वंशावली र अभिलेखका कुराहरुबाट लिच्छवी युगको नेपाली बुद्धधर्मको स्वरुप स्पष्ट हुन्छ ।

लिच्छवि युगको बौद्ध वास्तुकला स्पष्ट गर्न हाँडिगाउँ स्थित अंशुवर्माको ३२ संवत्को अभिलेखमा उल्लेखित गुंविहार, श्रीमान विहार, श्रीराज विहार, खर्जुरिका विहार, मध्यम विहार, सामान्य विहार त्यस्तै पाटनस्थित यम्पि बहिलको अभिलेखमा उल्लेखित वार्तसुजातप्रभ विहार, पाटन चपः टोलस्थित परमोपासिका मृगनीका अभिलेखमा उल्लेखत गन्धकुटी विहार र याग बहाल, पाटनस्थित नरेन्द्र देवको १०३ सम्बत्को अभिलेखमा उल्लेखित अरु विहारहरु जस्तै श्री शिवदेव विहार, अभयरुचि विहार, वार्तकल्याण गुप्त विहार, चतुर्भालटसन विहार, च्यासल टोलस्थित जयदेवका १३७ सम्बतको अभिलेखमा उल्लेखित पुष्पवाटिका विहार, नक्साल नारायण चौरस्थित अभिलेखमा उल्लेखित अजिका विहार र जीवबर्मा विहारका वास्तुकला नमूना दुर्भाग्यवश आज हाम्रो सामु छैन । यी विहारहरु मध्ये गुं विहार गोपाल राज वंशावली र अभिलेखमा प्रसिद्ध थियो भने श्रीमान विहार, खर्जुरिका विहार, मध्यम विहार, श्रीराज विहार, पूर्वोक्त अंशुवर्मा र नरेन्द्र देवको अभिलेखमा उल्लेख भएका विहारहरु छन् । यी विहारहरुको वास्तुकला कुसिनारा, सारनाथ र जेतवनको भग्नावशेषमा देखा परेका जस्तो एक एक धार्मिक क्रिया कर्मका लागि अलग अलग भिन्न स्थल भएको थियो अथवा मल्लकालिन अवशेष रुपमा आज हाम्रा सामु भएका रहेका नेपाली विहार जस्तो चतुष्कोण खुल्ला आगन, चारैतिर पेटी, तल्लो भुई तल्लामा खुल्ला दलान र माथिल्लो तल्लाको कोठा, मूलद्वारको दायाँ बायाँ "फलेचा", मूलद्वारको ठीक सामुन्ने "कवापाःद्यः" प्रमुख देवता, विहारको पछाडि कुनामा इनार हुने वास्तुकलाको विहार हो भन्ने छुट्याउन सजिलो छैन ।

प्राचीन पालि परम्पराको चतुदिस आगतानागत भिक्खु संघस्सको प्रभाव हामी "श्री शिवदेव विहार चातुदिशार्य भिक्षु सङ्घाय" मा देख्दछौ । अर्को महत्वपूर्ण कुरा लिच्छवि अभिलेख अनुसार नेपाल उपत्यकामा लिच्छवियुग सम्म हायानी भिक्षुणी शासन विद्यमान रहेको हो ।

## लिच्छविकालीन बौद्ध कला

लिच्छवि युगको बौद्ध कला लिच्छवि वास्तुकला भन्दा बढी स्पष्ट छ । गोकर्णस्थित अंशुबर्माको अभिलेखमा "चैत्य भट्टारक" उल्लेख भए जस्तै विभिन्न वंशावलीमा चैत्यबारे वर्णन भए जस्तै थुप्रै थूप, थूप शैलीका मूलतः माटाका मुद्राका महाचैत्य र ढुंगाका स-साना लिच्छवि युगका चैत्यहरु आजसम्म हाम्रो सामु विद्यमान छन् । पाटनको प्रसिद्ध चार थूरहरु कुसिनारा, सारनाथ र साँचीका स्तूपहरुको शैलीसँग मिल्दो जुल्दो छ । स्वयम्भू महाचैत्य र त्यस्तै शैलीका काठमाडौ र पाटनमा रहेको चैत्यहरु ( उदाहरणका लागि लगन, टेबहाल, गुइटल टोलका चैत्यहरु) अर्को महत्वका छन् । बौद्धमा रहेका चैत्य जस्तै पेटि सहितका चैत्यहरु पनि प्रशस्त छन् । उदाहरणका लागि श्रीघः विहार, पिं बहाल,



Downloaded from http://dhamma.digital/

कीर्तिपुरस्थित चिलचु चैत्यहरुलाई अगाडी सार्न सकिन्छ । यी स्तपू र चैत्यहरु समय समयमा जीर्णाद्धार भएको र जीर्णाद्धार समयमा समय साक्षेप प्रभाव परेकोले मूल स्वरुपको पूरापूरा पत्ता लगाउनु सजिलो छैन । यसको तुलनमा ढुंगाका स-साना लिच्छवि चैत्यहरुमा आफ्ना मूल स्वरुप सुरक्षित भएको देखिन्छ । गण महाविहार स्थित ५१३ (+ १३५ = ६४८ वि.सं।) सम्बत्को लिच्छवि चैत्य लिच्छवि शैलीका चैत्यहरुको अध्ययनका लागि तिथिमिति निर्धारण गर्न आधार नै भएको देखिन्छ ।

## लिच्छवि श्रद्धा चैत्य

त्यसपछि आएर अजंता गुफा भित्रको चैत्य जस्तै चतुष्कोण पेटि माथि चैत्य गर्भ रहेको; ढोका बहालस्थित चैत्यको तल्लो तहमा पद्मपाणि बोधिसत्व, माथिल्लो तहमा बुद्धमूर्ति भएको चैत्य र स्वयम्भू नागबहालको चारैतिर बुद्धमूर्ति भएको चैत्य देखा पर्दछ ।

चायबहिलस्थित चारै दिशामा अनेक गवाक्ष सहितको चतुष्कोण तह र त्यस माथि गोलाकार चैत्य गर्भ रहेको चैत्य, जम्बूद्वीप श्मशान भनिने टेकूस्थित अनेक अवाक्ष र गोलाकार तह सहितको चैत्य, टुंडिखेल महांकालस्थान अगाडि चारैतिर सासाना चैत्यहरु र दायाँ बायाँ किन्नरहरु कुदिराखेको चैत्यका साथै नेपाल उपत्यकामा यत्रतत्र छरिएका यस्तै रिक्त गवाक्षका चैत्यहरु स्थविरवादी प्रभावको अथवा महायान दर्शनको प्रारम्भावस्थाका कृतिहरु हुन् ।

लिच्छविकालका बुद्ध मूर्तिहरुमध्ये कलात्मक दृष्टिबाट स्वयम्भूको पश्चिमोत्तर कुनामा रहेको बुद्धमूर्ति अजिमा देगल पछाडि रहेको बुद्ध मूर्ति प्राचीन देखिन्छ । यस्तै सातौं शताब्दीतिरका बुद्धको दायाँ-बायाँ कुडिएका बोधिसत्वका मूर्तिहरु जस्तै पाटन तुकंबहा र भक्तपुर सिद्धिपोखरीको उत्तरतिर ब्याँसी स्थित मूर्ति उल्लेखिनीय छ । उपासक मणिगुप्त महेन्द्रमतीको सपत्नी आमा बाबुको बुद्धत्वको कामना गरी बनाएको गणबहाल नजिक ढुंगेधाराको परिधिमा स्थापित गरिराखेको पद्मपाणि बोधिसत्व यस प्रसंगमा स्मरणीय छ । यस्तै ढोका बहाल र श्रीघः विहार स्थित पद्मपाणि बोधिसत्वको मूतिहरु बिर्सन सकिन्न ।

## महायानको विकास

लिच्छवि युगको नेपाल मूल बुद्धधर्मबाट महायान दर्शन क्रमश  विकास भएको युग हो । आफ्नो धन, शरीर र हात आदि दान दिएर माग्न आएका मनुष्यको उपकार गर्न आदर्श स्मरण साथै अंशुबर्मालाई सर्वज्ञ ज्ञान लाभ होस् (सर्वज्ञतामाप्नयात) भन्ने चाहना गरिएको, परमोपासिका मृगिनीले अमृत कार्यको कामना गरेको र पाटन त्यागल टोलस्थित एक चैत्यको उत्तर पातामा लिच्छवि लिपिको अभिलेखमा शान्त अक्षोभ्य, विमलकीर्ति, समन्तभद्र, पच्छिम पातामा महास्थान प्राप्त लोकेश्वर र सुखावती भुवनवासी अमिताभ बुद्धलाई प्रणाम गरिएको उल्लेख छ । वस्तुतः यस बेलासम्म ध्यानी बुद्धहरुको अक्षोभ्य पूर्व दीगमा, अमिताभ पश्चिय दीगमा हुनुपर्न दार्शनिक नियम बनेको देखिएन, न त वैराचनका मानस पुत्र रुपमा समन्त भद्रलाई मध्य दीग दिएको देखिन्छ । तापनि मध्यकालसम्म ध्यानी बुद्धको दर्शन विकसित भएर ज्ञान, भूमिस्पर्श (प्रणिधान), अभय, ध्यान र धर्मचक्र मुद्रा, पाचँ रंग, पचं तत्व दर्शनबाट बुद्ध, बुद्धधर्म र बौद्ध संस्कारमा नयाँ आयाम ल्याई सकेका देखिन्छ ।

### बौद्धहरुको निन्दा : धार्मिक असहिष्णुताको उदाहरण



Downloaded from http://dhamma.digital/

लिच्छवि युगमा एकबार बुद्धधर्मलाई होच्याउने प्रयास भएको पनि स्पष्ट छ । अनुपरमले हाँडी गाउँस्थित स्तम्भ लेखमा नै नास्तिक, कुतार्किक, मूर्ख, कुमति जस्ता अपशब्द प्रयोग गरी बौद्धहरुको निन्दा गरिएको छ । अनुपरम राज्य प्रशासनमा ठूलो शक्ति सम्पन्न व्यक्ति थियो । अनुपरमका छोरा भौमगुप्त सहित अनेक गुप्तहरु शक्तिशाली शासक बनेका थिए । तसर्थ यसबेला बौद्धहरुलाई दबाव र दुः ख दिएको भए कुनै आश्चर्य छैन । तर यसरी धार्मिक असहिष्णुताबाट निन्दा र प्रशाासन पक्षबाट बुद्धधर्म प्रति उपेक्षा भएतापनि बुद्धधर्म लोकधर्म र जन-संस्कृति रुपमा सुदृढ भइसकेको हुनाले बुद्धधर्म र बौद्ध-संस्कृतिको व्यापकतामा कुनै गतिरोध भने स्थिररुपबाट आउन सकेन ।

अशोकको धर्मदूत कार्य सम्पूर्ण बौद्ध देशहरुले अनुकरण गरे जस्तै नेपालबाट पनि उल्लेखनीय रुपमा अनुकरण भएको छ । चौथो शताब्दीमा बशुवन्धु नेपाल आएर तिब्बत गए जस्तै बलभद्र चिनपेह (नाकिंन) आफ्नो कार्यक्षत्र बनाई बौद्ध वाङमय चिनीया भाषामा अनुवाद कार्यमा व्यस्त भएको छ । आचार्य शान्तरक्षित र पद्म सम्भवले नेपाल र तिब्बतलाई कार्यक्षेत्र बनाए । राजा उदयदेवले राजनैतिक सम्बन्ध सुदृढ गरेर भृकुटीबाट सांस्कृतिक सेतु स्थापित गरे । यस बेला तामा र काँसका भाडाँवर्तन, कस्तुरी र फलामे तलवार, पतिबहार (पौभा) र विभिन्न लिखित पुस्तकहरुका साथै सा-साना मूर्ति निर्यात भई साँस्कृतिक र आर्थिक सम्बन्ध बढाए ।

लिच्छवि युगको नेपाली बुद्धधर्म र बौद्ध-सस्कृति मध्यकालीन नेपालमा अरु व्यापक विविधता पूर्ण भएको देखिन्छ । विहारहरुको संख्या वृद्धि हुँदै गए । अभिलेखमा नेपाल सम्बत्को पहिलो शताब्दीको उल्लेखित महावातीश्चल विहार, त्यस्तै दोश्रो शताब्दीको अभिलेखको 'ल्व्ह' विहार र सप्तपुरी विहार, तेश्रो शताब्दीको चाकपाटी महाविहार, परिनिर्वाण महाविहार, धर्मचक्र विहार र चित्र महाविहार, चौथो शताब्दीका धर्मधातु विहार, बुखम विहार, सन विहार, पाचौं शताब्दीको यो विहार, यङ्ग्व विहार, श्री हनाल विहार, छैठौं शताब्दीको प्रसिद्ध यम्पि विहार, गिरिवर विहार, पारावर्त विहार, रंगन विहार, श्री वच्छ, श्री धर्मपिथ महाविहार, राज श्री विहार, नागवर्ण महाविहार, तहछे विहारबाट बौद्ध वास्तुकलाको अटूट पैवाहको प्रमाण दिएरहेको छ ।

## वज्रयान

"वज्रयान" र "वज्र भैरब" को उल्लेखबाट लिच्छवि युगमा वज्रयानको संकेत दिएको मानेता पनि बज्रयान दर्शनको फैलाब र क्रियाहरुको प्रभाव नेपाल उपत्यकामा मध्यकालीन युग देखि मात्र भएको देखिन्छ । नेपाली बौद्धहरु अध्ययन-अध्यापन, पुस्तक रचना, अनुवाद र पुनर्लिपिकरणमा व्यस्त हुन थाले । विक्रमशील विद्यापीठमा अनेक नेपाली भिक्षुहरु द्वारपण्डित भए । उदाहरणार्थ कालचक्र तन्त्र, गुह्य समाज, हेवज्रतन्त्रका ज्ञाता बागीश्वर कीर्ति, कमलचक्रयान विज्ञ समन्त श्री भए, विशुद्ध दार्शनिक तन्त्रज्ञ माध्यामिक विज्ञ सुनमश्री मिश्र, विज्ञप्ति मात्रता सिद्धि तिब्बती भाषामा अनुवाद गर्न सक्ने शीलभद्र जस्ता विद्वान भए । उष्णीष विजय, पञ्चरक्षा, बसुन्धरा धारणी, कुरुकुरु तन्त्र, कुजिका तन्त्र, दशक्रिया पद्वति, भैरवतन्त्र ने.सं. ८८, १८३, २४३, २७३, २९०, २९६, ३०० सम्म प्रचारमा आइसकेको देखिन्छ । त्यस्तै ने.सं. ३३८ को समाजतन्त्रानुधारिणी, गणचक्र क्रिया,ने.सं. ३५१ को खड्गपूजा, ने.सं. ४०० को कौमारि पूजा, ने.सं. ४०२ को चन्द्रमहारोषण तन्त्रपञ्जिका पुस्तकको प्रसिद्धिबाट नेपाली बुद्धधर्म कसरी परिवर्तित र परिवर्द्धित भई गतिशील रह्यो भन्ने कुरा स्पष्ट हुन्छ । रोग व्याधिको दुष्प्रभाव, अनावृद्धि र अतिवृष्टिको अनिकाल, भूकम्पको प्राकृतिक प्रकोप र विभिन्न राजनैतिक



Downloaded from http://dhamma.digital/

अशान्तिको अवस्थामा नाना उपाए, त्राणकारक क्रियाकलाप, शरणार्थ पूजा पाठ हुनु स्वाभाविक थियो । वंशावली अनुसारको ने.सं. २३५ मा विफर फैलिएको, ने.सं. ३४० मा चार दिन सम्म घरबाट निस्कनै नसक्ने गरी अतिवृष्टि भएको, ने.सं. ३३४ मा देश दिनसम्म भएको भूकम्प, ने.सं. ३५२ मा तृतीयाशं मानिस भोकबाट मरेको अनिकाल, ने.सं. ३६२ मा सात दिन सम्मको हिमपात, ने.सं. ४३६ मा आपँ सुन्तला जत्रा असिना परेर चारखण्डको एक खण्ड मानिस मरेको वर्णनलाई बिर्सिन हुदैंन ।

## मध्यकालीन नेपालको बुद्धधर्म

यसरी नेपाल सम्बत्को प्रथम शताब्दीदेखि यहाँ दार्शनिक तत्व चिन्तन र तान्त्रिक क्रिया कर्म बढ्दै भएको स्पष्ट देखिन्छ । ने.सं. २ को कारण्डब्यूह, ने.सं. २८ को लंकावतार, ने.सं. ४० को प्रज्ञापारमिता, ने.सं. ८८ को उष्णीय विजय पाण्डुलिपि  यसको उदाहरण हो । यही त्यो समय हो, जुन समय अभयांकर गुप्तको देव देवीको मूर्ति, मुद्रा, साधना बारेको "निष्पन्नयोगावली" को प्रचार प्रसार भएको थियो । यही युगमा साधनामाला अनुसार वज्रयान साधना पनि भएको देखिन्छ । नेपाल सम्बत्को दोश्रो शताब्दीतिर क्षेमेन्द्रको बोधिसत्वदान कल्पलताबाट नेपाली जनतामा श्रद्धाभिवृद्धिमा सरस योगदान गरे, जुन अवदान कथाहरुमा पुराना पालि जातक कथाहरु, नयाँ सम्मिश्रित कथाहरु र बुद्धकालीन घटनालाई काव्यात्मक रुप दिएका कथाहरु (उदाहरणार्थ विरुढकावदान) संकलित भए ।

## नेपालको बुद्धधर्ममा नव व्याकरणको प्रभाव

नेपाली बुद्धधर्मका दार्शनिक र तान्त्रिक पक्षका सैकडौं पुस्तकहरु मध्ये नौ वटा पुस्तकहरुको समूह नव व्याकरण रुपमा प्रसिद्ध छ । (१) अष्टसहस्रिका प्रज्ञापारमिता, (२) सद्धर्मपुण्डरीक, (३) ललितविस्तर, (४) लंकावतार, (५) सुवर्णप्रभास, (६) गण्डब्यूह, (७) तथागतगुह्यक, (८) समाधिराज र (९) दशभूमि ग्रन्ध एउटै युगको, एउटै दार्शनिक निकायको अथवा एउटै व्यक्तिको कृति नभएता पनि धर्मपर्याय 'नवधर्म' रुपमा प्रसिद्ध हुनु घटलाग्दो छ । अष्ट-सहस्रिका प्रज्ञापारमिता प्रज्ञा र शून्यता सम्बन्धी दर्शन हो भन्ने ललितविस्तर र सद्धर्मपुण्डरीक ग्रन्थ बुद्ध, बोधिसत्व र बुद्धयानको महत्ता सम्बन्धी वैपुःयवादीहरुको ग्रन्ध हो । त्यस्तै 'लंकावतार' संसारको विविध स्वरुप विज्ञानकै अर्का अभिव्यक्ति मात्र मान्ने विज्ञानवनदीहरुको ग्रन्थ हो । सूवर्ण प्रभास सूत्र ललितविस्तरको रुपकायको अपेक्षा धर्मकायको प्रतिष्ठा बढाउन चाहन्छ । गण्डब्यूह बोधिसत्व उपासनाको वर्णन गर्दछ भन्ने तथागतगुह्यक विनय पालनाको कठोर संयमबाट निर्वाण प्राप्तिको ठाउँमा इन्द्रियवृत्तिलाई चरितार्थ गरेर यसै जन्ममा बोधिलाभको सहजमार्ग प्रष्टयाउँने प्रयासको कृति हो । तथागतागुह्यक वैरोवन सत्तामा कायबाट तथागत समुह उत्पन्न हुने र यसैबाट लोचना, मामकी र पाण्डुरादि रुपान्तरण हुने अनि नैतिक सदाचरण बिना नै योगतन्त्र उपायबाट सम्बोधिलाभ हुने विधिको बोध गराउने लक्ष्यका ग्रन्थ हुन् । समाधिराज सूत्रको "सर्वधर्म स्वभाव समता" प्रज्ञापारमिताको शून्यतासंग तादात्म्य भाव राख्दछ । बुद्धकारक दशपारमिताको वैकल्पिक दर्शनभूमिको बुद्धत्व प्राप्तिको आधार दश भूमिको वर्णन दशभूमिश्वरको विषय वस्तु हो । नवव्याकरणमा इसवीको प्रथम शताब्दी देखि प्रसिद्ध भएका प्रज्ञापारमिता ग्रन्थ सम्म सम्मिलित छ । महायान वज्रयान दर्शन जतिसुकै विकाश भएता पनि स्वयं वज्रयान दर्शन बुद्धधर्मको मूल स्वरुपलाई अनायाश सुरक्षित गर्द रहेको हुन्छ । भिक्षु विनयको मूल विनयलाई ४ पाराजिका भनिन्छ। वज्रयानको "मजंश्री पाराजिका" ग्रन्थमा बोधिचित्त पाउनेलाई भिक्षु, यसको आधा शिक्षा पाउनेलाई श्रामणेर र यसको पनि आधा शिक्षा पाउनेलाई भन्दछ, भिक्षु, श्रामणेर र चैरकहरु उत्तम पनि छ, गुल्पा लिनेले सुलपाः लिनु हुन्दैन, सुलपाः लिनेले गुल्पा धारणा गर्न अधिकार



Downloaded from http://dhamma.digital/

छैन । वज्र र घण्टाको अभिषेक प्राप्त व्यक्तिद्वारा मात्र होमकार्य गर्न सकिने र होम कार्य वज्राचार्यबाट हुने कुरा पनि मंजुश्री पाराजिकामा उल्लेख गरेकोछ । यस अतिरिक्त मंजुश्री पाराजिकामा नेपाली बौद्ध जीवनको जन्म देखिको क्रिया कर्म बारेमा पनि शिक्षा दिएको छ ।

## अष्ट साहस्रिका प्रज्ञापारमिता

प्रज्ञापारमिताका संक्षिप्त र विस्तुत रुपमा लेखेका विभिन्न ग्रन्धहरु सर्वाधिक विस्तृत शतसाहस्रिका प्रज्ञापारमिता हो र संक्षिप्तमा एकवींसति प्रज्ञापारमिता अथवा सुविक्रान्त विक्राति परिपृच्छावस्तु हो । तर प्रज्ञापारमिताको विविध संस्करण मध्येमा अष्टसाहस्रिका प्रज्ञापारमिता नै सर्वाधिक मान्य र महत्वको देखिन्छ । अनिच्च, दुक्ख र अनत्ता बोधहुनु नै पञ्ञा हो । पञ्ञबाट नै पटिच्चसमुत्पाद साक्षात्कार हुन्छ । पञ्ञाको सस्कृत पर्यायवाची शब्द प्रज्ञा हो । प्रज्ञापारमिताको प्रज्ञा उच्चतम विवेक र पूर्णज्ञान रुपमा प्रसिद्ध छ । मुक्त मन रिक्तभए शून्य हुन्छ । माध्यमिक दर्शनको प्रणेता नागार्जुन, योगाचारका उद्‌बोधक मैत्रीनाथ त्यस्तै चार दार्शनिक निकालयका आचार्यहरु असंग, बसुवन्धु, दिङनाग र हरिभद्रले आ-आफ्नो अध्ययनबाट प्रज्ञापारमिताको दर्शनभूमिलाई विशदीकरण गरिदिएको छ । नेपालमा यस ग्रन्थको पुनः पुनः लिपिकरण गर्न काम दश शताब्दीसम्म लगातार भएको देखिन्छ । ताडपत्र, भुजपत्र, नीलपत्रादिमा रञ्जनादि विविध लिपिमा रजत र स्वर्णाक्षरमा लेखिएका अष्टसाअस्रिका प्रज्ञापारमिता मध्यकालीन नेपालको प्रारम्भ देखि आजसम्म पाठ हुदैं आएको छ ।

## विद्याध्ययनको केन्द्र र किल्ला रुपमा बौद्ध विहारहरु

मध्यकालीन नेपाल उपत्यकामा स्वयम्भू, थँबही, सांखु र फर्पिङ्ग आदि स्थान विद्याध्ययन र साधनाभ्यासको केन्द्रस्थल भएको देखिन्छ । धर्मस्वामी जस्ता तिब्बती विद्वान जिज्ञाशुले यहाँ कलाकारले नेपालको कला र वास्तुकला तिब्बत चीनसम्म अमर रुपमा प्रस्तुत गरे ।

मध्यकालको पूर्वाद्धको अन्ततिर नेपाल उपत्यकाले पूर्व र पश्चिमबाट आक्रमणको मार सहनु परेको थियो । पश्चिमी आक्रमणहरुको बेला यथोबहाल र पुल बहिल आदिबाट किल्लारुप दिइकन सुरक्षा प्रदान गरे । पूर्वी आक्रमणको बेला नेपालले सांस्कृतिक रुपबाट समेत ठूलो क्षति भोग्नु परेको थियो । पश्चिमी मल्ल आक्रामकहरु स्वयं बुद्धधर्मप्रति श्रद्धा र आस्था राख्ने जितारीमल्ल, लुम्बिनी र कपिलवस्तुको तीर्थाटन गरेर यहाँरहेको अशोक स्तम्भमा अभिलेख लेख्न लगाउने रिपुमल्ल, रत्न त्रय मान्ने आदित्यपाल, बुद्धको आराधनाबाट पाएको ठूलो राज्य रक्षा गर्न सक्ने परम सौगत पुण्यमल्ल यस प्रसंगमा उल्लेखनीय छ ।

## नेपाली बुद्धधर्म र बौद्ध संस्कृतिमा युगापेक्षित प्रभाव

मध्यकालीन युगको पूर्वाद्धको अन्ततिर राजनैतिक सत्ता अस्थिर थियो । तापनि नेपाली बौद्धहरु तान्त्रिक साधना, तान्त्रिक देव देवीको मूर्तिबाट सजिएका विहारहरु निर्माणमा खेतको दत्त दान गर्नुमा स्थिर र गतिशील नै रहेको देखिन्छ । जयस्थितिमल्ल पहिला बौद्धावतार कलियुगमा स्वयम्भूबाट वर प्रसाद पाएका अष्टलोकपालको अवतार भए राजा जर्याजुनको पलायन पछि त्यो रामावतार भए । शक्तियुक्त तान्त्रिक साधनमा लागेका बौद्ध आचार्यहरु यसै बेला जातिभेदको स्थिति बन्देजमा अरु जकडिए । भनिन्छ यसैबेलादेखि चूडाकर्मको अर्थात् भिक्षु श्रामणेर बनाउने विधिको नयाँ प्रकारको



Downloaded from http://dhamma.digital/

व्यवस्था गर्नु पर्‍यो । परिवारयुक्त सपत्नीक आचार्यबाट प्रव्रज्या दीक्षा दिन बाध्य भए । उता कुलाचार पालन नगर्न व्यक्ति रौरव नर्कमा पर्न भय देखाउन पर्न स्थिति सम्म पनि आए ।

त्यस्तै बौद्ध आचार्यहरुबाट तान्त्रिक शक्ति साधनाद्वारा बुद्ध धर्मावलम्बीहरुलाई सुरक्षित राख्ने प्रयास पनि निक्कै भए । साँखु मणिचूड पर्वतमा रहेको उग्रताराको साधक वाचासिद्धि बज्रवीर महांकाल साधक तथा वाह्यपूजा विधि र हस्त पूजा विधिका रचयिता शाश्वतवज्र वज्राचार्य र जयम्बालाछि चर्यागीतद्वारा ब्रह्मपुत्र नदी तर्न सुरतवज्र वज्राचार्य आदिका चर्यागीतहरु सुरक्षित छ भन्ने कीर्तिकथा सुनिन्छ । तर ऐतिहासिक कालक्रमकासाथ यस पक्षमा अध्ययन अन्वेषण गर्नु भने पूरा बांकी नै छ ।

मध्ययुगको उत्तरार्द्धको नेपाली बुद्धधर्म र बौद्ध संस्कृतिमा प्राचीन मूलतत्व सुरक्षित राख्दै युगापेक्षित रुपबाट शैवी, वैष्णवी र शाक्त धर्मसंग अरु सहचारी भाव राख्दै परिवर्द्धित हुन्दै गतिशील भएको देखिन्छ । देव देवीमा प्राणी बलिका निम्ति पूजा र तर्पण गरेतापनि चूडाकर्म बेला “अंह मित्थं यावज्जीवं प्राणातिपातात् प्रतिविरयामि” भन्नु चाहीँ बिर्सको थिएन । जलशुद्धि दर्शनानुरुप द्वादश तीर्थमा स्नान र पूजामा लहसिन थालेता पनि बौद्ध अवदान स्मरण विशेषतः बोधिसत्व आर्यावलोकेश्वरको गुणगान गर्न प्रवृति चाहिं अटूट नै रह्यो ।

## चाडपर्वमा नेपाली बौद्ध संस्कृति

चाडपर्व सास्कृतिक जीवनको एक अभिन्न अंग हो । नेपाल उपत्यकामा प्रचलित धेरै चाडपर्वहरुमा बौद्ध दर्शन र बौद्ध संस्कृतिको नमेटिने प्रकारका छाप छ । पाटनको बुंगद्यो यात्रामा करुणामय रथारोहण देखि भोटो यात्रा सम्मको क्रियाकलाप, प्रतिदिन हुन स्त्रोत पाठ, पूजा र विशेष पाठ पूजामा बोधिसत्व प्रतिको आदर त छदैंछ साथै अनेक घटना र ऐतिहासिक तथ्यतिर पनि ध्यान आकर्षित गर्दछ । व्हेनसांगले आफ्ना यात्रा वृत्तान्तमा पाटनको करुणामयको रथ यात्रा जस्तै बुद्ध र बोधिसत्वको रथ यात्रा र राजाहरुद्वारा त्यस्ता रथयात्रामा देखाउने सम्मान र पूजादिको विशद वर्णन गरेकोछ । यसकारण राजा नरेन्द्रदेव र बन्धुदत्त आचार्यको आर्यावलोकितेश्वर करुणामय बारेको वंशावली वर्णन समय साक्षेप दृष्टिबाट विचारनीय छ ।

पाटनको आर्यावलोकितेश्वरको रथयात्रा जस्तै काठमाडौं ‘जनबहाः द्यो’ सेतो मत्स्येन्द्रनाथ यात्रा, कुमारी यात्रा र भादगाउँको विस्का यात्रा धेरै महत्वपूर्ण छ । त्यस्तै विपश्वी बुद्धद्वारा कमलपुष्प आरोपण गरेको स्मरणमा मनाइने ल्हतिपून्ही (चैत्र पूर्णिमा, बौद्धकला र वास्तुकला प्रदर्शनीको प्राचीन स्वरुप गुन्हपुन्ही (श्रावण पूर्णिमा), आकाश दीपदान शुरु गर्न कतिपुन्ही (आश्विन पूर्णिमा), कुठी पूजा गर्न योमह्री पुन्ही (मंसिर पूर्णिमा) मनाउँदै आएको छ । बोधिसत्व अवदान कल्पलताको भूमिका अनुसार अवदान युग सम्म बैशाखपूर्णिमालाई “जिन जन्ममहोत्सव” रुपमा मानेता पनि मध्यकालको अन्त्यतिर आएर बुद्धको जन्म, सम्बोधिलाभ र महापरिनिर्वाण दिवासको महत्व चाहीँ केही शताब्दी बिर्सिदिएको देखिन्छ ।

नेपाली पर्व दिनहरु मध्येमा गुँलाथ्व ८ अर्थात् श्रावण शुल्क अष्टमीका दिन गरिने पाटनको पञ्चदान र गुलागाः १३ अर्थात् भाद्रकृष्ण त्रयोदशिकादिन गरिने काठमाडौँको पञ्चदान, खोल्चा पाखा, प्यूखा, ताम्सीपाखामा लगनबहाल, वटु बहाल र इतुंबहालद्वारा गरिने सम्यकदान्, पछि १२ वर्षमा गरिने लागेको सम्यकदान र पाटनको प्रति पाचँ वर्षमा गरिने सम्यक्दान प्रत्यक्ष रुपमा बौद्ध संस्कृतिसँग



Downloaded from http://dhamma.digital/

प्रत्यक्ष सम्बन्ध भएको दानकार्यको पर्वपदन हो । त्यस्तै बैशाखकृष्ण औंसिका दिन आमाको र भाद्रकृष्ण औंसिका दिन बाबुको मुख हेर्न, अक्षय तृतीयाका दिन पान र फलमूल दान गर्न, पशुपति महादेवलाई हिरण्यवर्ण महाविहारबाट लागिएको बुद्ध मूर्ति भएको मुखल पहिराउने मुख अष्टमी अर्थात् कार्तिक शुक्ल अष्टमी बौद्ध सांस्कृतिक महत्ता भएका पर्वहरु हुन् । यस अतिरिक्त बागद्वारको संपतीर्थ मेला, सांखुको वज्रयोगिनी यात्रा र बरे कुतुं वनीगु पर्व आदि स्थानीय महत्वमा प्रभाव पार्न पर्वहरु हुन् । सिठी नखः जेष्ठ शुक्ल षष्ठी इनार पनेरो सफा गर्न चाड भए श्रावणकृष्ण त्रयोदशीको गथांमुगः अर्थात् घण्टाकर्ण र पौषकृष्ण दशमीको दिशीपूजा तन्त्रयानसंग सम्बन्धित चमडपर्वहरु हुन् । "गुँला धर्म" भन्ने श्रावण महिनाको पुण्यकार्य अथवा महिनाभर गरिने धर्म श्रवण र धार्मिक अनुष्ठान अथवा कृषि कार्यबाट प्राप्त अवकाशलाई सदुपयोग गर्न क्रिया मात्र होइन विविध पक्षबाट महत्वपूर्ण सास्कृतिक पक्ष पनि हो ।

## चाडपर्व एक : व्याख्या अनेक

नेपाल उपत्यकामा प्रचलित चाडपर्वहरु मध्येमा अनेक चाड पर्वहरुको ब्याख्या अनेक भएको पाइन्छ । खड्गयात्रा गर्द दशैंका दिन बौद्धहरु तान्त्रिक पूजा गर्दन्छन् भने उता रावण हत्याको विजया दशमी मानिन्छ जब कि एक बौद्ध परम्परामा अशोकद्वारा शस्त्रत्यागको स्मरण दिन भनिन्छ । विष्णुपुराण नारायण वचानानुसार कुबेर र लक्ष्मी बनाई पूजिने गैड्पूजा रत्नावदानको वचनानुसार पांचाल देशको सुचन्द गृहपतिको दाम्पत्य प्रेम र उदारताको परीक्षा गर्न कुबेरले गरीब रुप लिइकन माग्न आएको अनि मान र सम्मानबाट प्रसन्न कुबेरको निर्दशन अनुसार जति लिएता पनि नरिट्याइने कुठि (धान्य भण्डार) पूजा गर्न योमरि पुन्ही हो । चन्द्रमाले आफ्नी कांछी स्वास्नी रेवतीलाई अपमान गर्दा दक्ष प्रजापति रिसाएर तेजहीन होस् भन्ने श्राप दिए । अनि भगवानले कमसेकम एक दिन पूर्ण होस् भन्ने आशीष दिएर पूर्ण चन्द्रमा बनायो । आफ्नो असंतुलित शरीरमा व्यगं गर्दा गणेशले चन्द्रमालाई उसले देखे जति चोर होस् भन्ने श्राप दिए । चन्द्रमाले बाहिर भुलकन पनि लाज माने पछि गणेशलाई लड्डू चढाई एक दिन अर्थात् भाद्र शुक्ल चौथीका दिन मात्र पूजा होस् भन्ने वचन पाए । यस्तै कथाहरु वा पुराण कथनहरुमा विश्वास गरेर अनेक पर्व पूजा गर्नहरुका लागि आफ्नो चन्द्रमा र नील आर्म स्ट्रगले पाइला हालेको मून (Moon) बेग्ला बेग्लै मान्नु बाहेक अर्का विकल्प नै के छ र ?

## जन-जीवन क्रिया : कर्मक्रिया

धर्म र दर्शन जति उच्च र पवित्र भएता पनि मानिरहरुका लागि जीवनको मन, वचन र कर्ममा यसको पूर्ण चरितार्थ गर्नु सजिलो कुरा होइन । यद्यपि जीवन व्यवस्था र सामाजिक संरचनामा कानूनी दण्डको भयबाट भन्दा नैतिक गुण-धर्मको नैसर्गिक रुपमा परिपालनको धर्म र संस्कृतिबाट बढी व्यवस्थित र शान्तिमय बनाई राखेकोछ तथापि भौतिक सुख सुविधा पाउने व्यस्तताबाट आज त्यो धर्म र सस्कृतिमा संप्रेरित व्यवस्था र शान्ति क्रमशः दूर्बल र अशान्त हुदैं गएको छ । नेपाली बुद्धधर्म र सस्कृति पनि केही कर्म क्रियामा सीमित हुदैं गइरहेको छ। मंजुश्री पाराजिका, नेमसूत्र पाराजिका, क्रिया संग्रहबाट नाभिक्षेदन (पिध्यने), जातकर्म (मचाबू ब्यके), नामकरण (नाँ छुये), अन्नप्रासन (मचाजको), कर्ण भेद (न्हेपं प्वाः खने), चूडाकर्म, बज्राचार्याभिषेक, पाणिग्रहण, भीमरथ देवरथ र महारथ आरोहण जंको, मरेको मान्छेको शरीरको फलाम राख्ने, उसको सिरान र खुट्टातिर बत्ति बाल्ने, छ्वासगालमा मृतकको वस्त्र फाल्ने, सेतो कपडाले बेर्न (देखापिखां तिके) मृतक शरीर यात्रा (सिथं यनेगु), फोहोर मैलो फाल्न (पिवायेगु), मृतक शरीर विद्यमान अवस्थामा शमशानमा काक, श्वान र प्रेत पिण्ड दिने, अस्ति परीक्षण गर्द सात दिनमा न्हेनुमा दिएर पाखाजा खाये (आकाश दीप सहित खाद्य पदार्थ



Downloaded from http://dhamma.digital/

झुण्डयाउने), दुब्यंके (शुद्धि गर्न), विभिन्न दिनमा विशेषतः मुत्युको डेढ महीना, तेश्रो, छैठौं महीनामा पिण्ड दिने क्रियाकर्मको वर्णन गरेको छ ।

## वर्तमान युगमा बुद्धधर्म र बौद्ध संस्कृति

वर्तमान युगको नेपालमा श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहबाट नुवाकोट चैत्यको जीर्णाद्धार, १२ वर्ष सम्यक पैथाको प्रचलन, श्री ५ राजेन्द्रबाट महासत्वोपाख्यानको रचना आदि भएता पनि विशेष उल्लेख्य बौद्ध क्रियाकलाप केही भएन । राणाकालको उदय पछि बौद्धहरु राजनैतिक सत्ता सम्पन्नहरुसँग अलगिएकै देखिन्छ । बौद्धहरु हिन्दू भए केही होइन, हिन्दूहरु बौद्ध भए अपराधी बन्ने व्यवस्था र अवस्था चन्द्र शम्शेरको शासनकाल देखि स्पष्टिन थाले । यता बौद्धहरु पनि आफ्ना बहाल, बहिल र चाडपर्वका त्यस्तै दैनिक क्रिया कर्मका बुद्ध धर्ममा र बौद्ध सांस्कृतिक साधनमा सीमित हुदैं गए ।

आजको नेपाली बुद्धधर्म र बौद्ध सस्ंकृति भन्नु नै स्वेच्छाबाट अथवा लोकापवादबाट बच्ने अभिप्रायले गर्न क्रिया कर्महरु भएका छन् । बहाल बहिलमा नित्य पूजा गर्न, प्रातः र सन्ध्या समय स्तोत्र पाठ गर्न र महिनाभर चोबहाल अथवा स्वयम्भूमा जाने धार्मिक क्रियामा ह्रास नै नभएता पनि प्रगति हुन सकेको देखिँदैन । विभिन्न वाद्यवादन, भजन, स्तोत्र पाठ, चर्यागीतको परम्परा आजका बुद्ध भक्तहरु पछि कसरी संरक्षित हुने हो एक समस्या भएको छ ।

एशियाली राजनैतिक र सास्ंकृतिक पुनर्जागरणको प्रभाव नेपालमा पनि देखा परेपछि बुद्धधर्म र बौद्ध संस्कृतिको क्षेत्रमा नवजागरण देखा पर्‍यो । स्वयम्भूको जीर्णद्धार, क्यांछे लामाद्वारा हुनु, सार्वजनिक धर्म देशनाबाट पुनः बुद्धधर्म र सस्ंकृतिमा नयाँ चेतना आउनु र ५ नेपाली युवकहरु महाप्रज्ञा, महाचन्द्र, महावीर्य र महाक्षान्ति नाउँका लामा भिक्षु हुनु यसको उदाहरण हो । तर राणा प्रशासन विशेषतः राणा प्रशाासनको वरद प्रभाव पाएका पुरोहित वर्गको प्रयासबाट यी युवक घेलुंहरुलाई देश निकाला गरे । त्यसपछि भित्रिएका र बुद्धधर्मको प्रचार प्रसारमा लागेका स्थविरवादी ८ जना भिक्षु श्रामणेरहरुलाई पनि १५ श्रावण २००१ का दिन देश निकाला गरे । अनि यसै बौद्धदमनको नयाँ समस्यासँग संघर्षरत हुन सारनाथमा “धर्मादय सभा” को स्थापना भयो ।

नेपालमा प्रजातन्त्रको उदय भयो । धर्मादय सभा पनि नेपाल भित्रियो । बुद्धधर्मप्रति केही सहिष्णुताको नीति देखा परे । २० कार्तिक २००८ का दिन बुद्धका अग्रश्रावकहरुका अस्थिधातु राजदरवारमा पूजित भए । नेपालको सर्वप्रथमको अन्तर्राष्ट्रिय सम्मेलन भन्न सकिने किसिमको ४२ देशहरुबाट भाग लिइएको चौथो विश्वबौद्ध सम्मेलन सम्पन्न भयो । बुद्धको जन्मस्थल यस लुम्बिनीमा स्व.श्री ५ महेन्द्रबाट बेशाखपूर्णिमाको दिन नेपाल अधिराज्यभर हिंसा गर्न नहुने शाही घोषणाको अभयदान बक्स्यो । लुम्बिनीको गुरु योजना बन्यो । धर्मादय सभा कै तत्वावधानमा १५ औं विश्व बौद्ध सम्मेलन सम्पन्न भयो । यस अवधि भित्र थेरवाद बौद्ध भिक्षुहरु, अनागारिकाहरु र उपासक उपासिकाहरुको प्रयासबाट ४/५ शय बुद्धधर्म र बौद्ध संस्कृति बारेमा पुस्तक पुस्तिकाहरु लेख्ने र प्रकाशन गर्न काम भए । दर्जनौं विहारहरु शील, समाधि र प्रज्ञा पक्षीय धर्मको प्रचारका केन्द्र हुदैं आए । अनवरत रुपमा अनेकौं सभा सम्मेलन भए । भिक्षुहरुबाट धर्मदेशना भए । परिणामतः बुद्धधर्म र बौद्ध संस्कृतिमा नयाँ शक्ति संचारित भए, नयाँ चेतना स्फूरित भए, नयाँ ज्योति प्रकाशित भए । अस्तु !



Downloaded from http://dhamma.digital/

**(धर्मोदय सभाद्वारा आयोजित "दोश्रो राष्ट्रिय सम्मेलन" मा पौष १२ गते २०४६ का दिन लुम्बिनीमा प्रस्तुत गरिएको कार्यपत्र)**

# अरनिकोको श्वेतचैत्य

पालि वाङमयमा श्रद्धा र पूजा स्थल बुझाउने शब्दहरु मध्येमा 'थूप' र 'चेतिय' दुई शब्दहरु पनि हुन् । थूपको अशोककालीन पर्यायवाची शब्द थुबे हो । निग्लीहवामा रहेका चार हरफको अशोकको शिला स्तम्भाखिलेखको दोश्रो हरफमा उत्कीर्ण गरिएको छ,"बुधस कोनाकमनस थुबे" अर्थात् "कोनाकमन बुद्धको थुबे ।" थुबेलाई हामी "थूर" पनि भन्छौं । जस्तो कि पाटनको चार थूर (प्यंगः थूर) ।

"चेतिय" शब्दको संस्कृत पर्यायवाची शब्द चैत्य हो । बुद्धको समयमा 'चेतिय' धार्मिक र सामाजिक आस्था भएको आशा र संकल्पको रमणीय स्थल हो । चापाल चेतिय, वन चेतिय, उदयन चेतिय, गोतमका चेतिय, वन चेतिय र रुक्ख चेतिय त्यसका केही उदाहरणहरु हुन् । स्थूपको माटोको थुम्को रुप वास्तुकलात्मक रुपमा ईटा, ढुङ्गा र धातुमय स्वरुपमा विकास भए पनि बौद्ध स्तूपको अर्का शब्द चैत्य बन्न पुग्यो । स्वयम्भू महाचैत्य, खास्ति (बौद्ध) महाचैत्य, चायबहिल र कीर्तिपुर चिलंचो स्थित महाचैत्य र नमुरा (नमोबुद्ध) नागार्जुन पर्वतमा रहेका चैत्यहरु यसका प्राचीन नमूनाहरु हुन् ।

बौद्ध जगत्मा असंख्य स्तूप, महाचैत्य र चैत्यहरु छन् । तर इतिहास र कलाकारको प्रतिभा बारेमा समेत प्रामाणिक ब्यहोरा दिने अनि देशको साँस्कृतिक मैत्रीको सम्झना दिने रुपमा बेइजिन श्वेत चैत्य (ह्वाइट पेगोडा) को आफ्नै विशेषता छ ।

कपिलवस्तुमा जन्मेका भिक्षु बुद्धभद्रबाट पाँचौ शताब्दीको शुरुदेखि नेपालप्रतिको आकर्षण र आस्थाको जरो चिनीया जनमानसमा क्रमशः पलाउँदै गएको थियो । व्हेनसांग निपोलो अर्थात् नेपालका मानिसहरु कलामा सिद्ध हस्त भएको र दूई हजार भन्दा बढ्ता स्थविरवादी तथा महायानी भिक्षुहरु एक साथ रहने गरेको तथ्यबाट मात्रै परिचित थिएन अपितु बौद्ध राजा अन् चु फमो अर्थात् अंशुबर्माले "शब्द विद्या" पुस्तक लेखेको व्यहोराबाट समेत परिचित थियो । एघारौं शताब्दीमा चिन्ह्वे भिक्षुको नेतृत्वमा तीन शय बौद्ध भिक्षुहरु नेपाल आएका थिए । पाटनको पण्डित महाबोधि र जगतानन्द जस्ता अनेकौं विद्वान्हरुले थुप्रै तिब्बती भिक्षुहरु शिष्य बनाएका थिए । तेह्रौ शताब्दीमा धर्मस्वामिनले स्वयम्भू र थँबहिलमा बसेर अनेक तन्त्र विद्याको अध्ययन गरेको छ । तसर्थ यस्तो विद्या र कलाको प्रभा प्रतिभा फैलिएको युगमा धर्मस्वामिनको २५/२६ वर्षपछि इसवी सम्बत् १२६० तिर पाहसपालाई तिब्बतमा सूनको चैत्य बनाउनु पर्दा नेपाली कलाकारको याद हुनु स्वाभाविकै थियो ।

भिक्षु पाहंसपा र अरनिकोको जीवनी र कृति बारेमा चीनको युआन राजवंशको इतिहास खण्ड २०३ को प्रामाणिक अंश नै प्रकाशनमा आएको छ । त्यहाँ भनिएको छ, अरनिको "निपोलो" अर्थात् नेपाल देशको मानिस हो । त्यस देशका मानिसहरु उसलाई पालुपु पनि भन्ने गर्दछन् । सानै उमेरदेखि उनको बुद्धि अरु बच्चाहरुको तुलनामा तेजिलो थियो । केही हुर्क पछि उनले बुद्धधर्मको अध्ययन गर्‍यो । उनमा सुनेर कण्ठ गर्न क्षमता थियो । उमेर बढे पछि चित्र र मूर्ति बनाउने काममा अरनिको निपुण भयो । उनले धातुको मूर्ति ढाल्ने काम पनि गर्न सक्थ्यो । युआन राजवंशका सम्राट होपिलीले आफ्नो शासनको पहिलो वर्ष अर्थात् सम्राट् कुबलाई खांको राज्याभिषेकको पहिलो वर्ष थूफान अर्थात् तिब्बतमा सूनको चैत्य बनाउने आदेश दिए । निपोलो देशबाट त्यो चैत्य बनाउन एक शय कालिगढहरुलाई आमन्त्रण गरियो । परन्तु अस्सीजना मात्र जाने इच्छा भएका कमलिगढहरु निस्के । अस्सी जना



Downloaded from http://dhamma.digital/

कलिगढहरुको नेतृत्व गर्न नायक पाउन सकिएन । अरनिको सत्र वर्षको थियो । उनले भन्यो “म नायक भएर जानपाए हुन्छ । ” अरुहरुले उनलाई भरखरबको जवान भन्न लागे । तर उनले जवाब दिए,“म उमेरमा कमको भएता पनि मेरो मन कमलो छैन । ” त्यसपछि उनलाई नेता बनाइ पठाएको रहेछ । सम्राट्का गुरुले उनलाई देख्ने बित्तिकै अचम्म माने । अनि उनलाई एउटा सूनको चैत्य बनाउने आज्ञा भयो । दुई वर्षमा त्यो सूनको चैत्य बनाउने काम पूरा भयो । तर सम्राट्का गुरुले आफूसँगै चीन लैजान्छु भनेर कपाल खौरेर (चूडाकर्म गरेर) आफ्नो शिष्य बनायो र आफूसँगै सम्राट् कहाँ तातु अर्थात् वेङजिन् लगियो ।

यो थियो चिनीया भाषामा रहेको ऐतिहासिक वर्णनको केही अंश । चिनीया सम्राट्हरुको इतिहासिक प्रतिभावान् तर साधारण दुनियाँदारको वर्णन विरलै हुन्थ्यो तर अरनिकोले त्यहाँ पनि ठाउँ पायो । यसैबाट अरनिकोको विशिष्ठ प्रकारको गुण भएको स्पष्ट हुन्छ । चीनको दरबारमा “तिमीलाई यस्तो ठूलो देशमा आउन डर लागेन ? भनी सोध्दा अरनिकोले बिन्ती गरे,‘सरकार सबैको पालन पोषण गर्न दुनियाँको बुबा हुनुहुन्छ र छोरो बाबु कहाँ आउँदा डराउनु पर्न कुनै कारण छैन ।’ सम्राट्ले चीनमा आएको कारण बारेमा सोधनी गर्दा उनले बिन्ती गरे,“मेरो घर नेपाल हो । भोटमा सुवर्ण चैत्य बनाउन आएको थिएँ । दुई वर्षमा सो काम पूरा गरे । ल्हासामा फौजले दुनियाँलाई ज्यादै दुः ख दिइएका छन् । सरकारमा यो बिन्ती पुगेमा दुनियाको दुः ख हट्छ भन्ने विश्वासले दश हजार लीको बाटोलाई पनि टाढा नसम्झेर दुनियाको केही भलाइ गर्न संकुला भनी यहाँ आएको छु ।” सम्राट्बाट योग्यता बारेमा प्रश्न गर्दा चित्रकला, मूर्तिकला र कुड्ने-ढाल्ने काम सिकेको बेहोरा बिन्ति गरे । त्यसपछि सम्राट्ले सुङ साम्राज्य कालमा उपहार पठाइएको नशा समेत देखिने आनफु भन्ने दर्जाको वाङचो भन्ने मान्छेको मूर्तिको हात मर्मत गर्न काम दिए । अरनिकोले त्यो मूर्ति मर्मत गरिदिए अझ जोडनी र नशा सबै बढी स्पष्ट देखिने गरी त्यही मूर्तिको एउटा नयाँ प्रतिकृति पनि बनाइदिन्छ । अरनिकोको योग्यताको प्रशंसा भयो । पछि उनले धेरै मूर्तिहरु बनाए । बेइजिङ र नानचिङका थुप्रै विहारहरुमा ती मूर्तिहरु राखिए । अरनिकोको भित्तामा रहेको चित्र हेरी रेश्मी धागोबाट चित्र काढेर बनाउँथ्यो । अरनिकोको थुप्रै कृतिहरु युआन वंशको शियालको आठौं वर्ष अर्थात् १२७१ इसवीमा शुरु गरेर ८ औं वर्ष अर्थात् १२७९ मा पूर्ण भएको श्वेत चैत्य नै सर्वाधिक अमर कृति भएको छ । तातको शीश भन्ने ठाउँमा रहेको श्वेत चैत्यलाई पाउथो भन्दो रहेछ । १९६३ मा मैले श्वेतचैत्य हेर्न इच्छा गर्दा यसको प्रतिकृति वेहाइ पार्कको चैत्य देवताको रुपमा राखिएको छ । पछि श्वेतचैत्य पर्यटकहरुका लागि देख्न पाउने भयो । थिङयान्मीन स्क्वायरबाट सजिलै त्यहाँ पुग्न सकिन्छ । साँघुरोबाट भएर प्रदेश-टिकेट लिएँ । टिकटमा श्वेतचैत्यको रेखाचित्र देख्ने बित्तिकै मन प्रसन्न भयो । म्याउमिंग स विहारबाट भित्र गएर चोकमा रहेको यो विशाल चैत्यबारे त्यहीं रहेको सूचना पाटीले श्वेतचैत्यको निर्माण युआन गरी सुनाउँछ । म्याउमिंग स महाविहारको निर्माण युआन वंशमा भएको मानिन्छ । १२७१ मा निर्माण कार्य थालनी गरी आठ वर्ष लगाएर १२७९ मा पूर्ण गरिएको विवरण पाइन्छ । त्यस बेलाको सामन्ति शासकवर्गले शाक्यमुनिको अस्थिधातु राख्न र त्यसको पूजा गर्न श्वेतचैत्यको स्थापना गरेको थियो । यस श्वेतचैत्यको निर्माण कार्यमा त्यसबेला चीनमा आएका नेपालका विभूति कलाकार अरनिकोको हात रहेको वर्णन छ । गगनचुम्बी, शानदान र भव्य रुपमा उभिएको त्यो श्वेतचैत्यको शैलीको मौलिकता नेपालको बौद्ध महाविहारबाट प्रभावित भएको छ र श्वेतचैत्यले चीनको बौद्धचैत्यको शुरुआतको प्रतिनिधित्व गरेको छ । श्वेतचैत्यको मचानको क्षेत्रफल १४२२ वर्ग मिटर छ अग्लाइ ५०.९ मिटर छ । त्यसको कमलाकार ९ मिटरको छ भने छत्रको घेरा ६.७ मिटर छ । तामाका ३६ वटा झल्लरले त्यो छत्र बनेको छ र हरेक झल्लरमा तामाको एक एक घण्टी झुण्डयाएको छ । घण्टा युक्त छत्रमाथि देदिप्यमान सुनको गजूरको अग्लाई ४.२ मिटरको छ चिनीयाँ जनताको बीचमा (प्राचीनकालदेखि) नै रहि आएको परम्परागत



Downloaded from http://dhamma.digital/

मितेरी सम्बन्धको प्रतीक स्वरुप उभिएकै छ । सन् १९६१ मार्च ४ तारिखका दिन चीनको राज्य परिषद्ले म्याउमिंग महाविहार चीन भरिका महत्वपूर्ण रुपमा संरक्षण गर्न पुरातात्विक सम्पदमहरुमध्ये एक हो भन्ने कुरालाई प्रस्तुत गरेको छ ।

श्वेतचैत्य चिनीया जनतामा कतिको भिजिएको रहेछ भन्ने कुरा यस सम्बन्धी अनेक लोककथाबाट स्पष्ट हुन्छ । सधैं पानि निस्केर तातू (पेइजिङ) लाई जलमग्न बनाउने सम्भावना रहेको समुद्रको प्वाल टाल्न यो अजङ्गको चैत्य अरनिकोले बनाएको लोककथा अति रोचक छ । छाया नहुने यो चैत्यको (पाइथा यङइयम्) बारेमा लोककथाबाट प्रस्तुत वास्तुकलाको विशेषतातिरको संकेत सारै महत्वपूर्ण छ । सम्राट्को शासन सुदृढ गर्न प्रतीकको रुपमा प्रभाश्वर भएको प्रकाशको पुजं रक्षागर्न यो श्वेतचैत्य बनाइ प्रकाश छोपेको लोककथाबाट ज्योतिरुप स्वयम्भू निर्माण गरेर ज्योतिपुजं छोपेको धारणाको याद दिलाउँछ ।

श्वेतचैत्यको गर्भ फुलेर आई फुट्न लागेको र जनताको अनिष्टको आशंका राजा कहाँ बिन्ती जाहेर गर्दा नेपालबाट आएको कलाकार अरनिकोको कलाकृति जगैदेखि पुनर्निर्माण गर्न मिल्दैन भन्ने तर्क दिइएको कुरा जति घटलाग्दो छ, चैत्यगर्भ फुटेको खण्डमा हुने आशंका बारे चमेना पसल पसलमा समेत चर्चा भएको र चमेना गृहमा देखा परेको एक वृद्धले फलामे पटुका बाँधेर फुट्न लागेको चैत्यगर्भ स्वात्तै कसिएर पूर्ववत् गरेको लोककथाको विवरण सारै आनन्ददायक छ ।

अरनिकोको जीवनचरित्र बारेमा भनिएको छ, अरनिकोको कलात्मक कुशलता र प्रशासनिक क्षमता देखेर उनलाई भिक्षुत्वबाट गृहस्थ बनाइ दिए । उनी “ल्यू ताइफु” र “नाशा फु ” जस्ता स्तरीय पदबाट समेत विभूषित भए । सम्पूर्ण देशको निर्माण विभागको उच्च पदमा आशीन भए । उनको मुत्यु हुदाँ उनका छः जना छोराहरु थिए । सियाङ श्वह गाउँको नजीक युयान पीगं जिल्ला पैइचिङ्गको चिहानमा भएको अभिलेखमा उनका छोराहरुलाई आसेनको, आसुला, आन्युको, आपोर्का, आकाउमे, आचिल भनिएको छ । चीनमा मरेको मानिसलाई उसको योग्यता अनुसार उपनाम दिने चलन छ र उनलाई “मिंग हाइ” पैत्युत्पन्नमति (प्रतिभाशाली) भन्ने उपनाम दिइएको छ । उनको समाधिमा उनको देहावसानको सातौं दिनमा विशिष्ट रुपमा क्रिया गरेको तथ्यबाट नेवार जातिको “न्हेनुमा” राख्ने रीतिलाई याद दिलाउँछ ।

श्वेतचैत्यप्रतिको चिनीया जनमानसमा परेको प्रभावको ज्वल्लन्त उदाहरण हो, सास्कृतिक क्रान्तिको ज्वाला श्वेतचैत्यमा पुग्न नसकेको । श्वेतचैत्यको सम्भार सम्बन्धी पुरातत्व्विद बू मेनमिल्ले ठीकै भन्नु भएको छ, “श्वेतचैत्य चिनीया र नेपाली जनता बीचको विकसित मित्रताको नासो हो ।”

श्वेतचैत्यको पेटी, गर्भगृह, हरमिका, त्रयोदश भुवन र अमलक आदिको मात्र नेपाली चैत्य शैलीसंग श्वेतचैत्यको तादात्म्य सम्बन्ध देखाउँदैन, यसको मूलमा रहेको योसिँ, त्यही प्रदर्शनमा राखिएका देवदेवीका मुकूटहरु, रञ्जना लिपिका अभिलेख पछिका मूर्तिबाट दुई देश बीचको कला, वास्तुकला, चित्रकला र धार्मिक आस्था आदिमा समेत एकात्मभाव दर्शाउँछ । आजकाल श्वेतचैत्य दर्शन गर्न पर्यटकहरु थुप्रैछन्, तर जब ती पर्यटकहरु मध्येमा कोही नेपाली पनि छन् भन्ने थाहा पाइन्छ श्वेतचैत्यको रेखदेख गर्न अथवा संग्रहालयका अधिकारीहरुको व्यवहार नै मैत्रको न्यानो वातावरणमा परिवर्तन हुन्छ । चियापान गराउने र प्राप्य पर्चा पुस्तिकाहरु उपहार रुपमा दिन उनहिरु रुपमा दिन उनीहरु अगाडि बढ्छन् ।



Downloaded from http://dhamma.digital/

अरनिकोले ११ मार्च १३०६ का दिन अनित्य देह त्यागे तर चीन र नेपालको सास्कृतिक सेतु रुपमा उनि सधैं प्राणवान् नै हुनुहुन्छ । अरनिको हाम्रो राष्ट्रिय विभूतिहरु मध्येमा एक हुनुहुन्छ । उनको सम्भनामा ६६६ वर्ष पछि सञ्चार मंत्रालय श्री ५ को सरकारले श्वेतचैत्य र उनको मूर्त चित्रसंगै डाक टिकट प्रकाशन गरेको छ ।

**(आनन्दभूमि : १५/७ : वि.सं. २०४४)**

## अजन्ताको चित्रकला यसो हेर्दा

अजन्ताका २९ वटा ढुंगे गुफाहरु एक पछि अर्का हेर्द जादाँ हामीलाई बौद्ध वास्तुकला, मूर्तिकला र चित्रकलाको सागरमा पहिलो पल्ट पौडी खेलिरहेको जस्तो अनुभव हुनेछ । जब बौद्ध श्रद्धा र प्रज्ञाका दुबै हातफैलिय हामी डुब्की लगाउँछौ तब हाम्रो अंजुलीभरि अनमोल मोतिहरुको हुनेछन् । अनि पुण्यबाट सफा, सेतो र शुद्ध ती चम्केका मोतिहरु माला उनेर लगाउन सके हामी निः क्लेशी भएर परम शान्तिको अनुभव पनि गर्न सक्नेछौं ।

यहाँ अजन्ताको चित्रकलाको विषयवस्तु बुद्धजीवनी र जातक कथा बारेमा यत् किंचित् वर्णन गर्दछु, त्यो पनि कलाको महत्व र चित्रकलाको ऐतिहासिक विकास क्रमको दृष्टिबाट हौइन, अपितु क्रमशः आजको अजन्ता दर्शन गर्द जाने आजको उपलब्ध बाटोको क्रमबाट अजन्ताको गुफा विहारको भित्तामा, शिलिंगमा र स्तम्भहरुमा भएका चित्रहरुले हामीलाई बुद्धको सन्देश सुनाइरहेको दृष्टिबाट र बोधिसत्वको आयामबाट आदर्श देखाइरहेको रुपमा हामी जहाँ मानिसको प्रवृत्ति र संसारको प्रकृति अजन्ताको चित्रमा नाचिरहेको देख्दछौं त्यही आसपासमा माटो, रुख, विरुवाको, काठपात र जड अनि ढुंगाको धुलो रंगबाट बनेको दुई हजा वर्ष अगाडिदेखि तेह्र शय वर्ष अघिसम्मका चित्रहरु आजसम्म रहिरहनु रंग विज्ञानको कुरा कम महत्वको कुरा होइन । गोबर, भूस, ढुंगाको धुलो र माटाको आधा इञ्च जतिको लेप लगाई सकेपछि त्यसमा सेतो चुनको पातलो वज्रलेप लगाइकन चित्रित गरिएका अजन्ताका चित्रहरबाट हाम्रो घर दैलोमा विवाह, व्रतवन्ध, बहालपूजा, वृद्धहरुको जंको आदि पर्वमा पंचबुद्धको चित्रका साथै पूर्ण कलश र हरियो सुगाडि लेख्ने चित्रकला शैलीको संस्मरण गराउछँ ।

अजन्ताको पर्वत श्रंखलाको किनारामा नै रहेको गुफा विहार यस्तो चित्रमय छ कि, त्यहाँ हामी चित्र नभएको ठाउँमा एउटा औंलाले छुन खोजे पनि त्यहाँ हामी चित्र नभएको ठाउँमा एउटा औंलाले छुन खोजे पनि त्यहाँ ठाउँ पाउन गाह्रो हुन्छ । भित्ता, शिलिंग र स्तम्भहरु समयको प्रभाव र सम्भारको अभावको कारणले गर्दा अस्पष्ट भइसकेका छन् तापनि चित्रकलाको सजीवताको उदाहरण प्रस्तुत गर्न कैयौं चित्र आज पनि सशक्त छन् । मुकूट लाएका बोधिसत्व हेर्द रहँदा हाम्रो हृदय करुणा र प्रमबाट आल्हादित हुन्छ । कमलको फूल लिनुभएका बोधिसत्वको दाँया हात हेर्दा हेर्द हामी श्रद्धा विभोर हुन्छौं । यसै गुफा विहरमा रहेको अवलोकितेश्वरको मुकूटमा हामी ध्यान बुद्ध अमिताभको प्रारम्भिक रुवस्प देख्दछौं । शायद पद्मपाणि बोधिसत्वकै प्रारम्भिक स्वरुप देखाउने यो पहिलो चित्र हो । कमल फूल लिनुभएका पद्मपाणि बोधिसत्वको भन्दा विलंक्षर प्रभावको आँखा भएका अवलोकितेश्वर अवलोकनगर्दा संसारका दुः खी प्राणीहरु प्रति हाम्रो हृदय करुणातुर हुन्छ । बोधिसत्वको नजिक भएका पुरुष चित्रको मुखमुद्रामा आश्चर्यजनक श्रद्धा देखिन्छ भने महिला चित्रमा श्रद्धा र भक्तिको विनम्रता देखिन्छ ।

बुद्धजीवनी संग सम्बद्ध चित्रहरुमा राजदरवारको दृश्य र सिद्धार्थको महाभिनिष्त्रःमणको दृश्यहरु स्पष्ट छन् । सिद्धार्थको बुद्धत्व-प्राप्ति पूर्वको चित्रहरुमा मार पुत्रीहरुको सौन्दर्यमा जति सम्प्रभुता छ,



Downloaded from http://dhamma.digital/

त्याति नै शिष्टताको उच्चतम अभिव्यक्ति छ । स्थूल उन्नत स्तन, विस्तृत नयन अनि विचित्र विचित्रका अेश विन्याश अजन्ताको  त्यो विशेषता हो, जसले युग युगसम्म पनि यस शैलीको प्रदर्शनले पनि यसलाई कसैले उछिन्न सकिएको छैन । यस गुफा विहारमा चित्रित गरिएका दुई सुन्दरीहरुलाई जनपद कल्याणी र उनकी सखी भन्ने गरेता पनि घडाबाट पानी खन्याइरहेको दृश्यबाट भने वाङमयका कथासंग तादात्म्यक सम्बन्ध राख्दैन अपितु आनन्दलाई अछूत कन्याको पानी दान प्रसंगको स्मरण गराउँछ । बुद्धजीवनीसंग सम्बद्ध अर्का चित्र हो, बुद्धद्वारा श्रावस्तीमा ऋद्धि प्राप्तिहार्य प्रदर्शन ।

यस गुफा विहारको भित्तामा भएका जातक कथा सम्बन्धी चित्रहरुबाट जातक कथा त भन्दछ नै साथै कथाको कुन अंशलाई चित्रकारले प्रमुख वस्तु बनाएको छ, त्यो पनि विचारणीय छ । चित्रमा भएका भेष-भूषा र भाव-भंगिमाबाट त्यस बेलाको समाजलाई छर्लग देखाउँछ । तराजु, राजा र परेवाको चित्र संयोजनबाट “सिविजातक” लाई जीवित तुल्याएको छ । शंखपाल नागराजाको धर्म-श्रवण, शंखपाललाई सपेराहरुबाट दिइरहेको दु: ख कष्टका चित्रहरुबाट हाम्रो मनमा “संघपाल जातक” को अमिट छाप लगाइदिन्छ । कथा सुनिरहेकी एक महिलाको चित्र हेर्दा हेर्द हाम्रो मुखबाट भनि हाल्नेछ कस्तो सजीवता ! महाजनकको अभिषेक पूर्वको स्नान र राजकीय सुख ऐश्वर्य, शिवलीले महाजनकलाई सांसारिक सुखमा आकर्षिक गरिरहेको , महाजनक हात्ती चढीकन धर्म उपदेश सुन्न गइरहेको , पछाडिबाट राजवैभव नत्याग्न आग्रह गर्दा पनि महाजनकले एकान्त वासका लागि दृढ प्रतिज्ञा गरेको, अन्नतः महाजनकको वैराग्य-निर्णयबाट शोकाकूल शिवली र उनका स्वजनहरुको शोक विह्वल मुखमुद्राबाट हाम्रो मुटुमा “महाजनक जातक” गहिरो गरी कुडिँदिन्छ । चम्पेय नागराजा र वाराण्सी राजा, चम्पेयसंगै तलतिर बसिरहेकी सुमना र नागिनी विशेषतः नागलोक पुग्नु भन्दा अघि हात्तीबाट ओर्लिरहेको वाराणसी राजा र चम्पेय नागराजाको चित्रबाट “चम्पेय जातक” स्पष्ट गर्छ । सपेराले सर्प रुपका चम्पेय नागराजालाई वाराणसी राजाको दरवारमा नचाउन लग्यो । चम्पेयको जहान नागिनीले राजामा बिन्तिभाव गरी  चम्पेयलाई मुक्ति दिलाइन् । अनि वाराणसी राजालाई कृतज्ञता स्वरुप नागलोकमा लगेर सेवा गरिन् । राजालाई उपहार सहित वाराणसी फर्काइन् । यस नागलोक र मनुष्यलोकको कुरालाई चित्रकारले नागको फन प्रभामण्डल जस्तो लगाएका मानव रुपमा चित्रण गरेको छ ।

अजन्ताको यस पहिलो गुफा विहारको शिलिंगमा थुप्रै प्रकारका चित्रहरु छन् । हासँहरु, रुख बिरुवामा बसिरहेका हाँसका बच्चाहरु, महिष टाउको भएको मानव-आकृति, आधा जिउ मानिस भएर तल्लो आधा शरीरांश चरा चुरुंगी भएका आकृतिहरु, बाजा बजाइ रहेका किन्नरहरु, गोरु, कमलको फूल, हात्ती, पुड्के पुड्की पुरुष स्त्री, विदेशी (पर्सियन्) भेष भूषका मानिसहरु यहाँका शिलिंगका चित्रहरु उल्लेख देखिन्छ ।

दोश्रो गुफा विहारमा पनि बोधिसत्व, बुद्धको जीवन-चरित्र र जातक सम्बन्धी चित्रहरु छन् । राजा शुद्धोदन र महामाया उच्च आसनमा बसिरहेको अनि यता तिर बसेर महामायाको स्वप्न फल वर्णन गरिरहेका ब्राह्मणहरु, दायाँ तिर बायाँ खुट्टा भुईमा टेकेर पछाडि तिर उठाइ राखेको बायाँ खुट्टा स्तम्भमा टिकाइ रहेकी र बायाँ हातको चोर औला र बुढी औला जोडेर केही विचार गरि रहेकी महामाया, नजिकै एउटा पुरुष उभिरहेको र अर्का चाहीँ माथि हेरिरहेको चित्र समूहबाट लुम्बिनीमा सिद्धार्थको जन्म-प्रसंगको याद दिलाउँछ । सात पाइला चालिरहेको शिशु सिद्धार्थ, श्रावस्तीको ऋद्धि प्रातिहार्य चित्र संगै भएका थुप्रै धर्मचक्र मुद्रका चित्रहरु हेर्न लायकको छ । यी धर्मचक्र मुद्राका



Downloaded from http://dhamma.digital/

चित्रहरुमा दुबै हातका हत्केलाहरु छाति निर भएता पनि औंलाका मुद्रा चाहिँ फरक फरक प्रकारका छन् ।

दोश्रो गुफा विहारमा कमल-पोखरीमा हाँस समाउन गइराखेको, सिंहासनमा स्वर्ण हंस बसिरहेको, वाराणसीका राजदम्पत्ति स्वर्ण हंसको उपदेश सुन्न बसिरहेको, हंस बोधिसत्व मानरुपमा चित्रित गरिएका चित्रहरुबाट “हंस जातक” मा सजीवता दिन्छ । विधुर पण्डितको जातक चित्रण यस गुफा विहारको अर्का आकर्षक चित्र समूह हो । नागकी छोरी इरंदती राजमहलमा पिंग खेलिरहेकी, नौकर पूर्णाक आइकन उसको अगाडि उभिरहेको छ । यहीँ नाग नागिनीहरु कसरी विधुर पण्डितलाई नागलोकमा ल्याउने भन्ने बारेमा छलफल गरिरहेको हुन्छ । अर्का चित्र समूहमा विधुर पण्डितले धर्मचक्र मुद्रामा नाग दम्पतिलाई उपदेश दिइहेरेको छ भने नाग-दम्पति हात जोडेर अनिमेष आखाँले विधुर पण्डितमा हेरेर उपदेश सुनिरहेका छन् । यता विधुर पण्डित पछाडितिर नागपुत्री इरंदती र यक्ष सेनापति पूर्णाक बसिरहेकम छन् । माथितिर आमा छोरी वार्ता गरिरहेको चित्र छ भने बार्दलीमुनि कोठामा अरु दुईजना धर्मदेशना बारे कुरा गरिरहेको चित्र छ । यी चित्रहरुमा पनि पाचँ नागहरुको फन्दा प्रभामण्डल जस्तो लाएका मानव चित्रबाट स्पष्ट गरेका छन् । यस गुफा विहारको अर्का उल्लेखनीय चित्र “खन्तिवाद जातक” का चित्रहरु छन् । आफ्ना आमा बाबुको देहावसान पछि सबै धनसम्पत्ति गरीब दुः खीकमा बाँडेर प्रव्रजित भएका बोधिसत्व एक वन उद्यानमा बसिरहेको थियो । त्यही बेला नर्तकी आइमाइहरु लिएर एक राजा वन विहारको लागि आएको थियो । वन विहार गर्द थाकेर राजा जब निदाएको थियो उदेक मन भएकी ती आइमाइहरु यसो घुम्दै फिर्द त्यस ऋषि बोधिसत्व भएको ठाउँमा आई पुगिन् । तिनहिरु बोधिसत्व कहाँ उपदेश सुन्दै रहेकी थिइन । यता राजाको नीद्रा खुल्यो । तर त्यहाँ कोही पनि थिएन । राजा नर्तकीहरुले बोधिसत्वको उपदेश सुनिरहेको ठाउँमा आइपुग्यो । नर्तकहिरुले बोधिसत्वको उपदेश सुनीरहेको देख्दा राजालाई निक्कै रीस उठ्यो । राजाले सोध्यो, “तिम्रो वाद के हो ? ” “क्षान्तिवाद” राजालाई बोधिसत्वले जवाब दियो । हेरौंला तिम्रो क्षान्तिवाद हौइन र भन्दै खुट्टाहरु काट्न लगायो । फेरि सोध्यो,“अब तिम्रो बाद के हो ?” बोधिसत्वकले जवाब दियो - “क्षान्तिवाद भन्दै राजाले ऋषिको हात काट्न लगायो । फेरि सोध्यो,“अब तिम्रो बाद के हो ?” बोधिसत्वले जवाब दियो -“क्षान्तिवाद ।” राजाले क्षान्तिवाद होइन र भन्दै खुट्टाहरु काट्न लगायो । नाक र कान काट्न लगायो । परन्तु जत्ति शारीरिक कष्टदिएता पनि किंचित पनि क्रोध नगरी बोधिसत्वले आफू क्षान्तिवादी नै भएको कुरा बताए, अन्ततः राजा आफै कायल भए । साथै फर्कर जाँदा बोधिसत्वको आँखाले नदेखिने क्षेत्रमा पुग्ने बित्तिकै जमीन चिरेर राजाको पतन भयो । यस जातकको चित्रणका साथै यस गुफा विहरको सिलिंगमा पनि अनेक चित्रहरु, हरियो अनुहारका साथै राक्षसी दातं र नङ् भएको क्षपःको पूर्वरुप चित्र, कमलको फूल र राजहंसको चित्र, पूजा देवी, फूल बुट्टा सजाएको कण्डल र मण्डलको बाहिर चारै कुनाका युगल मूर्तिहरुको चित्र निक्कै राम्रो छ ।

राजमहलमा पिंग खेलिरहेकी, नौकर पूर्णाक आइकन उसको अगाडि उभिरहेको छ । यहीँ नाग नागिनीहरु कसरी विधुर पण्डितलाई नागलोकमा ल्याउने भन्ने बारेमा छलफल गरिरहेको हुन्छ । अर्का चित्र समूहमा विधुर पण्डितले धर्मचत्र मुद्रामा नाग दम्पतिलाई उपदेश दिइरहेको छ भने नाग-दम्पति हात जोडेर अनिमेष आखाँको विधुर पण्डितमा हेरेर उपदेश सुनिरहेका छन् । यता विधुर पण्डित पछाडितिर नागपुत्री इरंदती र यक्ष सेनापति पूर्णाक बसिरहेका छन् । माथितिर आमा छोरी वार्ता गरिरहेको चित्र छ भने बार्दलीमुनि कोठामा अरु दूर्यजना धर्मदेशना बारे कुरा गरिरहेको चित्र छ । यी चित्रहरुमा पनि पाचँ नागहरुको फन्दा प्रभामण्डल जस्तो लाएका मानव चित्रबाट स्पष्ट गरेका छन् । यस गुफा विहारको अर्का उल्लेखनीय चित्र “खन्तिवाद जातक” का चित्रहरु छन् । आफ्ना आमा



Downloaded from http://dhamma.digital/

बाबुको देहावसान पछि सबै धासम्पत्ति गरीब दुः खीमा बाँडेर प्रव्रजित भएका बोधिसत्व एक वन उद्यानमा बसिरहेको थियो । त्यही बेला नर्तकी आइमाइहरु लिएर एक राजा वन विहारको लागि आएको थियो । वन विहार गर्द थाकेर राजा जब निदाएको थियो उदेक मन भएको ती आइमाइहरु यसो घुम्दै फिर्द त्यस ऋषि बोधिसत्व भएको ठाँउमा आई पुगिन् । तिनीहरु बोधिसत्व कहाँ उपदेश सुन्दै रहेकी थिइन् । यता राजाको नीद्रा खुल्यो । तर त्यहाँ कोही पनि थिएन । राजा नर्तकीहरुले बोधिसत्वको उलदेश सुनिरहेको ठाउँमा आइपुग्यो । नर्तकीहरुले बमेधिसत्वको उपदेश सुनीरहेको देख्दा राजालाई निक्कै रीस उठ्यो । राजालाई सोध्यो, “तिम्रो वाद के हो ?” “क्षान्तिवाद” राजालाई बोधिसत्वले जवाब दियो । हेरौँला तिम्रो क्षान्तिवाद भन्दै राजाले ऋषिको हात काट्न लगायो । फेरि सोध्यो,“अब तिम्रो बाद के हो ?” बोधिसत्वले जवाब दियो -“क्षान्तिवाद ।” राजाले क्षान्तिवाद होइन र भन्दै खुट्टाहरु काट्न लगायो । नाक र कान काट्न लगायो । परन्तु जत्ति शारीरिक कष्टदिएता पनि किंचित पनि क्रोध नगरी बोधिसत्वले आफू क्षान्तिवादी नै भएको कुरा बताए, अन्ततः राजा आफै कायल भए । साथै फर्कर जादाँ बोधिरत्वको आखाँको नदेखिने क्षेत्रमा पुग्ने बित्तिकै जमीन चिरेर राजाको पतन भयो । यस जातकको चित्रणमा साथै यस गुफा विहारको सिलिंगमा पनि अनेक चित्रहरु रंगाएका छन् । विभिन्न वेष भूषाका मानिसहरुको चित्रहरु, हरियो अनुहारका साथै राक्षसी दातं र नङ् भएको क्षपः को पूर्वरुप चित्र, कमलको फूल र राजहंसको चित्र, पूजा देवी, फूल बुट्टा सजाएको मण्डल र मण्डलको बाहिर चारै कुनाका युगल मूर्तिहरुको चित्र निक्कै राम्रो छ ।

छैठौँ विहार-गुफाका चित्रहरु धेरै नै धुलमिलिसकेका छन् । ता पनि भित्र कोठामा मार-विजय र श्रावस्तीको ऋद्धि प्रातिहार्यको चित्रहरुबाट विषय वस्तु ठम्याउन सक्ने अवस्थामा विद्यमान छ । बुद्धको ठूलो चित्रको दायाँतिर घुडाँ टेकेर बसेको एक भक्त छ । त्यसको उचाँई बुद्धको घुंडा सम्मको छ । उसको दायाँ हातमा खोलिएको बिर्का भएको एउटा बट्टा छ, यो धूपबट्टा हुनु पर्दछ । उसले बायाँ आत उठाएर तीनवटा कमल फूलहरु समाइरहेकोछ ।

अजन्ताका गुफाहरु मध्येमा नवौँ-चैत्य-गुफा एउटा सारै पुरानो गुफा हो । यो ईसको पहिलो शताब्दीको गुफामा चित्रका दूई तहहरु छन् । पुरानो वा अघिल्लो चित्र राम्ररी नमेटिकन त्यसै माथि अर्का चित्र लेख्ने परम्परा रहेछ । प्रथम शताब्दीको चित्र माथि छैठौँ शताब्दीमा लेखिएको दूई भिक्षुहरुको चित्र विशेष उल्लेखनीय छ । यहीँ पछिल्ला चित्रहरु अेटेर पुरानो चित्रहरुको अध्ययन क्रममा नाग राजाहरुको चित्र पनि पाइएको छ । यी नागहरु धर्मश्रवण गर्न बसिरहेका हुन् । अतीत बुद्धहरुका चित्र र स्तूप पूजार्थ बसिरहेका अनुहारको चित्र विशेष उल्लेखनीय छ ।

दशौँ चैत्य-गुफा दूई शताब्दी इसवी पूर्वको गुफा मानिन्छ । चैत्यको दायातिर अगाडि वासिठी पुत्त र कटहारिको श्रद्धा अभिलेख यहाँ मेटिएको छ । यहाँ पनि पुरानो चित्र र त्यसमाथि फेरि चित्रित गरिएका नयाँ चित्रहरुबाट खपटिएको देखिन्छ । पुराना चित्रहरु इसवीपूर्वका भएकोले जहाँ महत्वपूर्ण छ, त्यहीँ बोधिवृक्ष र बोधिवृक्ष पूजा गर्न सेना, नर्तकी, संगीतकारका साथ आइरहेका राजपरिवारहरुको यो प्राचीन चित्र हेर्न लायकको छ । श्रद्धाबाट विस्फारित विनम्र आखांहरु र मयूरको कल्की जस्तो देखिने कपालको सजावट, कपालमा नै मयूरको लचक भएको केशविन्याश, सौम्य शान्त मुखमुद्राको चार पूजार्थीहरुको चित्र अहिले पनि स्पष्ट छ । यस गुफा चित्रका पुराना चित्रहरुमा “साम जातक” स्पष्ट देखिन्छ । बायाँ कुममा पानीको गाग्रो बोकीकन गइरहेको साम कुमार, आफ्नो परिषद संगै शिकारका लागि अघि बढी रहेको वाराणसी राजा, उलि यता वाणले सामलाई बिंढेकाले पश्चमतमप गरिरहेको राजा, आफ्ना कुटीमा आफ्नो छोरा साम समयमा नफर्ककोले चिन्तित भएका साममा अन्धा आमा र



Downloaded from http://dhamma.digital/

बुबा, साम फेरि स्वस्थ भएर उठेका चित्रबाट “सामजातक” पूरा गरिदिन्छ । यसको दायाँतिर छद्दन्त जातक चित्रिय भएको छ । यस चित्रमालाका धेरै चित्रांश अस्पष्ट भएता पनि छद्दन्तको हिमाली जीवन, केराको बोट, कमल फूलको पोखरी, महासुभद्रालाई कमल फूल दिइरहेको चित्रहरु गहिरिएर हेर्दा आज पनि स्पष्ट देखिन्छ ।

एघारौं गुफा-विहारमा चार जिउ एउटै मात्र टाएकोको तर जताबाट हेरे पनि मृगको पूर्ण रुप देखिने मृगसमूहको चित्र उल्लेखनीय छ । बोधिसत्वको ठूलो चित्रका दायाँ बायाँका मूर्तिसगैको चित्रहरु रंग उडेर झनझन धमिलाउँदै गएकोछ ।

साह्रौं गुफा-विहार अजन्ताका राम्रा गुफा विहारहरु मध्येमा एउटा गुफा विहार मानिन्छ । ईसाको पाँचौ शताब्दीको अन्ततिर वाकाटक राजा हरिशेणको मंत्री वराहदेवको श्रद्धा दानको अभिलेख यहाँ पाइएको छ । यहांका चित्रहरु सारै धमिलिएका छन् ता पनि महामाया देवी सुतिरहेकी, स्वप्नको फल वर्णन राजा शुद्धोदनलाई सुनाइरहेको, असित ऋषिको भविष्यवाणी, वप्प मंगलको बेला जामून वृक्ष मुनि सिद्धार्थले ध्यान गरेको, सिद्धार्थ विद्यालयमा गइरहेको, खेतमा जोत्ने गोरुको घांटीबाट रगत आइरहेको, सिद्धार्थले वृद्ध, विरामी, मृतक र संन्यासी तथा दिनको तातो पोल्ने घाममा खेतीको काम गरिरहेको देखेको, सिद्धार्थ बोधिसत्वको भिक्षाटन, सुजाताको क्षीर दान र तपस्सु भल्लिकको दान सम्बन्धी चित्रहरु पहिल्याउन सकिन्छ । त्यस्तै धेरै नै नोक्सान भएता पनि नन्दको कथा प्रसंगलाई इंगित गर्न चित्रहरु जति हेो पनि हेरौं हेरौं जस्तो लागिरहन्छ । दैलोमा टाउँको झुकाएर बसिरहेको मयूर दुः खी जस्तो देखिन्छ, पात सुकेर लत्रिएको केराको बोट, यसो अढेस लिइकन बसिरहेकी जनपद कल्याणी शोक विह्वाल देखिन्छ । एक परिचारिकाले अगाडि उभेर अर्का परिचारिकाले पछाडिबाट तिनलाई शान्त्वना दिइरहेको देखिन्छ । बुद्धको ऋद्धि प्रातिहार्यलाई यहाँ पनि कलाकारले चित्रित गरेको छ । हस्ति जातक, महाउमग्ग जातक र महासुतसोम जातकबाट पनि यो गुफा विहार सिंगारिएको छ ।

सत्रौं गुफा-विहार पनि वाकाटक राजा हरिशेणको अमात्यको दान हो । चित्रकलाको दृष्टिबाट यो विहार गुफा अत्यन्तै भव्य छ । भविष्यमा हुने मैत्री बुद्ध सहित यस भद्कल्पमा सात बुद्धहरु आ-आफ्ना (विभिन्न जातका रुखको) बोधिवृक्ष मुनि ध्यानस्थ देखिन्छ । धर्मदेशना, श्रावस्तीको प्रातिहार्य प्रदर्शन, संकाश्यमा अवतरण बेला बैह्मा र शंकरले दायाँ बायाँ बसी बुद्धमा छाता ओढाइरहेको, देवदत्तले दारु पिलाएर छोडिएको मात्तिएको नालागिरि हात्तीलाई बुद्धद्वारा दमन, यशोधराले राहुललाई अगाडि राखी भिक्षाटनमा आउनु भएको बुद्धसंग भेटीरहेको प्रसिद्ध चित्र पनि यही विहार-गुफामा छ । मपिलवस्तुको भिक्षाटनको चित्रमा बुद्धको दायाँ हातमा भिक्षापात्र छ । बायाँ हातबाट चीवरको टुप्पा समाइरहेको छ । पात्रको मुनितिर अलिकति अगाडि टाउको पर्न गरी उभिरहेकी यशोधराले राहुललाई दुबै हातबाट बुद्धतिर उन्मुख गराई रहेको स्पष्ट देखिन्छ । अनि यसरी राहुललाई अगाडितिर घचेट्दै बुद्धलाई हेरिरहेकी यशोधराको चित्रात्मक अभिव्यंजनलाई शब्दचित्रण दिन खोज्दा भाष नैलाटो भएको अनुभव हुन्छ । यशोधराको आखांको भाषा शब्दबाट अभिव्यक्तगर्नु सम्भव छैन, स्वयं चित्र नै आवश्यक छ । यस अतिरिक्त सत्रौं गुफा-विहारमा धेरै जातक कथाहरु चिबित गारएका छन् । ती मध्येमा छद्दन्त जातक, महाकपि जातक, हस्ति जातक, हंस जातक, विश्वन्तर जातक, सुतसोम जातक, सरभमृग जातक, मातिपोसक जातक, मच्छ जातक, साम जातक, महिस जातक, बलाहस्स (सिंहल) जातक, सिवि जातक, रुरु जातक र निग्रोध मृग जातक उल्लेखनीय छ । आफ्नो खोपिमा सुतिरहेकी रोगी जस्तो भाउ गरेकी रानीले छद्दन्त हात्ती मार्न लगाउन मन मनै गुन गुनिएको चित्र, छद्दन्तलाई समात्न गएका मानिसहरुको खाृजमा व्यस्त आँखाको हेराई, अनि छद्दन्त हात्तीको सुढं र दन्त देख्नै बित्तिकै रानी मरेको र राजाले



Downloaded from http://dhamma.digital/

रानीलाई यसो सम्हालिइ रहेको चित्रण यस छद्दन्त जातक चित्रमालामा छ। ढोका र झ्यालको बीचको रिक्त ठाउँमा चित्रित महाकपि जातकमा ज्यान बचाउन पारी बनमा जान आफ्ना स्वजन बान्दरहरुका लागि बोधिसत्व महाकपिले यता वारीको रुखमा पुच्छर बाँधेर उता पारीको रुख दूई हातले समाइकन आफुलाई झोलुङ्गेपुल जस्तो गरेको र ज्यान जोगाउन पारी पुगिरहेको बान्दरहरु अनि राजा र राज सैन्य सहितको राजपरिषद्रको चित्रणबाट महाकपि जातकलाई स्पष्ट्याएको छ । दैलोको छेउ तिर भोकाएर हिंडिरहेका हात्तहिरुसंगँ हस्ति जातक चित्रित गरेको छ। आकाश तिर उन्मुख भइ उडिरहेका हंसहरु, कमलको पोखरीमा दूई राजहंसहरु, वाराणसी रानी खेमाले बोधिसत्व हाँसबाट कथा सुनिरहेको चित्रबाट हंसजातक स्पष्ट गरेको छ। विश्वन्तर जातकको चित्रमा विश्वन्तरले मंगल हस्ति दान गरेको अनि राजकुमारलाई देश निकाला गरेको खबर सुनेर दायाँ हात चिउंदोमा राखिकन बायाँ हात पृथ्वीमा टेकेर बसिरहेकी अत्यन्त गहन चिन्तामा डुबिरहेकी मद्दीदेवीको चित्र साह्रै नै गहन र मर्मस्पर्शी छ। विश्वन्तरुे आफुलाई देशबाट निर्वासनको दण्ड दिएपछि आफ्ना छोरा र छोरी र रानी साथै राजदरवारबाट निस्की रहेको र ब्रमह्मणहरु यहाँ पनि दान लिन आइरहेको यो दृश्य घरेको झ्यालबाट हेरिरहेको चित्रण साह्रै मार्मिक छ । जुजुक ब्रमह्मण राजा संजयको सामुन्ने पुग्ने गएको, अनि ब्रमह्मणद्वारा दयनीय भावबाट राजामा सफाईको लागि बिन्ति गरिरहेको चित्र हेर्न लायकको छ । सुदासको राज्याभिषेक, सुदाय शिकारमा गएको, सिहंनीले सुतिरहेको सूदासको पाइतल्ला चाटिरहेको, सुलीमा राखी मारेको, मान्छेको छाला काटिरहेको, मानिसको मासु पकाइरहेको, सुदासलाई ख्वाइरहेको, नर मांस खान पल्केको सुदासलाई त्यो अमुनष्य स्वभाव छाड्न नसक्ने भई बरु जंगलमा नै जान स्वीकार गरेकाले सूतोसोम बोधिसत्वले सुदासलाई बोध गरिरहेको जातकीय अभिव्यक्ति चित्रकारले राम्ररी चित्रण गरेको छ। शिकारी वाराणसी नरेश जंगलको ठूलो खाल्टोमा खसेको अनि सरभंग मृगको त्यस खाल्टोमा ढुंगा बिस्तारै खसालेर खाल्टोको गहिराई कम गरेको, त्यस पछि आफू खाल्टोमा गइकन राजालाई उचालिएर खाल्टोबाट निकालिएको चित्र र यस पछिको घटनाक्रम चित्रपट्टबाट स्पष्ट्याउन सकेन । चित्रको दायाँ तिर मच्छ जातक चित्रित गरेको छ भने मिग जातकको मुनितिर मातिपोसक जातकको चित्र छ। समातेर लगिकन राजदरवारको हस्तिशालमा मीठो मीठो दाना दिएता पनि जंगलमा आफ्नो आश्रयमा निर्भर अन्धी आमाको सम्झनामा दाना नखाई रोईरहेको मातिपोसक हात्तीको चित्र साह्रै हृदयस्पर्शी छ । राजा आफै आईकन हात्तीलाई ख्वाउन कोशिश गर्दा पनि असफल भए पछि राजाले त्यस हात्तीलाई छाडी दियो । हात्तीले जंगलमा पुगी अन्धी आमालाई नुहाई दिए । आमा बुबा बोकिरहेको साम, घडा लिएर पोखरीबाट पानी लिन लागेको साम, आफ्नो धनुषको वाणबाट मूर्च्छित सामलाई राजाले अगिरहेको र सचेत भईसकेपछि सामले राजालाई उपदेश दिइरहेको चित्रक्रमबाट साम जातकको मातृ सेवा प्रेरणा दिन्छ । रुखमुनि बसिरहेको महिस बोधिसत्वमा रुखमाथि बसेको बाँदरले हगि दिएता पनि केही भएन, तर त्यस्तै एक महिस (राजा) लाई हगि दिन्दा मौका छोपेर त्यो बाँदरलाई मारिदियो। एउटा महिरको आँखामा क्रोध देखाई राखेको र अर्कातिर मरेको बाँदरले बोधिसत्व महिसको आँखातिर हात राखेको चित्र चित्रण गरिकन अजन्ताका चित्रकारले चित्रमा नै क्रोध र सहिष्णुताको तुलनात्मक गहनता अभिव्यक्त गरेको छ। यसै गुफा विहारमा भएको एउटा अर्का जातक चित्रणलाई कसैले बलाहक जातक भनिएको छ त कसैले यसलाई सिहंल जातक भनेको छ । कोठामा एकातिर सुन्दरी आईमाई र अर्कातिर कपाल फैलाएका आफ्नो ठूलो मुख बाएको राक्षसनीको चित्र छ। सुन्दरी आईमाईसंग लसिएको लोग्ने मान्छेको चित्र चिन्न नसकिने गरी बिगरी सकेको छ । अनि बोधिसत्व यक्षणीहरुको जालबाट मुक्त भएर यी यक्षणीहरुमाथि विजयी भइसकेपछि राजा बनाउन हात्तीमा राखेर सिन्दूर यात्रा गरेको चित्रबाट यो कथा नेपालको सिंहलसार्थबाहुको कथा जस्तो लाग्छ । भेषधारी अन्धो याचक ब्राह्मणलाई राजा शिविले आफ्नो आँखा दान गरेको शिवि जातकको आखाँ दान, यस दानबाट शोकाकूल भएकी आईमाईहरु, शक्रले अन्ततः आखाँ फिर्ता दिएर राजालाई अघि जस्तै आखाँबाट हेर्न



Downloaded from http://dhamma.digital/

सक्ने अवस्थामा ल्याउँदा सबै मानिसहरु हर्षले गद्‌गद् भएको यस गुफाको चित्र हेर्न लायकको छ । पुनः नेत्रज्योति पाएको शिवि राजाको सामु नाच्दै आइरहेकी दुई नर्तकीहरुको गतिमा अझ पनि नृत्य गति तरंगित भएको छ । यस गुफाभित्रको रुरु जातकका धेरै चित्रांश अस्पष्ट भइरहेको छ । तापनि बोधिसत्वले महाजनपुत्रलाई बचाएको र राजाले बोधिसत्व रुरुलाई रथमा राखेर ल्याएको दृश्यबाट जातकलाई स्पष्ट गर्न सजिलो भएको छ । राजाका भान्छामा रहेको मृग-वद्ध गर्न ठाउँमा प्राण उर्त्सग गर्न आएको सुवर्णमय निग्रोध मृग, घुंडा टेकिरहेको मान्छे, अनि सिंहासनमा बसेर राजालाई उपदेश दिन लागिरहेको चित्रपटबाट बोधिसत्वको परार्थ आफ्नो प्राण सत्सर्ग गर्न आदर्श स्पष्ट गरेको छ । जातकको चित्रणमा यो गुफा-विहार जति महत्वपूर्ण, त्यति नै यहांको शिलिंग चित्र पनि आकर्षक छ । टाउकोदेखि अर्द्धाशसम्म मानिस र त्यसपछि चरा भएका किन्नर, आधा शरीर मात्र देखिने गन्धर्व, टाउको बोकाको जस्तो शरीर ड्राय्‌गन जस्ता प्राणी, विभिन्न प्रकारका फूलबुट्टाहरु भएको यो गुफा-विहारबाट हामीलाई चित्रकलाका लागि अनेकौं आदर्श र नमूना प्रदान गरिरहेको छ ।

**(२५३७ बुद्धजयन्ती स्मारिका)**

## चीनको चार हजारभन्दा बढी बौद्ध गुफाहरु जहाँ असख्य चित्र र असख्य बुद्धमूर्तिहरु छन्

बुद्धधर्म जहाँ जहाँ मानिन्छ । त्यस त्यस देशको सभ्यता र संस्कृतिको उत्थान गर्न बुद्धधर्मले ठूलो मद्दत पुर्‍याएको छ । रेशम मार्ग (Silk Road) बाट चीनमा इसवीका प्रथम शताब्दीमा बुद्धधर्म पुग्यो अनि धर्म सँगैसँगै पुगेको बौद्ध सभ्यता र संस्कृति मध्येमा यहाँको गुफा भित्रको उत्कृष्ट कला र वास्तुकलाको बारेमा अद्‌भूत तथ्यहरु यहाँ प्रस्तुत गर्न विचार गरेको छु । चीनको गुफभित्र रहेका कला र वास्तुकलाका विशालता, विविधता र विशेषताहरु साँच्चै भन्ने हो भने अजन्ता र एलोराको भन्दा कम छैन । नेपाली बौद्धहरु मध्ये धेरै अजन्ता र एलोरा पुगेका छन्, अनि त्यहाँका मूर्तिकला, चित्रकला र वास्तुकला हेरेर आश्चर्य भएका छन् । तर साँच्चै नै भन्ने हो भने चीनको गुफाभित्रको मूर्तिकला, चित्रकला र वास्तुकलाका बारे पनि केही जानकारी नलिई हुदैंन जस्तो लागेर "चीनका झलका" र "१२० बौद्ध गुफाएँ" पुस्तिकाको मुख्य तथ्यहरु यहाँ सम्पादन गर्न विचार गरें । अझ मुख्य तथ्यहरु मूर्तिकला, चित्रकला र वास्तुकलाको विकासक्रम उल्लेख गर्न विचारले नभई बरु कहाँ कति अग्लो मूर्ति र चित्रकलाको ठूलो ढुकुटी छ भन्ने कुरा मात्र यहाँ दर्शाउन खोजेको छुँ ।

१. शिनच्याङको पाएछङ काउन्टीको किजील जस्ता बस्तीबाट सात किलोमीटर दक्षिण पूर्वमा रहेको किजील गुफालाई "हजार बुद्ध गुफा" भनिन्छ । यहाँ २३६ वटा गुफाहरु छन् । चौधौं गुफाका बुद्ध-जीवनको चित्रण गरिएको छ । सत्रौं गुफाको सिलिङ्गमा बुद्धको ३८ वटा जीवन कथा सम्बन्धित चित्रहरु छन् । कूचा काउण्टीबाट ३० किलोमिटर दक्षिण-पश्चिममा रहेको वेइकान नदीको किनारामा ५ वटा ठूल-ठूला गुफाहरु छन् । अहिले पनि यहाँ स-साना ७२ वटा गुफाहरु बाँकी छन् र गुफाको भित्तामा चित्रहरु छन् ।

शिनच्याङको नै तूरफान शहरबाट ५० किलोमिटर उत्तरपूर्वमा पाएजी करीक गुफा समूह छ । यहाँ ६४ वटा गुफाहरु छन् । प्रथम शताब्दीदेखि चौधौं शताब्दीसम्मको चित्रकलाहरु धेरै बिग्रिसकेता पनि बुद्धका मूर्तिहरु भने राम्रै देख्न सकिन्छ ।



Downloaded from http://dhamma.digital/

२.  कानसू प्रान्तका आन्शी काउन्टीबाट ७५ किलोमिटर दक्षिण-पश्चिम ट्वीलिन नदीको दुबै किनारा छेउमा ४१ वटा गुफाहरुको लहर छ । १,००० वर्गमिटरको भित्तामा असंख्य चित्रहरु छन् र १०० वटा रंगीन बुद्धमूर्तिहरु पनि छन् । २५ वटा गुफाको स्वर्गनृत्य भन्ने चित्रहरु वास्तवमा विविध मुद्राबाट पूजा आराधना गरिरहेको दृष्य हेर्दा मनमा नै आनन्द र शान्तिको लहर उर्लन्छ । कानस प्रान्तकै अशान काउन्टीको उत्तर-पूर्वमा लाशाओ गुफा समूह छ, जहाँ ११ वटा गुफाहरु सुरक्षित छन् । यहाँ ५५९ इसवीमा बनाएको ४० मिटर अग्ला बुद्धमूर्तिको अवशेष छ ।

कानसू प्रान्तकै ट्वीकूतमा स्वायत काउन्टी नदीको पश्चिमतिर माफी गुफा सूह छ । यहाँ उत्तर माथी विहार, दक्षिण माथी विहार, चिन्या विहार, करुणादेवी विहार र हजार बुद्धका गुफाहरु छन् । कानसू प्रान्तकै युङचिङ काउन्टीबाट ५० किलोमिटर पशिचममा रहेको ह्वाङडो नदीको उत्तरमा पिङलिङ गुफाहरु मध्येमा १८३ वटा गुफाहरु अहिले पनि छन् । यहाँ ६७९ वटा ढुँगाका मूर्तिहरु, ८२ माटाका मूर्तिहरु ९०० वर्गमिटर ठूला भित्तामा चित्रहरु छन् ।

कानसू प्रान्तकै बुनाह्वाङ काउन्टीबाट २५ किलोकिटर दक्षिणपूर्वमा मोकाओ गुफाहरु छन् । गोथी रेगिस्तानको हरियो यस क्षेत्रमा ८ देखि १४ औं शताब्दीसम्मका गुफाहरु छन् । आज पनि यहाँ ४९२ गुफाहरु २००० वटा रंगीन मूर्तिहरु ४५,००० वर्ग मिटरमा फैलिएको भित्ते चित्रहरु हेर्न लायकको छ । १५९ औं गुफाको बोधिसत्व र बोधिसत्वको प्रतिमा शान्त दान्त भएर अति नै प्रभावशाली देखिन्छ । यी मूर्तिहरु चाङ वंश कालीन भनिन्छ । १७२ औं गुफामा अमिताभ बुद्ध सुखावति भुवनमा बसिरहनु भएको थाङयुगको चित्रण हो । २९६ औं गुफामा रेशम मार्गमा आउने जाने गरेको बेलाको सार्थवाहहरुको आउने जाने रहेको चित्र छ ।

कानसू प्रान्तकै थ्येन शहरको दक्षिणपूर्वमा माएचिशान पर्वत छ । यहाँ छिन राजदंश (३८५-४१३ ई) मा थुप्रै गुफाहरु बनाएको थियो । आजकाल १९४ गुफाहरुमा ढुंगा र माटोको गरेर ७,००० मूर्तिहरु र १,३०० वर्गमिटरमा फैलिएका भित्ते चित्रहरु छन् ।

आन्थ्वेको भिरालो लहाडमा बनाइराखेको शाक्यमुनि बुद्धको २३ मीटर अग्लो निर्वाण मूर्ति छ तर यो निर्वाण दुबै हात सीधा मूर्ति शरीरमा राखेर फैलाइएको छ अर्थात् प्रायः प्रचलित महापरिनिर्वाण मूर्तिहरु जस्तै दाहिने हात सिरानमा राखेको छैन । पछाडिको पृष्ठभागमा ११ जना भिक्षुहरु छन् ।

यही नै ह्वायेन, पीलु, य्वानच्वे हवाकुं असाध्य भव्य छ । यसको निर्माण सुङ राजवंशले गरेको हो । यहाँ रहेको वैरोचनका चित्र आज पनि स्पष्ट र सुन्दर छ ।

३.  यही प्रान्तका ३ सद्‌वाल प्रान्तका आनथ्वे काउन्टीका थाकि पहाडको फिलू भन्ने ठाउँमा नीलो रंगको बाँसबाट बनाएको दक्षिणी सुङ युगका अवलोकितेश्वरको भव्य मूर्ति छ । सछ्वान प्रान्तको नै क्वाङथ्वान शहरका अर्यच्यालिङ नदीको पूर्व म्याङथ्वानमा हजार बुद्धमूर्तिहरु अहिले पनि सुरक्षित छन् । यी गुफाहरु र मूर्तिहरु मध्ये धेरै जसो थाङ राजवंश कालमा निर्माण भएको थियो ।

यही नै प्रान्तको प्वाङथ्वान शहरको नजिक च्यालिङ नदीको पश्चिम छेउमा ह्वाङच गुफा समूह छ । भिरालो पर्वतको ३४ वटा गुफाहरु र मूर्तिहरु उत्तर पश्चिमी राजवंशबाट नियन्त्रण गर्छ र थाङ सुङ राजवंशले बनाएको थियो ।



Downloaded from http://dhamma.digital/

यही प्रान्तको ताचू काउन्टी केन्द्रबाट उत्तरपूर्व पाओ तिङ पहाडमा १३ वटा पर्वत लहरमा लाखौं मूर्तिहरु छन् । ताचू र पाओतिङ पहाडको पर्वतमा खोपिएका यी लाखौं मूर्तिको निमार्ण दक्षिणी सूङ राजवंश (११७९-१२४९ इ) कालमा बनाएका थिए । यही सछ्वान प्रान्तको लोशान शहरको लिङथुन भन्ने एउटा पहाड छ । यसै पहाडको मिनच्याङ, छिङच्याङ र तातू भन्ने ३ वटा नदीहरु मिलेर संगमस्थल भएको ठाउँ संसारको सबभन्दा अग्लो ढुंगाको खुट्टा तल झारेर बसिरहनु भएका सुखासनको बुद्धमूर्ति स्थल भएको छ । यो विशाल बुद्धमूर्ति थाङ राजवंशमा (इसवी ६१३ देखि ७०३ सम्म बिताएर) ९० वर्ष लगाएर बनाएको थियो । यो मूर्ति ६१ मीटर अग्लो छ । मूर्तिको शिर मात्रै १४-७ मीटरको छ, एक काँधबाट अर्का काँधसम्मको चौडाइ २४ मीटरको छ । शय जना जति मानिस खुट्टामा उभिएर बस्नलाई अट्टाउने ठाउँ छ ।

यही प्रान्तरको ताचू काउण्टीबाट उत्तर पश्चिममा परेशान पर्वतमा २९० वटा गुफाहरु छन् । थाङ पाँच र सुङ राजवंशमा बनाएका यी गुफाहरुमा २४५ वटा अमिताभ बुद्धका मूर्तिहरु छन् ।

४. चच्याङ प्रान्तको ताचू काउण्टीबाट उत्तर पश्चिममा परेशान पर्वतमा पाँच राजवंशमध्ये सुङ र खान राजवंशका ३८० बुद्धमूतृिहरु छन् । ४७ औं गुफामा तोलरो (चक्षु) बोधिसत्वको मूर्ति छ ।

५. यूनान प्रान्तका च्येनछ्वान काउन्टी केन्द्रबाट दक्षिणमा २५ किलोमिटर उचा शिचुङ विहार छ । यहाँ १६ वटा गुफाहरु छन् । यसको निर्माण मानचाऔं (७८३-९३७ ई) युगमा भएको हो । यहाँको अवलोमितेश्वरका मूर्ति अत्यन्त सुन्दर छ ।

६. ह्नान प्रान्तको लोपङ शहरको दक्षिणबाट १२ किलोमिटर टाढाको इहो नदीको दुबै किनारमा लुङमन गुफा समूह छ । वेउ राजव.श (४९४ इ.) मा यसको निर्माण शुरु भएको थियो । यसको निर्माण कार्य १००० वर्षसम्म चलिरहेको थियो । आजकाल २१०० वटा खोपी जस्तो खाल्डो छ । यहाँ एक लाख बुद्धमूर्तिहरु छन् । थनफङ् श्येन विहारमा थाङे राजव.श (६७२ ई) मुख्य बुद्धमूर्ति १७.१४ मीटर अग्लो छ । मूर्तिको चारैतिर उस्तै अग्लो बुद्धका शिक्ष्यहरुका मूर्तिहरु बनाएको छ । त्यस्तै कुनै ठाउँमा पहलवान (धर्मपाल) छ भने कही बोधिसत्वहरु छन् ।

७. निङ् श्याथा कूथ्वान काउन्टीको पहाडको पूर्वमा श्वायीशान गुफाहरु छन् । अहिले पनि यहाँ थाङ वंशको २० वटा गुफाहरु सुरक्षित छन् । २०.६ मीटर अग्लो सुखासन बुद्ध पाँचौ शताब्दीका थाङ राजवंशका (मनन् योज्ञ) प्रशंसनीय कृति हो ।

८. हुपेइ प्रान्तको हानतान शहर नजिक फचफङ खान इलाकामा भ्याङ थाङ्शान गुफा समूह छ । यहाँ छैठौं शताब्दीका छी राजवंशमा १६ वटा गुफाहरु छन् । यहाँ ४३०० बुद्धमूर्तिहरु छन् ।

९. रोनशी प्रान्तका था आश्वेन काउँटी का या ओकङ शान पर्वतमा स्वेइ र थाङ राजवंशको पालामा बनाएका ७ वटा गुफाहरु छन् । यहाँ ४० वटा मूर्तिहरु छन् ।

१०. शानशी प्रान्तका ताथुङ शहरबाट पश्चिमबाट १६ किलोमिटर उत्ता पहाडमा पुनकाङ गुफा समुह छ । यसको निर्माण अर्थात् गुफा बनाउने कार्य उत्तरी बेइ राववशं (४५३ ई.) मा भएका हो । यहाँ आजकल ५३ गुफाहरु छन् । यस गुफाहरुमा ५१,००० बुद्धमूर्तिहरु आज पनि अवशेष रहेका छन् । यहाँका बुद्धमूर्तिहरु भिन्न भिन्न शैली र मुद्राको देखिन्छ ।



Downloaded from http://dhamma.digital/

यसरी चीनका गुफा, वास्तुकला, मूर्तिकला र चित्रकला बौद्ध कला र संस्कृतिको संसारकै अमूल्य निधि हो । अजंता एलोरा जस्तै यहाँ पर्वत खोपेर कोठा बनाएको मात्र होइन, अपितु सिङ्गै सिङ्गै पर्वत नै पर्वतहरु एक एक विशाल विशाल बुद्धमूर्तिहरु बनाएका छन् । असंख्य बुद्ध, बोधिसत्व मूर्ति, बौद्ध भिक्षु र बौद्ध देवदेवीहरुको मूर्ति र चित्रबाट यसका विशालता, विशेषता र भव्यता संसारमा नै अग्रस्थान राख्दछ ।

(२५४२ औं बुद्धजयन्ती स्मारिका ।
नेपाल भाषामा अनुवादक : श्रामणेर दीपकीर्ति)

Dhamma.Digital



Downloaded from http://dhamma.digital/